मानवका लागि मानवअधिकार

मानवअधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक पूर्णाङ्क १०२, साउन २०७९

सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक : एक समीक्षा

अनुसन्धानकर्ताहरू

विद्यार्थीहरू

विद्वत वर्ग

कार्यकर्ताहरू

इन्सेक पुस्तकालयको प्रयोग गरौं।

मानवअधिकारसम्बन्धी सूचना र जानकारीका लागि

पुस्तकालयमा उपलब्ध मानवअधिकारसँग सम्बन्धित पुस्तक तथा प्रकाशनहरू

- बालअधिकार
- महिला अधिकार
- कानुन, अधिकार र राजनीति
- द्वन्द्व र शान्ति अध्ययन
- समाजशास्त्र
- सञ्चार
- अर्थशास्त्र
- पत्रपत्रिकाहरू
- प्रतिवेदनहरू
- फोटोहरू
- भिडियो क्लिप्सहरू

सुविधाहरू

- फोटोकपी
- इन्टरनेट
- कम्प्युटर

मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचारपत्र, जर्नल

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित

पत्र मञ्जुषा : २७२६ काठमाडौं

टेलिफोन : ५२१८७७०, फ्याक्स : ५२१८२५१, इमेल : prachi@insec.org.np

वेबसाइट : www.inse.org.np; www.inseconline.org

मानवका लागि मानव अधिकार

मानव अधिकारका लागि उपयुक्त संस्कृति

प्राची

संचेतना द्वैमासिक

वर्ष २५ पूर्णाङ्क १०२ साउन २०७९



संस्थापक
सुशील-प्रकाश

सल्लाहकार
सुबोधराज प्याकुरेल
डा. इन्दिरा श्रेष्ठ
विजयराज गौतम

सम्पादक
मदन पौडेल

व्यवस्थापन
शैलेश शर्मा

मुद्रक
भेराइटी प्रिन्टर्स, काठमाडौँ

- सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधित विधेयक : एक समीक्षा/ ***वसन्त गौतम*** ६
- द्वन्द्वपीडितको पीडाप्रति सरकार रमिते कहिलेसम्म ?/ ***सुमन अधिकारी*** ८
- २०४६ सालपछि नेपालमा महिला आन्दोलनका आयाम/ ***नारायणी देवकोटा*** १२
- स्थानीय तह निर्वाचनमा महिला सहभागिता/ ***गीता तिमल्सिना*** १५
- स्थानीय तहको निर्वाचन र मानव अधिकार/ ***यज्ञप्रसाद अधिकारी*** १८
- कर्णाली प्रदेशमा महिला मानव अधिकारको अवस्था/ ***कमलराज लम्साल*** २१
- स्थानीय सरकार : सुशासन र मानव अधिकारका दृष्टिमा/ ***गोपाल सञ्जेल*** २७
- अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षणमा स्थानीय तहको भूमिका/ ***निरा अधिकारी*** २९
- बालविवाहको असर : विवाह गर्ने उमेरमा भएका समबन्धविच्छेदले परिवारमा विखण्डन, बालबालिकाको बिचल्ली/ ***मिना बुढाथोकी*** ३१
- अन्तर्वार्ता : आम नेपालीले जति अधिकार प्रयोग गर्छन् त्यति नै अधिकार मानव अधिकारकर्मीले प्रयोग गर्ने हो/ ***मनोज दुवाडी*** ३५

नियमित स्तम्भ

- यथावत २
- सम्पादकीय ३
- इतिहासको पानाबाट ४
- सामयिक ५

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित
नागार्जुन नपा-१०, स्यूचाटार, पत्र मञ्जुषा : २७२६ काठमाडौँ
टेलिफोन : ०१-५२१८७७०, फ्याक्स : ०१-५२१८२५१
इमेल : prachi@insec.org.np, वेबसाइट : www.inse.org.np; www.inseconline.org

आगामी निर्वाचनमा स्थानीय तहका प्रमुख र उपप्रमुखको एउटा मतपत्र तथा वडा अध्यक्ष र सदस्यहरुको अर्को मतपत्र हुने व्यवस्था गर्छौं।

दिनेश थपलिया
प्रमुख निर्वाचन आयुक्त
https://inseconline.org/npy

विगत केही समयदेखि न्यायालयप्रतिको आस्था गिर्दै गएको छ। जुन अडियो सार्वजनिक भएको छ । त्यसको सत्यतथ्य खोजबिन गर्दैछौं। कति ठीक, कति बेठीक भनेर छानबिन गर्न समिति नै गठन गरिएको छ।

गोविन्दप्रसाद कोइराला,
कानुन, न्याय तथा संसदीय मामिलामन्त्री
nayapatrikadaily.com/news-details/89358/2022-06-23

सर्वोच्च अदालतको फैसलामा कम्तीमा चार ओटा घटनामा आममाफी दिन सकिँदैन भनिएको छ। त्यसमध्येको एउटा हत्या हो। यसले मानव अधिकार उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन भनेर दुई ओटा श्रेणी बनायो। मानव अधिकार उल्लंघनमा 'हत्या' लाई पनि राखियो। त्यस हिसाबले विधेयकको यो प्रस्ताव अदालतको फैसला विपरीत छ।

सुनिल पोखरेल
वरिष्ठ अधिवक्ता
https://www.himalkhabar.com/news/131241

सङ्क्रमणकालीन न्यायको समस्या द्वन्द्व पीडितको मात्रै किमार्थ होइन। यो गहन राष्ट्रिय समस्या हो। यसको वैध समाधानप्रति सत्ताधारी दलहरू र प्रतिपक्षीमा एक खालको हुटहुटी जाग्नुपर्छ।

राजु चापागाईं
अधिवक्ता
https://ekantipur.com/bibidha

कार्टून

साभार
राजधानी दैनिक

प्रिय पाठक !

तपाईंलाई प्राचीको यो अङ्क कस्तो लाग्यो ?
प्राचीमा कस्ता सामग्री आऊन् भन्ने तपाईंको अपेक्षा छ ?
कृपया प्रतिक्रिया लेख्न नभुल्नु होला।
email : prachi@insec.org.np

सम्पादक

स्थानीय तह निर्वाचनको महत्त्व

नेपालको संविधानले समयसीमा भित्र स्थानीय तहकको निर्वाचन सम्पन्न भई परिणाम पनि प्राप्त भएको छ। जनताको उत्साहपूर्ण सहभागितामा सम्पन्न भएको निर्वाचनले जनताको लोकतन्त्रप्रतिको आस्था र विश्वास उजागर गरेको मान्न सकिन्छ। निर्वाचनहरूमा ६७ प्रतिशत भन्दा बढी मतदान भएको निर्वाचन आयोगले जनायो।

आवधिक निर्वाचन लोकतन्त्रको बलियो आधार हो। निर्वाचनलाई लोकतन्त्रको महत्त्वपूर्ण घटनाका रूपमा लिइन्छ। जनताद्वारा निर्वाचित प्रतिनिधि मार्फत सरकार परिवर्तन हुने र आफूले निर्वाचित गरेका प्रतिनिधिमार्फत शासित हुने उन्नत व्यवस्था लोकतन्त्रमा विद्यमान हुन्छ। आवधिक निर्वाचनले समाजको परिवर्तन शान्तिपूर्ण तरिकाले हुन्छ। त्यसैले लोकतन्त्रलाई संसारको सबैभन्दा उन्नत राजनीतिक व्यवस्था मानिन्छ। नेपालको संविधानमा उल्लेख गरिएका अधिकार प्राप्तिका लागि नागरिकले ठूलो बलिदान, त्याग र लामो सङ्घर्ष गरेका छन्। २००७ सालदेखि जनताका प्रतिनिधिले संविधान लेख्ने र सो संविधान अन्तर्गत शासित हुने जनअपेक्षा थियो।

यो निर्वाचनसँगै नेपालको संविधान कार्यान्वयनको दिशातर्फ मुलुक अगाडि बढ्ने आमअपेक्षा रहेको छ। स्थानीय तह निर्वाचनपछि प्रदेश र संघीय निर्वाचनतर्फ मुलुक अगाडि बढेको छ। संविधानको पूर्ण र प्रभावकारी कार्यान्वयनको प्रमुख सिँढीका रूपमा लिइएकोले लोकतन्त्रमा आवधिक निर्वाचनहरूको ऐतिहासिक महत्त्व हुन्छ।

सफल निर्वाचनका केही अनिवार्य सर्तहरू रहेका हुन्छन्। निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउन सरकार, राजनीतिक दल, आममतदाता, निर्वाचन आयोग, सञ्चारमाध्यम सबैको उत्तिकै जिम्मेवारी हुन्छ। यसपटकको निर्वाचन आचारसंहिताको व्यापक उल्लङ्घन हुँदा निर्वाचन आयोगले प्रभावकारी भूमिका निर्वाह गर्न नसकेको चर्चा भयो। आचारसंहिता उल्लङ्घनको बलियो अनुगमन गर्ने, उल्लङ्घनकर्तालाई चेतावनी दिने र कारबाहीसमेत गर्ने अख्तियारी पाएको निर्वाचन आयोगको मौनता देखियो। भड्किलो प्रचार प्रसार रोक्नेदेखि मौन अवधिमा हुन सक्ने आचारसंहिताविपरीत गतिविधिलाई रोक्नेतर्फ पनि आयोगको ध्यान गएको पाइएन।

आवधिक निर्वाचन नै लोकतन्त्रको मेरुदण्ड हो। राजनीतिक दललाई शासन गर्ने वैधानिक आधार नै निर्वाचन हो। आवधिक निर्वाचनले नै शासन सञ्चालन गर्ने वैधानिक शक्ति प्राप्त हुनेमा द्विविधा रहनु हुँदैन। त्यसैले निर्वाचनको अन्य कुनै विकल्प छैन। नेपालकै निर्वाचनको इतिहासदेखि हालसम्मको अवस्था हेर्दा निर्वाचनसम्बन्धी ऐन, कानून, नीति, निर्देशिका समय सापेक्ष परिमार्जन हुँदै आएका छन्। निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित रूपमा सम्पन्न हुन सकेमा नै वास्तविक जनप्रतिनिधिले जनताको इच्छा, आकाक्षाको प्रतिनिधित्व गर्दछन्। शासन गर्ने वैधानिक, आधार प्राप्त गर्दै लोकतन्त्रको सृढदीकरणमा निर्वाचनको अहम भूमिका रहेको छ। स्थानीय तहको निर्वाचनको मानव अधिकारको दृष्टिले अनुगमनबाट प्राप्त तथ्य हेर्दा समेत विद्युतीय मतदान प्रणालीमा जानुपर्ने, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिमैत्री मतदान केन्द्र रहनु पर्ने देखिन्छ। निर्वाचन नै लोकतन्त्रको मेरुदण्ड भएकोले स्वच्छ, पारदर्शी, निष्पक्ष निर्वाचनका लागि सरोकारवाला सबै पक्षको भूमिका रहनु पर्ने हुँदा निर्वाचन आयोगले तोकेका मापदण्डको पालना, कानुनी शासन, निर्वाचनको व्यवस्थापकीय पक्षमा क्रमिक सुधार गर्दै जानु अहिलेको आवश्यकता हो।

गरीबीले गर्भवती भन्दो रहेनछ

सन्दीप राई

झण्डै झण्डै आफ्नो ज्यान जस्तै गरुङ्गो भारी बिसाउँदै उनले निधारको पसिना पुछिन्। माघ महिनाको कठ्याङ्ग्रिँदो जाडोमा पनि उनको शरीर निथ्रुक्क भिजेको थियो। मानौँ उकालो र थकाइले उनको पूरा शरीर पगालिरहेको छ। पचास किलोको त्यो भारी उनलाई सिङ्गो पृथ्वी जस्तै गह्रौँ लागेको थियो। उपाय केही थिएन। आफ्नो मात्र ज्यान भए पो। दुई महिनापछि जन्मने ज्यानको उनलाई उत्तिकै चिन्ता थियो। आफ्नोभन्दा त्यही ज्यानको मायाले उनलाई आधा क्विन्टलको भारी बोक्ने बाध्यतापूर्ण आँट दिएको थियो । पसलका लागि ज्यालामा साहुको ५० किलोको चामल बोकेर तमोर नदीपार गर्नुअघि सुस्ताइरहेकी सात महिनाकी गर्भवती भारापा गाविस-९ की ३२ वर्षीया कमला माझीले भनिन् "दुई जीउको होस् या एक जीउको, बाह्रैमास हामी माझी महिलाले यसरी नै बाँच्नुपर्छ।" उनीसँगै उनीजस्तै भारी बोकिरहेकी २० वर्षीया सरीता माझीले थपिन् "म नसक्ने छु भन्दै बसियो भने त हातमुख नै जोडिँदैन। त्यसैले दुई जीउको बेला पनि हामीले सक्ने/नसक्ने सबै काम नगरी धरै छैन।"

दुई पैसा बचत गर्ने भन्दा प्राण बचाउने ध्याउन्नमा ज्यानैलाई जोखिममा पारेर गर्भवती माझी महिला कठोर शारीरिक श्रम गर्न बाध्य छन्। गर्भावस्थामा महिलाको स्वास्थ्य एकदमै संवेदनशील हुन्छ। त्यसैले गर्भवती महिलाले आफ्नो स्वास्थ्यको बढी ख्याल गर्नुपर्ने चिकित्सकहरू बताउँछिन्। यही मान्यताअनुसार आज भोलि प्राय:गर्भवती महिलाहरु स्वास्थ्य संस्था गएर नियमित जाँच गराउँछन्। स्वास्थ्यकर्मीका सरसल्लाहअनुसार नियमित औषधि र पोषिलो खानेकुरा लिन्छन्। आवश्यकताअनुसार व्यायाम र आराम गर्छन्। बढी गह्रौँ सामान बोक्ने र कठिन परिश्रम गर्दैनन्। गर्भवती महिलाहरूलाई लक्षित गरेर नेपाल सरकार तथा विभिन्न दातृनिकायले यस क्षेत्रमा सुरक्षित मातृत्वसम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिरहेका छन्। तर, तमोर किनाराका माझीटारका महिलाहरूलाई यी कुनै कार्यक्रमले छोएको छैन। पाँचथर सदरमुकाम फिदिमसँगै जाडिएको गाविस भारापा-९, तमोर किनारका महिलाहरुलाई पोषणयुक्त खान्की त परैजाओस् ,दुई छाक खस्रो खान पनि धौ धौ छ।

आफ्नो स्वास्थ्यप्रति चिन्ता गर्नेसमेत फुर्सद छैन उनीहरूलाई। आफ्नो घरव्यवहारका काम त गर्नु छँदैछ। त्यसमाथि बला कुबेला साहुका भारी नबोके, परिवार भौकै बस्नु पर्ला भन्ने पीर पनि सानो छैन। औसत महिलाहरूले सामान्य अवस्थामासमेत गर्न नसक्ने श्रम गर्नु उनीहरूको नियति भएको छ। घरायसी काममा घोटिने ,साहुका खेतबारीमा कुटो कोदालो गर्ने , भारी बोक्ने बाध्यताले गर्भवती महिलाको स्वाथ्यमा नोक्सान पुऱ्याउने गरेको नागरिक सचेतना केन्द्र माझीटारकी ममीता माझी बताउँछिन्। उनकाअनुसार गर्भवती भएका बेला कडा काममा खट्ने माझी महिलाको पाठेघर खस्ने, रोगी भएर अकालमै मृत्यु हुने, गर्भपात हुने जस्ता समस्या भोग्ने गरेका छन्। गर्भवती अवस्थामा भारी बाक्ने अत्यन्तै जोखिमपूर्णमात्र नभएर ज्यानैजान सक्ने जिल्ला अस्पताल पाँचथरका स्त्री रोग विशेषज्ञ पवनजङ्ग रायमाझी बताउँछन्।

माटामा विषादी प्रयोग गर्ने, खोलानालामा विष हालेर तथा मेसिन लगाएर माछा मार्ने क्रम बढेपछि माछाको उत्पादन कम हुँदै गएको छ। यसले गर्दा जग्गाविहीन माझीहरूको परम्परागत पेशामात्र सङ्कटमा परेको छैन, उनीहरूका बालबालिका र महिलाको स्वास्थ्य पनि प्रतिकूल प्रभाव पारेको छ। भविष्यको के त कुरा ? आजको छाक कसरी टार्ने हो ? भारीसँग त्यही चिन्ता बोकेर कमला आफ्नी साथीसँग नदी तर्न लाग्छिन्। शान्त बहिरहेको नदीसँग उनको उत्तर छैन।

प्राची संचेतना द्वैमासिक
अङ्क ७७-२०६८ वैशाख

२८ औँ प्रकाश मानव अधिकार पुरस्कार बैतडीका राजुराम भुललाई

दासताको एक स्वरूपका रूपमा कायम रहेको हलिया प्रथा, जातीय विभेद, मानव अधिकार, सामाजिक न्याय, भेदभाव, असमानता तथा समाजमा व्याप्त अनेक कुरीतिविरुद्ध अभियान सञ्चालन गर्नु भएका बैतडीका राजुराम भुललाई २८ औँ प्रकाश मानव अधिकार पुरस्कारबाट सम्मानित गर्ने इन्सेकले गरेको छ । इन्सेकका संस्थापक महासचिव स्व. प्रकाश काफ्लेको स्मृतिमा स्थापना गरिएको प्रकाश मानव अधिकार पुरस्कारबाट मानव अधिकारको क्षेत्रमा क्रियाशील एक जना मानव अधिकार अभियन्तालाई हरेक वर्ष साउन १६ गते सम्मान गर्ने गरिएको छ । इन्सेक कार्यसमितिको २०७९ असार २० गते सम्पन्न बैठकले महासचिव रुद्रबहादुर चर्मकारको संयोजकत्वमा गीता बराल र रघुनाथ अधिकारी सदस्य रहनु भएको प्रकाश मानव अधिकार पुरस्कार छनोट समिति गठन गरेको थियो ।

स्वर्गीय प्रकाश काफ्लेको २९ औँ स्मृति दिवस तथा २८ औँ "प्रकाश मानव अधिकार पुरस्कार" वितरण समारोह राष्ट्रिय मानव अधिकार आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको प्रमुख आतिथ्यमा साउन १६ गते काठमाडौँमा सम्पन्न हुनेछ । पुरस्कृत व्यक्तित्वलाई नगद ५० हजार रुपियाँ, सम्मान पत्र तथा इन्सेकको प्रतीक चिन्ह प्रदान गरिन्छ ।

विकासको समसामयिक परिभाषा



सुबोधराज प्याकुरेल*

अहिले विश्व आर्थिक र सामरिक सङ्कटकालमा छ । ठूला शक्तिराष्ट्रहरूबीच जारी द्वन्द्वले आक्रान्त अवस्था छ । संसारको लागि गहुँ, भटमास, सूर्यमुखीजस्ता खाद्यान्न, दलहन, तेलहन उत्पादनको ४० प्रतिशतसम्म आपूर्ति गरिआएको युक्रेन रुससँग युद्धरत छ । युरोपले भर पर्नुपर्ने पेट्रोलियम र ग्याँस आपूर्तिमा ४० प्रतिशत अंश ओगटेको रुस अन्तर्राष्ट्रिय नाकाबन्दीमा परेको छ । लाखौँ टन खाद्यान्न र पेट्रोलियम पदार्थ युक्रेन र रुसमा अड्किएको छ भने अविकसित अफ्रिकी तथा एशियाली देशहरूमा भोकमरी र विकराल आर्थिक सङ्कट देखा परेको छ । युरोप स्वयम् महँगी र मुद्रास्फितीको चपेटामा परेको छ । लाखौँ मानिसहरू सडकमा आन्दोलन गरिरहेका छन् ।

छिमेकी भारतमा मूल्यवृद्धि दर २ अङ्कमा पुग्न लागिसकेको छ । बङ्गलादेशले राति ८ बजेपछि बजार बन्द गर्न थालेको छ । पाकिस्तानको ऋण भुक्तानी गर्ने क्षमता न्यून अवस्थामा पुगेको छ भने श्रीलंका टाट पल्टिएको अवस्था सबैलाई थाहै छ । नेपाल सबैजसो आवश्यक सामग्री आयात गर्ने देश हो । आयात निर्यात भुक्तानी सन्तुलनको हिसाबले ७८ प्रतिशत न्यूनता भएकोले हामी वैदेशिक रोजगारीमा गएका नेपालीले पठाउने रेमिट्यान्सबाट वैदेशिक मुद्राको आवश्यकताको एक तिहाइ भन्दा बढी पुरताल गरिरहेका छौँ । यस्तो बेलामा बहुआयामिक गरिबी र गरिबीको रेखामुनी रहेका नागरिकको रक्षा गर्ने काम राज्यको प्रमुख दायित्वभित्र पर्छ ।

नेपालको संविधानले प्रत्याभूत गरेको मौलिक हक र दिगो आर्थिक विकास लक्ष्यको ३० वटा लक्ष्यमध्ये गरिबी, पोषण, स्वास्थ्य, स्वच्छ पिउने पानी, मर्यादित रोजगारी, मानव बसोबास, शिक्षा र उत्थानशील पूर्वाधारको निर्माणलाई कसरी नियमित गतिका साथ अगाडि बढाउने भन्ने चुनौती थपिएको छ । सङ्कटमा परेका नागरिकको रक्षा गर्नु राज्यको दायित्व हो । विज्ञहरूले अहिले देखापरेको आर्थिक सङ्कटको विकराल रूप सन् २०२५ देखि वास्तविक रूपमा प्रकट हुने र आवश्यक सुधारात्मक कदम चालिएको खण्डमा २०३० पछिमात्र क्रमागत सुधार हुँदै जानसक्ने बताइरहेका छन् । हामीसँग आन्तरिक उत्पादन, कुशल मानव शक्ति र सक्षम जनप्रशासन नभएकोमात्र होइन कि त्यस्तो स्थितिलाई मनन् गरेर उपयुक्त समाधानका लागि जनताको विश्वास प्राप्त गर्न सक्ने राजनीतिक व्यक्तित्व दल वा संरचना पनि छैन । सामाजिक र अर्थराजनीतिक द्वन्द्वको अवस्थामा हामी छौँ । अहिले नै देखिसकियो कि कसरी सरकारले वैदेशिक मुद्रामा लगानी आउँछ भन्ने लोभमा सबै सामग्री आयात गरेर गाडी र मोटरसाइकल उत्पादन गर्ने जोडजाड उद्योगहरूलाई कर राजस्वमा छुटसहित धमाधम लाइसेन्स बाँड्न थालिसकेको छ । त्यस्ता उद्योगले मुनाफा फिर्ता लग्ने बेलामा वैदेशिक मुद्रामा पर्ने चापको अध्ययन गरिएको छैन । नियमवद्ध तवरले स्वदेशी सामग्री र मानव संशाधनको प्रयोग बढाउँदै लैजानुपर्ने व्यवस्था गरिएको छैन । सरकार आत्तिएको छ । भोलि जे होला देखाजाला आजलाई वैदेशिक मुद्राको जोहो गरिहालौँ भन्ने मानसिकतामा पुगेको छ । खासमा अहिले तत्कालीन, अल्पकालीन र मध्यमकालीन योजना बनाएर तदनुकूल समाधानमा सिङ्गो राष्ट्रलाई परिचालित गर्नुपर्ने बेला हो । तर, मुलुकका दलहरू आ-आफ्नो चुनावी एजेण्डा लिएर एकअर्कालाई नीचा देखाउने कर्ममा लिप्त देखिएका छन् । संसदले दलीय बाहेक जनताको एजेण्डामा प्रभावकारी निर्णय लिन सकिरहेको छैन ।

जनतासम्म सरकारी निर्णयलाई कार्यान्वयन गर्ने जिम्मेवारी लिएको सार्वजनिक प्रशासन दबाब प्रभाव वा लालच बेगर हलचल गर्दैन किनकी बनाइएका कानुन नियम नियमावली र कार्यविधिले नतिजा खोज्दैन । केवल कार्यविधि अनुसार गरियो गरिएन मात्र हेर्छ । नियमनकारी लेखापरीक्षण र अख्तियारीको परीक्षण गर्ने निकायहरू पनि नतिजा होइन औपचारिकता हेर्छन् । २००७ सालमा प्रजातन्त्र आयो । २०४६ सालमा बहुदलीय प्रजातन्त्र आयो । २०६४ सालमा गणतन्त्र पनि आयो । संविधानअनुसार हामी सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालका सार्वभौम नागरिक भयौँ । तर, नागरिक सर्वोच्चता व्यवहारमा आएन । राणाकाल र पञ्चायतकालमा निरंकुश अधिनायकत्व कायम राख्न अपनाइएको सरकारी व्यवहार, सार्वजनिक प्रशासनको तौरतरिकामा कुनै परिवर्तन आएन ।

सरकारी कार्यालयमा जाँदा नागरिकले त्रस्त हुँदै जी हजुरी गर्नुपर्ने, आदेशमात्र सुन्नु र मान्नुपर्ने, हाकिमका सामुन्ने अपराधी सरह निहुरिनुपर्ने जुन संस्कार रह्यो त्यसमा सुधार गरिएन । सरकारको ऐना हो सार्वजनिक प्रशासन, जेल र अदालत । त्यहाँ नागरिकले अपमानमात्र भोग्नुपर्ने अवस्था रहेकाले शिक्षितहरू मुलुक छोडेर जाने, गाउँलेहरू दुःखदायी श्रम गर्न खाडी लगायतका मुलुक जाने अवस्थाले गर्दा युवा शक्ति खाडीमा र सक्षम जनशक्ति पश्चिमा देशमा पलायन भइरहेको अवस्था छ ।

शासकीय व्यवधान विरुद्ध जनतामा आक्रोश बढ्दै गएको छ । आत्मनिर्भर, सचेत, मर्यादित र सङ्गठित नागरिक निर्माण गर्ने लक्ष्यमा केन्द्रित हुन नेपाली राजनीति उपर जनदवाब बढ्दो छ । त्यसको लक्षण केही महत्वपूर्ण स्थानीय निकायको निर्वाचन परिणाम र आगामी प्रादेशिक र सङ्घीय निर्वाचनमा उठ्ने भनी अहिलेदेखि स्व-घोषणा गर्ने स्वतन्त्र उम्मेदवारी मार्फत उजागर हुँदैछ । भनिन्छ, प्रजातन्त्रमात्र यस्तो प्रणाली हो जसले आफ्नो रोगको उपचार आफैँ गर्छ । दलहरू, नागरिक समाज, बौद्धिक क्षेत्र र सम्पूर्ण राजकीय निकायले यसलाई आत्मसात गर्ने नै छन् ।

आजको अर्थराजनीतिले विश्वव्यापी अवस्थालाई दृष्टिगत गरी अन्तर्राष्ट्रिय ऐक्यबद्धताको लागि मानवअधिकार र त्यससँग सम्बन्धित विश्वव्यापी दिगो विकास लक्ष्यअनुरूपका योजना र त्यो योजनाको कार्यान्वयनको लागि आम नागरिकको नेतृत्वमा चल्ने सार्वजनिक ढाँचाको निर्माण नगरी धर छैन । विकासको समसामयिक परिभाषा यही नै हो ।

* (इन्सेकका निवर्तमान अध्यक्ष एवम् प्रदेश १ योजना आयोगका उपाध्यक्ष)

विश्लेषण

वसन्त गौतम*

सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधन विधेयक : एक समीक्षा

सरकारले गत असार ३१ गते 'बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन गर्न बनेको विधेयक' लाई संसद् सचिवालयमा दर्ता गरेपछि यसमा भएका सकारात्मक पक्ष र सुधार गर्नु पर्ने पक्षबारे नयाँ बहस सुरु भएको छ।

संयुक्त राष्ट्रसङ्घ, अन्तर्राष्ट्रिय मानव अधिकार सङ्घसंस्था, विदेशी दातृ निकायहरूले हरेक पटक सङ्क्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतबाट भएका फैसला देखाउँदै नेपालको सङ्क्रमणकालीन न्यायको प्रक्रियामा प्रश्न उठाउने गरेका छन्। देशभरका पीडितहरूले हालेको मुद्दामा सर्वोच्चले फैसला सुनाएपछि सरकारले सोही अनुरुप ऐन संशोधन गर्नुपर्ने बाध्यता भए पनि राजनीतिक स्वार्थमा यो रोकिँदै आएको थियो। तर, पछिल्लो पटक ऐन संशोधनको थालनी अनुसार विधेयक प्रतिनिधि सभामा दर्ता भएको हो।

सर्वोच्च अदालतले ऐनका केही व्यवस्था खारेज गर्न आदेश दिएको नौ वर्षपछि सरकारले ऐन संशोधनको विधेयक संसद्मा दर्ता गराएको हो। सरकारले यति लामो समयपछि ऐन संशोधनको प्रयास गरेकोमा यस कार्यको पीडित र अधिकारकर्मीले स्वागत गरे पनि अहिले दर्ता भएको संशोधित विधेयक पनि अपूरो रहेको भनेर टिप्पणी आउने क्रम सुरु भएको छ।

द्वन्द्व सकिएको लामो समयसम्म पनि सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुग्न नसकेको सन्दर्भमा सर्वोच्च अदालतको आदेश र अन्तर्राष्ट्रिय कानुनी मान्यता अनुकूलको विधेयक आउने अपेक्षा गरेका द्वन्द्व पीडित र अधिकारकर्मीले अभियोजनका सन्दर्भमा त्रुटिपूर्ण एवम् पीडकलाई उन्मुक्ति दिन केन्द्रित भएको भन्दै सच्याउन माग गरेका छन्। ऐन संशोधनका लागि कानुनमन्त्री सहभागी भई देशव्यापी रूपमा पीडितहरूसँग परामर्श गरे पनि परामर्श अनुसार संशोधन प्रस्ताव आउन नसकेको पीडितहरूको भनाइ छ। यस आलेखमा संसदमा दर्ता भएको

सङ्क्रमणकालीन न्यायसम्बन्धी नयाँ संशोधित कानुनमा कानुन मन्त्रालयले विधेयक राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन, नेपालको सर्वोच्च अदालतको फैसला र परामर्शका दौरान पीडितहरूले व्यक्त गरेका मागहरू अनुरूप रहेको स्पष्ट पार्न सक्नु पर्दछ। सार्वभौम जनप्रतिनिधि संस्था सङ्घीय संसदलाई विधेयकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र पीडितको मागलाई हनन् नगरेको कुरा सुनिश्चिता गरेर मात्रै विधेयकलाई कानुनको रूपमा पारित गरिनु पर्दछ। यसका लागि नेपालका राजनीतिक दलहरूले संसदबाट समावेशी प्रक्रिया अपनाएर कानुन पारित गर्न गराउन रचनात्मक भूमिका खेल्न सक्नु पर्दछ।

विधेयकमा रहेका सकारात्मक पक्ष तथा पीडित र अधिकारकर्मीबाट संशोधन हुनुपर्ने भनिएका प्रावधानहरूका बारेमा चर्चा गरिएको छ।

विधेयकमा समेटिएका राम्रा पक्ष

सङ्क्रमणकालीन न्यायसम्बन्धी संशोधित विधेयकमा केही राम्रा पक्ष पनि समेटिएका छन्। विधेयकले परिपूरणको अधिकारलाई कानुनी मान्यता दिएको छ। जसले परिपूरण सरकारी अनुदान सहयोग नभई यो पीडितको अधिकार हो भन्ने कुरा स्थापित गरेको छ। जुन सकारात्मक छ।

पीडक पहिचान भए पनि/नभए पनि राहत पाउने र यातना पीडितलाई राहत र बेपत्ता पारिएका व्यक्तिको परिवारलाई सम्पत्ति हस्तान्तरण गर्ने कुरा पनि विधेयकमा समेटिएका छन्। यी प्रावधान सकारात्मक छन्। पीडितलाई राहत उपलब्ध गराउनका लागि छुट्टै कोष बनाउने र राहत वितरणको क्षेत्राधिकारलाई बढाइएको छ। विगतको सशस्त्र द्वन्द्वको कारण खोज्ने र आगामी दिनमा त्यस्ता खालका घटना नहोस् भनी संस्थागत सुधारका लागि सुझाव दिने कुरा विधेयकमा समेटिनु सकारात्मक छ। किनभने विगतमा के कारणले द्वन्द्व भएको थियो त्यस कुराको निर्क्यौल गर्न सकेको खण्डमा द्वन्द्व बढाउन अभिप्रेरित गर्ने निकायमा संस्थागत सुधार गर्न सकिन्छ। जुन कुराले देशमा दिगो शान्ति स्थापनामा मद्धत पुग्दछ।

विधेयकमा रहेका असन्तुष्टिका बुँदाहरू

ऐन संशोधन गर्दा केही बुँदाहरू सकारात्मक भए पनि मूलरूपमा पीडकलाई विभिन्न बहानामा उन्मुक्ति दिने गरी संशोधन विधेयक आएको भन्दै पीडित समुदायबाट विरोध भएको छ। मानव अधिकार उल्लङ्घनलाई वर्गीकरण गर्दै 'हत्या'लाई गम्भीर मानव अधिकार उल्लङ्घनबाट हटाएर अन्य मानव अधिकार उल्लङ्घनमा राखिएको कुरा पीडितहरूका लागि आपत्तिको विषय बनेको हो। परिपूरण लगायतका सन्दर्भमा व्यवस्था गरिएका सकारात्मक प्रावधान भएपनि संशोधित विधेयकमा पीडितको प्रभावकारी उपचारको अधिकार हनन् गर्ने धेरै प्रावधानहरू ल्याइएको भन्दै यसको विरोध भएको हो। हत्या, यातना, बलात्कार र अन्य प्रकारका गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराध लगायतका मानव अधिकारका 'गम्भीर उल्लङ्घन' र अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई आममाफी दिने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम स्वीकार्य हुन सक्ने विषय होइन।

'मानव अधिकारको गम्भीर उल्लङ्घन र मनसायगत अपराधमा संलग्न व्यक्तिहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा फौजदारी जबाफदेहिताबाट उन्मुक्ति दिन मिल्ने कुरा होइन। पीडित तथा सरोकारवालाहरूले विधेयक राष्ट्रिय,

*गौतम अधिकारकर्मी हुनुहुन्छ।

अन्तर्राष्ट्रिय कानुन, नेपालको सर्वोच्च अदालतको फैसला र परामर्शका दौरान पीडितहरूले व्यक्त गरेका मागहरू समाविष्ट गर्न विधेयकमा पुनः संशोधन आवश्यक देखिएको छ।

यो प्रस्तावित विधेयकले पीडितलाई नियमित न्याय प्रक्रियाको ढोका बन्द गरिएको र सङ्क्रमणकालीन न्याय प्रक्रियाबाट पनि न्याय मिल्ने कुराको सुनिश्चितता नभएको भन्ने विषयमा मानव अधिकारकर्मीको मुख्य सरोकारको विषय बनेको छ।

परिपूरण लगायतका सन्दर्भमा व्यवस्था गरिएका प्रावधानहरू सकारात्मक भएपनि संशोधन विधेयकमा पीडितको प्रभावकारी उपचारको अधिकार हनन् हुन सक्ने प्रावधानहरू राखिएको छ। हत्या, यातना, बलात्कार र अन्य प्रकारका गम्भीर यौन हिंसा, युद्ध अपराध र मानवता विरुद्धको अपराधलगायतका मानव अधिकारका गम्भीर उल्लङ्घन र अन्तर्राष्ट्रिय अपराधमा संलग्न व्यक्तिलाई आममाफी दिने कुरा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन बमोजिम स्वीकार्य हुन सक्दैनन। विधेयकमा समावेश गरिएका उल्लङ्घनहरूलाई लिएर धेरै टिकाटिप्पणी भएका छन्। मानव अधिकारको गम्भीर उल्लङ्घन र मनसायगत अपराधमा संलग्न व्यक्तिहरूलाई प्रत्यक्ष वा परोक्ष रूपमा फौजदारी जबाफदेहिताबाट उन्मुक्ति दिन खोजेको हो कि भन्ने आशङ्काको स्थिति विधेयकमा भएका प्रावधानले देखाएको छ।

सङ्क्रमणकालीन न्यायसम्बन्धी नयाँ संशोधित कानुनमा कानुन मन्त्रालयले विधेयक राष्ट्रिय, अन्तर्राष्ट्रिय कानुन, नेपालको सर्वोच्च अदालतको फैसला र परामर्शका दौरान पीडितहरूले व्यक्त गरेका मागहरू अनुरूप रहेको स्पष्ट पार्न सक्नु पर्दछ। सार्वभौम जनप्रतिनिधि संस्था सङ्घीय संसदलाई विधेयकले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुन र पीडितको मागलाई हनन् नगरेको कुरा सुनिश्चिता गरेर मात्रै विधेयकलाई कानुनको रूपमा पारित गरिनु पर्दछ। यसका लागि नेपालका राजनीतिक दलहरूले संसदबाट समावेशी प्रक्रिया अपनाएर कानुन पारित गर्न गराउन रचनात्मक भूमिका खेल्न सक्नु पर्दछ।

प्रस्तावित विधेयकमा आयोगले सिफारिस गरेका मुद्दाको सुनुवाइ गर्न विशेष अदालत गठन गर्ने कुरा उल्लेख छ। त्यस्तै, यस्तो अदालतको निर्णय अन्तिम हुने भनी विशेष अदालतको निर्णय उपर पुनरावेदन गर्न नमिल्ने व्यवस्था गरिएको छ। जुन न्यायको सिद्धान्त भन्दा फरक कुरा हो। यस्तो प्रावधानले संवैधानिक प्रावधानका साथै सम्मानित सर्वोच्च अदातलबाट भएको निर्देशनको समेत उल्लङ्घन गर्दछ। विधेयकमा सजाय प्रचलित कानुन बमोजिम उल्लेख हुने भन्ने प्रावधान राखिएको छ तर, प्रचलित कानुनमा रहेका हदम्याद लगायतका व्यवस्थाले न्याय सम्पादनमा अवरोध गर्ने देखिएकाले त्यसलाई संशोधिन कानुनमा सम्बोधन गर्नुपर्ने देखिन्छ। विद्यमान फौजदारी अपराध संहितामा भएको यातनाको परिभाषामा गैरराज्य पक्षका तर्फबाट भएका यातना समावेश गरिएको छैन। यस्तो अवस्थामा प्रस्तावित विधेयक वा मुलुकी अपराध संहिताको संशोधन नगर्ने हो भने तत्कालिन विद्रोही पक्षबाट भएका यातनाहरूमा क्षमादान हुने र राज्यका अधिकारीहरूबाट भएका यातनाको मात्र अभियोजनतर्फ जान सक्ने देखिन्छ। दुवै पक्षबाट भएका यातनामा अभियोजन सुनिश्चितताका लागि प्रस्तावित विधेयक र मुलुकी अपराध संहिता संशोधन हुन आवश्यक रहेको छ।

विधेयकको दफा ५ मा गम्भीर मानव अधिकार उल्लङ्घन पनि चार प्रकारको अपराधलाई सूचीकृत गरिएको छ। जसमा क्रुर यातना दिई निर्ममतापूर्वक ज्यान मारेको, जबर्जस्ती करणी, जबर्जस्ती व्यक्ति बेपत्ता पार्ने कार्य र अमानवीय वा क्रुरतापूर्वक दिएको यातना भनी राखिएको छ। यसरी गम्भीर र मानव अधिकार उल्लङ्घन भनेर छुट्याउनु राम्रो हो तर, हत्याको सम्बन्धमा क्रुरता भनेर अरु परिभाषा गर्दा भोलि त्यही आधारमा टेकेर अनुसन्धान नहुने जोखिम रहन सक्दछ। युद्धमा संलग्न नै नभएको व्यक्तिलाई हत्या गर्नु आफैँमा गम्भीर मानव अधिकार उल्लङ्घन भएकाले त्यसमा कति क्रुर वा यातनापूर्वक थियो भनी फेरि खोजी गर्दा पीडकलाई उम्काउने छिद्र रहने हो कि भन्ने शङ्का उब्जेको छ।

विशेष अदालतबाट हुने फैसला नै अन्तिम हुने व्यवस्था पनि कानुनी र न्यायिक हिसाबले ठिक छैन। एक तह पुनरावेदनसम्म गर्न पाउने व्यवस्था राखिनुपर्दछ। विशेष अदालतले त्रुटीपूर्ण फैसला सुनाएमा यसको मारमा पीडित र पीडक दुवै पक्ष पर्ने सम्भावना रहने भएकाले एक तहको न्यायिक परीक्षणको व्यवस्था राखिनु पर्दछ। सुरु अदालतले जे ठहर गऱ्यो त्यो मात्र शतप्रतिशत सही भन्ने हो भने न्याय नपाइन सक्छ। विशेष अदालतबाट भएको फैसला उपर सर्वोच्चसम्म जान पाउने व्यवस्था राखिँदा पीडित र पीडक दुवैको हितमा राम्रो हुन्छ।

विधेयकमाथि उठेको अर्को प्रश्न हो, पीडकउपर न्यूनतम सजायको व्यवस्था गरिनु। गम्भीर मानव अधिकार उल्लङ्घनमा संलग्न भएको व्यक्तिलाई उसको कसूरको मात्रा अनुसार सजाय गर्नु पर्नेमा न्यूनतम गर्दा यस्तो प्रावधानले उन्मुक्ति दिन खोजेको जस्तो देखिन्छ। कानुनले आरोपितले अपराध गरेको ठहर गर्छ भने अपराधको मात्रा अनुसारको सजायको व्यवस्था मिलाइनु पर्दछ। न्यूनतम मात्र सजाय गर्ने हो भने क्रुर अमानवीय कार्यमा संलग्नहरूले पनि सहजै उन्मुक्ति पाउन सक्ने सम्भावना रहन्छ। अपराधमा संलग्न व्यक्तिले क्षमायाचना गरेमा वा अपराधबोध गरेमा अदालत आफैँले विचार गरेर उसलाई सजाय गर्ने भएकाले ऐनमा नै न्यूनतम भनेर तोक्दा अदालत र न्यायाधीश सबैमा कम सजाय गर्ने कुरामा मात्र ध्यान केन्द्रित हुन सक्ने सम्भावना रहन्छ।

सारमा भन्नु पर्दा यो विधेयक दण्ड सजाय, गम्भीर अपराध र क्षमादानको सन्दर्भमा केही चुकेको पाइन्छ। विगतमा यिनै विषयले समस्या सृजना गरेको थियो। सङ्क्रमणकालीन न्यायलाई तार्किक निष्कर्षमा पुऱ्याउनका लागि अन्तर्राष्ट्रिय मापदण्ड र सर्वोच्च अदालतका विगतका नजिरहरूको मर्म र पीडितहरूको भावनाको आधारमा संसद्ले कानुन सच्याउनु सक्नु पर्दछ। अन्यथा यो विषयले निकास पाउँदैन। विषय बल्झिरहन्छ। अब पनि सङ्क्रमणकालीन न्याय तार्किक निष्कर्षमा पुगेन र यो विषय यत्तिकै रहिरह्यो भने यसले नेपालकै विश्वसनीयतामा पनि प्रश्न उठ्छ र घटनाको अन्तर्राष्ट्रियकरण हुने डर रहिरहन्छ।

विश्लेषण

सुमन अधिकारी

द्वन्द्वपीडितको पीडाप्रति सरकार रमिते कहिलेसम्म ?

२०५२ सालदेखि २०६३ सम्मको हिंसात्मक १० वर्षे सशस्त्र सङ्घर्षका नाममा राज्य र विद्रोहीबाट भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूबाट द्वन्द्वसँग कुनै सरोकार नभएका लाखौँ निशस्त्र नागरिक प्रताडित भए। हजारौँ नागरिक मारिए। सयौँ बेपत्ता पारिए। कैयौँको अङ्गभङ्ग भयो। कति यातना तथा यौन हिंसाबाट पीडित भए। हजारौँ विस्थापित भए। नागरिक तथा राजनीतिक अधिकारका साथै आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरू समेत उल्लङ्घन भए। शान्ति सम्झौताको १६ वर्षसम्म पनि द्वन्द्वकालमा भएका मानव अधिकारको गम्भीर उल्लङ्घनका घटनाहरूबाट पीडित भएका नागरिकहरूको यथार्थ विवरण हालसम्म पनि सरकारसँग छैन।

पीडामा पिल्सिरहेका द्वन्द्वपीडित न्यायका लागि दशकौँदेखि भौँतारिइरहेका छन् तर सरकार र राजनीतिक दल भने द्वन्द्वपीडितका पीडामाथि रमिते बनेर बसेका छन्। २०६३ सालमा सम्पन्न विस्तृत शान्ति सम्झौता भएको १६ वर्ष व्यतित हुन लाग्दा समेत द्वन्द्वकालमा घटित मानव अधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाहरूमा अनुसन्धान गरी सत्यतथ्य पत्ता लगाएर यथार्थ स्थिति सार्वजनिक गर्ने, पीडितहरूलाई न्याय र परिपूरण, मानव अधिकार उल्लङ्घनकर्ता लाई दण्डसजाय गर्ने र सामाजिक मेलमिलाप कायम गर्ने जिम्मेवारीप्रति राजनीतिक दल र सरकार इमान्दार भएका छैनन्।

शान्ति सम्झौताको आठ वर्ष पछाडि दलीय स्वार्थमा बनाइएका बेपत्ता पारिएका व्यक्तिको छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगले साढे सात वर्ष त्यत्तिकै व्यतित गरे। दुवै आयोगमा दर्ता भएका झण्डै ६५ उजुरीमध्ये एउटा उजुरीको पनि सत्यतथ्य निरुपण गर्न नसक्नु सरकार, राजनीतिक दल र आयोगको पीडितको पीडामाथिको हदैसम्मको गैरजिम्मेवारीपन हो। २०७१ सालमा आएको आयोगसम्बन्धी ऐनका माफी प्रादन प्रावधान विरूद्ध २ सय ३४ जना पीडितले सर्वोच्च अदालतमा दायर गरेको रिट उपरको परमादेश बमोजिम ऐन संशोधन गर्न पीडितलगायतका सरोकारवालाहरूको माग सरकारले निरन्तर उपेक्षा गर्दै आएको थियो।

२०७८ चैत २४ गते सङ्क्रमणकालीन न्यायका जानफकार गोविन्दप्रसाद कोइराला (गोविन्द बन्दी) कानुन मन्त्री नियुक्त भएपछि समग्र सङ्क्रमणकालीन विश्वसनीय रुपमा अगाडि बढ्ने अपेक्षा पीडित लगायतका सरोकारवालाहरूले गरे। सरोकारवालाहरूसँगको परामर्शमा ठोस कार्ययोजना ल्याउन र त्यसको इमान्दार कार्यान्वयन गर्न सरोकारवालाहरूले सरकार समक्ष माग गरे। सरोकारवालाहरूले सहभागितामूलक र समावेशी प्रकृयाबाट सुसूचित रूपमा सरोकारवालाहरूसँग विषयगत तथा क्षेत्रगत प्रारम्भिक परामर्श, विस्तृत परामर्श तथा अन्तरसम्वाद गर्न, विभिन्न मुद्दाहरूमा सर्वोच्च अदालतबाट भएका आदेश, फैसला तथा प्रतिपादित सिद्धान्तहरूको मर्म र भावना, परामर्शका निष्कर्ष तथा सुझावहरूसमेतको आधारमा ऐन संशोधनको मस्यौदा बनाउने, संशोधन विधेयकको मस्यौदा उपर सरोकारवाला तथा विज्ञहरूबाट सुझाव लिने, मस्यौदालाई अन्तिम रूप दिएर मन्त्रिपरिषद्बाट स्वीकृत गराउने, मन्त्रिपरिषद्बाट स्वीकृत संशोधन विधेयकलाई संसदमा दर्ता गर्ने, संसदबाट संसोधन विधेयक पारित गर्ने र संशोधित ऐनबमोजिम नयाँ विश्वसनीय आयोगहरू गठन गर्ने मार्गचित्र बमोजिम अगाडि बढ्ने सरकारले जनायो।

मन्त्रालयले सरोकारवालाहरूसँग विश्वासको वातावरण बनाउन गरेको प्रयासले पीडित र नागरिक समाजमा केही हदसम्म आशा र विश्वास जगायो। सरोकारवालाहरूले सहकार्यका लागि विश्वासको वातावरण निर्माण गर्न माग गरे। समग्र सङ्क्रमणकालीन न्यायको समयबद्ध कार्यतालिकाको माग गरे। असार मसान्तसम्म कानुन संशोधन मस्यौदा संसदमा पेश गर्ने र संशोधनबाट नयाँ विश्वसनीय आयोग गर्ने आधारमा केही विश्वासको वातावरण बन्न गयो। सरकार इमान्दार भएसम्म सहकार्य र सहयोग गर्ने भन्दै आशङ्का सहित पीडित र मानव अधिकार समुदायले सरकारसँग समालोचनात्मक सहकार्य गरे। सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुन परिमार्जनको लागि पृष्ठपोषण प्राप्तिका लागि गरिने परामर्श कार्यक्रम आयोजना गर्ने र सोको लागि मन्त्रालय, पीडित र नागरिक समाजका दुई/दुई जना प्रतिनिधि सम्मिलित अनौपचारिक कार्यदलले परामर्शको विषयवस्तु, प्रश्नावली र मोडालिटी तयार पाऱ्यो। परामर्श कार्यक्रम खासगरी द्वन्द्वका क्रममा भएका मानव अधिकारको उल्लङ्घन र ज्यादतीका घटनाबाट पीडितहरूसँग सङ्क्रमणकालीन न्यायका स्तम्भहरू (सत्यको खोजी, न्याय, परिपूरण र संस्थागत सुधार) का सम्बन्धमा परामर्श गरी पृष्ठपोषण लिने गरी विषय पहिचान गरी प्रश्नावली निर्माण गरिएको थियो। प्रश्नावलीमा सत्यको खोजी, न्याय, परिपूरण, संस्थागत सुधार र विविध मूल विषयवस्तु तय गरी त्यस अन्तर्गत जम्मा ३६ प्रश्नावली तयार गरिएको थियो। २०७९ वैशाखमै गर्ने भनिएको प्रदेशस्तरीय परामर्श स्थानीय निर्वाचनका कारण २०७९ जेठ ९ गतेबाट आरम्भ भयो। केही कमिकमजोरीको बाबजुद् यौनजन्य हिंसासम्बन्धी छुट्टै परामर्श र राष्ट्रिय परामर्श २०७९ जेठ २० मा सम्पन्न भए।

परामर्श कार्यक्रम तथा प्राप्त सुझाव

प्रदेश तथा राष्ट्रिय परामर्शबाट समग्र सङ्क्रमणकालीन न्यायका सम्बन्धमा महत्वपूर्ण सुझावहरू प्राप्त भएका थिए। विस्तृत शान्ति सम्झौता, नेपालको अन्तरिम संविधान, नेपालको संविधान, सङ्क्रमणकालीन न्यायका सम्बन्धमा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त तथा

निर्देशनात्मक आदेश, अन्तर्राष्ट्रिय मानव अधिकार तथा मानवीय कानुनको विश्वव्यापी मूल्य मान्यता, द्वन्द्वपीडितबाट प्राप्त सुझावहरू समेतको आधारमा सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित कानुनको संशोधन गर्ने, संशोधन विधेयकको तर्जुमाको चरणबाट नै सरोकारवालाहरू खासगरी पीडितको सहभागिता सुनिश्चित गराउने सुझाव आएका थिए।

घटनाको तथ्य प्रमाण जुटाउन, घटनाको दोषी पत्ता लगाउन, घटना के, कसरी, कुन अवस्थामा भएको हो ? पत्ता लगाउन, घटनाको प्रभाव र परिणाम पत्ता लगाउन, घटनाको कारण, तरिका, साधन र असरबारे थाहा पाउन, घटनाको प्रकृति र त्यसबाट पीडितलाइ परेको शारीरिक, मानसिक मनोवैज्ञानिक असर थाहा पाउन, सत्य स्थापित गरी आगामी पुस्तालाई सुसुचित गर्न घटनाबारे सत्य तथ्यको उजागर गर्नुपर्ने सुझाब आएको थियो।

सत्य खोजी गर्न आयोगले सर्वसाधारणलाई आयोगबाट सार्वजनिक सूचनाको आह्वान गर्ने, पीडितबाट उजुरी, जाहेरी लिने र सुनुवाइ गर्ने, पीडितबाट सुनुवाइ, भन्न सक्ने वातावरण निर्माण गर्ने, बिना हदम्याद उजुरी लिने, उत्खनन् र प्रमाणीकरण, स्थलगत अनुगमन गर्ने, सहज रुपमा उजुरी लिनका लागि सङ्घ प्रदेश र जिल्ला गरी सबै स्थानीय तहमा उजुरी लिने निकाय स्थापना गर्नुपर्ने सुझाव प्राप्त भएको थियो। घटनाको प्रकृति अनुसार कामको प्राथमिकीकरण गरी कार्य व्यवस्थापन, जनशक्ति परिचालन गर्ने, आयोग मातहत विशेष इकाई समावेशीमूलक रुपमा बनाउनुपर्ने, आयोग अपाङ्गमैत्री भवन, गोपनीयता कायम गर्नुपर्ने, आयोग गठन प्रक्रियादेखि कार्यान्वयन तहसम्म द्वन्द्वपीडित महिला र अपाङ्गता भएका व्यक्तिको संलग्नता, अनुसन्धानमा संलग्न कर्मचारी विज्ञ हुनुपर्ने सुझाव प्राप्त भएको थियो। एक तटस्थ र स्वतन्त्र निकाय गठन गरी घटनाहरूको अभिलेखिकरण गरिनु पर्ने, वैज्ञानिक विधि प्रयोग गरेर कम्प्युटरमा कोड वा पासवर्ड राखेर त्यसलाई गोप्य राख्नुपर्ने, घटनाको फोटो, श्रव्य दृष्य सामग्रीको संरक्षण, तत्कालिन समयमा छापिएका छापा माध्यमका समाचारको अभिलेख, प्रत्यक्षदर्शीको बयान सङ्ग्रह गर्नुपर्ने, पीडितको प्रोफाइल बनाउने सुझाव प्राप्त भएको थियो।

गाउँ, वडा, नगरपालिका र प्रहरीलाई साथमा लिएर एकीकृत तथ्याङ्क सङ्कलन गर्ने, एन्टिमोडेम डाटा वा डिजिटलाइजेशनको आधारमा प्राप्त विवरणको सङ्कलन अभिलेखिकरण र सङ्ग्रह गर्ने, आयोगले स्थानीय निकायहरूसँग समन्वय गरी पीडितहरूसँग प्रत्यक्ष आयोगले छलफल गरी सत्यतथ्य अनुसन्धान गर्ने, आयोगका सबै काममा पीडितहरूको अनिवार्य सहभागिता हुनुपर्ने, ठाउँ पिच्छे फरक स्थानीय भाषाहरूमार्फत पीडितहरूले आफ्नो कुरा राख्ने भएकाले स्थानीय भाषासँग सम्बन्धित व्यक्तिहरूमार्फत सहजीकरण गर्ने, सत्यको खोजी गर्दा पीडितले विश्वास गर्ने व्यक्ति वा संस्थासँग सहकार्य गर्नुपर्ने, यौनजन्य हिंसाका पीडितसँग छुट्टै गोप्य सुरक्षित स्थानको व्यवस्था गर्ने, महिला, बालबालिका, पेशाकर्मी, सार्वजनिक ढङ्गले कुराहरू बाहिर ल्याउन नचाहने, अपाङ्गता भएका व्यक्तिहरू, ज्येष्ठ नागरिक, बोल्न नसक्ने तथा विविध पेशा र व्यक्तिका आधारमा विशेष कुराको संवेदनशीलतामा ध्यान दिने सुझाव आएका थिए। मनोपरामर्श विभाग, केन्द्रदेखि स्थानीय तहसम्मको संरचना तथा पीडित समन्वय समिति र सहायता कक्ष हुनुपर्ने, आयोगको काम सम्पन्न भएपछि आयोगबाट सङ्कलित तथ्य प्रमाण र अभिलेख मानव अधिकार आयोग वा संसदमा हस्तान्तरण गर्दा उपयुक्त हुने सुझाव प्राप्त भएका थिए।

मानव अधिकारका गम्भीर उल्लङ्घनका घटना अन्तर्गत गैरन्यायिक हत्या, जबरजस्ती बेपत्ता, बलात्कार, प्रहरी तथा सैनिक हिरासतभित्रका यौनजन्य हिंसा, यातना, मानवता विरुद्धको अपराध, आम नरसंहार, व्यवस्थित रुपले गरिएको विस्थापन राखिनुपर्ने र त्यस्ता घटनामा क्षमादान दिन नसकिने धारणा परामर्शबाट आएका थिए। उजुरीको छानबिन तथा अनुसन्धान गर्दा सर्वसाधारणलाई सार्वजनिक सूचनाको आह्वान गर्ने, पीडितबाट उजुरी, जाहेरी, सुनुवाइ, छानबिन र घटनाको विश्लेषण, पीडितबाट आफ्नो घटना भन्न सक्ने वातावरण निर्माण गर्ने, किटानी जाहेरीमा उल्लेखित गरिएका आरोपितको बयान लिने, छानबिन र अनुसन्धानको प्रकृयाबारे पीडितलाई समयसमयमा जानकारी गराउने, महिला, बालबालिका र लैङ्गिक हिंसासँग सम्बन्धित घटनाको गोपनीयता कायम हुनुपर्ने, नियमित फौजदारी न्याय प्रणालीमा जस्तै छानबिन तथा अनुसन्धानमा ध्यान दिनुपर्ने, विशेष अदालत गठन पश्चात नियमित फौजदारी प्रणाली अन्तर्गत नै अनुसन्धान गरिनु पर्ने सुझाव आएका थिए।

मानव अधिकारको गम्भीर उल्लङ्घनसम्बन्धी बाहेकका घटनामा क्षमादान दिँदा अनुसन्धानपछि पीडितको सहमतिमा आरोपित तथा कसुरदारले क्षमायाचना गरेको आधारमा मेलमिलाप गराउने यथोचित क्षतिपुर्तिको व्यवस्था गराउने, पीडितलाई सान्त्वना, परामर्श र मानवीय जीवनयापन गर्न सक्ने वातावरण निर्माण गर्ने, पीडितको सहमतिमा मात्र क्षमादान गर्न सकिने, पीडितको स्वतन्त्र सहमतिको सुनिश्चितता हुनुपर्ने, छानबिन/अनुसन्धानमा पीडकले अर्थपूर्ण सहयोग गरेको हुनुपर्ने र भविष्यमा यस्तो घटना नदोहोरिने प्रतिबद्धता हुनुपर्ने, पीडितमा सम्मानजनक आत्मसन्तुष्टी देखिनुपर्ने र क्षमादान दिँदा परिपूरणबाट कुनै पनि शर्तमा वञ्चित हुनु नहुने सुझाव आएका थिए। समाजमा मेलमिलापको वातावरण बनाउन के कस्ता उपायहरू अवलम्बन गर्न गम्भीर मानव अधिकार उल्लङ्घनको घटनामा अभियोजन गर्नुपर्ने, सरोकारवालासँग सम्वाद गर्नुपर्ने, अन्तक्रिया, छलफल, सम्वाद, सत्यतथ्यको पहिचान, स्वीकारोक्ति, पीडकबाट गल्तिको महसुस, क्षमायाचना गरिनुपर्ने सुझाव आएका थिए। विज्ञको सहभागितामा विशेष अदालतको व्यवस्था गरिनुपर्ने, पीडितले चाहेमा नियमित फैजदारी अदालतमा जान सक्ने व्यवस्था राखिनुपर्ने, क्षमादान दिन नसकिने मानव अधिकारका गम्भीर उल्लङ्घनका घटनाका बारेमा अदालतले जन्म कैदसम्मको सजाय तोकिनु पर्ने, साङ्केतिक सजाय मान्य नहुने भनाई राखिएका थिए। आयोगले सार्वजनिक सुनुवाइ गर्दा घटनाको प्रकृति अनुसारका बेग्लाबेग्लै सार्वजनिक सुनुवाइ हुनुपर्ने धारणा व्यक्त भएका थिए।

पीडित समुदायको सहकार्यमा विस्तृत परिपूरण नीति तयार पार्नुपर्ने,

द्वन्द्वपीडित अपाङ्ता भएका, घाइते भएका व्यक्तिहरूलाई आवश्यक नि:शुल्क स्वास्थ्य उपचार र सहयोगी सामग्री, कृत्रिम अङ्ग, सहजताका लागि तीन पाङ्ग्रे स्कुटर उपलब्ध गराउनु पर्ने, नि:शुल्क उच्च शिक्षा, प्रविधिक शिक्षा दिनु पर्ने, द्वन्द्व पीडित परिवारलाई परिचयपत्र दिँदा नियमावली, कार्यविधि बनाई अधिकार सम्पन्न सम्मानजनक परिचयपत्रको व्यवस्था गर्नुपर्ने, तीनै तहको सरकारले परिपूरणसम्बन्धी नीति ल्याई त्यसलाई कार्यन्वयन गर्ने, पीडितको पहिचान (परिचय) तथा सम्मानको लागि परिचयपत्र दिने, सहुलियतको व्यवस्था, रोजगार, उपचार र स्वस्थ्य शिक्षा, मनोपरामर्श सेवा, कृषि अनुदान/अन्य सुविधामा प्राथमिकता, सीपमूलक तालिम, परिचयको आधारमा सरकारी सेवा सार्वजनिक सेवामा सेवा, सुविधा र सहुलियतको व्यवस्था गर्नुपर्ने सुझाव आएका थिए। राहत पुनर्स्थापना, शिक्षा स्वाथ्यको व्यवस्था, रोजगारी र अन्य अवसरको व्यवस्था, गुमेका अवसरको मूल्याङ्कन गर्नुपर्ने, सामूहिक परिपूरणको व्यवस्था गर्नुपर्ने, श्रेणीकरणका आधारमा पीडितको परिचयपत्र, सामाजिक सुरक्षा भत्ताको व्यवस्था, सामूहिक उद्यमशिलता, नि:शुल्क शिक्षा तथा स्वास्थ्य, भिन्न कर तथा राजस्व छुट र मिनाहा गर्नुपर्ने माग गरेका थिए।

आयोगको विश्वसनीयता अभिवृद्धि गर्न, आयोगमा दुई जना सदस्य पीडितको तर्फबाट हुनुपर्ने, छनोट र नियुक्ति दलीय राजनीतिक प्रभावरहित पारदर्शी तरिकाले द्वन्द्वका पक्षहरूसँग निरपेक्ष व्यक्तिहरू छनोट गरी आयोगका पदाधिकारीको रुपमा नियुक्त गर्ने, आयोग र पीडितबिच निरन्तर अन्तरक्रिया छलफल गर्नु पर्ने, आयोगले द्वन्द्व पीडितहरूसँग काम गर्दा स्थानीय तहसँग समन्वय गरिनुपर्ने, आयोगका हरेक कार्यक्रम पारदर्शी र प्रभावकारी हुनुपर्ने, आयोगको सिफारिस कार्यान्वयन हुन्छ भन्ने कुराको सुनिश्चितता हुनुपर्ने सुझाव पीडितहरूले दिएका थिए। आयोगलाई वित्तीय तथा जनशक्ति, अधिकारक्षेत्रमा स्रोत साधन सम्पन्न गराउनु पर्ने, राजनैतिक हस्तक्षेपबाट मुक्त राखिनुपर्ने कुरा व्यक्त भएका थिए। आयोगले विभिन्न सरकारी, गैर सरकारी निकायहरूको परामर्शमा काम गर्नुपर्ने, बेपत्ता पारिएको व्यक्तिको सम्पत्ति निजको हकवालामा हस्तान्तरण गर्ने व्यवस्था गर्नुपर्ने, मानव अधिकारको उल्लंघनको घटनामा संलग्न व्यक्तिको परीक्षण (भेटिङ्ग)को व्यवस्था गर्नुपर्ने मानव अधिकार उल्लङ्घनमा संलग्न सुरक्षा निकायहरू (सेना, प्रहरीको) संस्थागत सुधारका लागि संस्थागत जिम्मेवारी लिने र त्यस्ता घटनामा संलग्न व्यक्तहरूलाई संस्थागत कारबाही गर्नुपर्ने भन्ने सुझाव आएका थिए।

संशोधन विधेयक

संशोधन विधेयक मस्यौदाको प्रकृयालाई पनि पारदर्शी, परामर्शयुक्त र विश्वसनीय बनाउन सरोकारवालाहरूको सहकार्य हुनुपर्ने, परामर्शबाट प्राप्त सुझावहरू इमान्दारिताका साथ मस्यौदामा समावेश गर्न पीडित तथा नागरिक समाजले माग गरेका थिए। साथै परामर्शबाट प्राप्त सुझावहरूको प्रतिवेदन सार्वजनिक गर्न, आएका सुझावहरूलाइ ऐन, नियमावली तथा निर्देशिकामा समावेश हुने सवालमा वर्गीकरण गर्न एवम् सरकार र आयोगले सम्पादन गर्नुपर्ने कार्यहरू समेत वर्गीकरण गर्न सुझाव पेश गरिएको थियो। मस्यौदा तयार भएपछि सरोकारवाला तथा विज्ञको सुझाव लिनुपर्ने माग समेत पीडित समुदायले राखेका थिए। सरकारले २०७९ साल असार ३१ गते मध्यराति बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ संशोधन विधेयक संसदमा दर्ता गरायो। पीडित समुदाय र नागरिक समाजले विधेयक संसदमा दर्ता गर्नुअघि हेर्न र सुझाव दिन पाएनन्। विधेयकमा केही सकारात्मक प्रावधानहरू छन्। तर, विधेयकमा सर्वोच्च अदालतको फैसला एवम् अन्तर्राष्ट्रिय कानुन विपरितका प्रावधान समेत राखिएको पाउँदा पीडित समुदाय निकै दु:खित् भयो।

विधेयकमा द्वन्द्वकालीन ज्यादतीलाई मानव अधिकारको गम्भीर उल्लङ्घन र मानव अधिकारको गम्भीर उल्लङ्घन गरी दुई प्रकृतिमा विभाजन गरिएको छ। यो विधेयकले मेलमिलाप र क्षमादान नहुने भन्दै गम्भीर उल्लङ्घनन अन्तर्गत क्रुर यातना दिई निर्ममतापूर्वक ज्यान मारेको, क्रुर र अमानवीय यातना, बलात्कार र जबर्जस्ती बेपत्ता पार्ने कार्यहरू मात्र राखेको छ। गम्भीर मानव अधिकार उल्लङ्घनमा संलग्न भएकाहरूलाई अभियोजन गर्नका लागि यो विधेयकले विशेष अदालतको गठन गर्ने व्यवस्था गरेको छ। विधेयकले परिपूरणलाई पीडितको अधिकारको रूपमा व्यवस्था गरेको छ र प्रारम्भिक अनुसान्धानापछि पीडितलाई अन्तरिम राहत प्रदान गर्ने व्यवस्था गरेको छ, बेपत्ता पारिएका व्यक्तिका परिवारहरूले सम्पत्तिमाथिको नागरिक अधिकार मृत्यु भएका व्यक्तिको परिवारकै सरह पाउने व्यवस्था गरेको छ। त्यस्तै आयोगको कार्यादेशमा मानव अधिकार उल्लङ्घनको प्रवृत्ति, प्रकृति, द्वन्द्वको प्रभाव अध्ययन गर्ने संस्थागत सुधार तथा भेटिङको लागि सिफारिस गर्ने व्यवस्था गरेको छ। अन्यायमा परेका सुरक्षा निकायसँग सम्बन्धित पीडित एवम् शान्ति सम्झौता पश्चात भएका विस्फोटमा पीडित हुन पुगेका नागरिकहरूको सवाल समेत समावेश गर्ने जस्ता सकारात्मक व्यवस्थाहरू समावेश गरिएको छ।

तर, विधेयकमा मानव अधिकार उल्लङ्घनलाई गम्भीर मानव अधिकार उल्लङ्घन र अन्य मानव अधिकार उल्लङ्घन अन्तर्गत राखिएका उल्लङ्घनका सूचीहरू उपर द्वन्द्वपीडित समुदायको गम्भीर असहमति रहेको छ। गम्भीर मानव अधिकार उल्लङ्घनमा क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेको, जबरजस्ती करणी, अमानवीय र क्रुरतापूर्वक दिएको यातना र जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई मात्र राखेर मानव अधिकारका अन्य उल्लङ्घनहरूमा कुटपिट गर्ने, अङ्गभङ्ग वा अपाङ्ग बनाउने, जबरजस्ती विस्थापन, व्यक्तिगत वा सार्वजनिक सम्पत्ति लुटपाट, कब्जा, तोडफोड वा आगजनी गर्ने, गैरकानुनी थुनामा राख्ने, अपहरण तथा शरीर बन्धक बनाउने र अन्तर्राष्ट्रिय मानव अधिकार वा मानवीय कानुन विपरीत गरिएका जुनसुकै अमानवीय कार्यलाई समावेश गरिएको छ। मानव अधिकार गम्भीर उल्लङ्घनको दायरालाई निकै साँघुरो पारेर कैयौँ गम्भीर प्रकृतिका उल्लङ्घनका घटनालाई समेत जबरजस्ती अन्य उल्लङ्घनमा राखेर क्षमादान दिन खोजिएको छ। मानव अधिकारको गम्भीर उल्लङ्घन र मानव अधिकारको उल्लङ्घन अन्तर्गत क्षमा

दिन योग्य र क्षमा दिन अयोग्य अपराधहरूलाई जसरी वर्गीकरण गरिएको छ र प्रचलिन कानुन बमोजिम सजाय घटाएर दण्ड गर्ने प्रस्ताव गरिएको प्रावधानबाट घुमाइफिराइ कानुनी छिद्रहरूको प्रयोग गरी सबै पीडकहरूलाई उन्मुक्ति दिन खोजिएको स्पष्ट देखिन्छ। कुनै पनि उल्लङ्घनलाई गम्भीर उल्लङ्घन प्रमाणित गर्नुपर्ने अवस्थाले पीडितलाई झन् पीडा दिने देखिन्छ।

हत्या जस्तो गम्भीर अपराधलाई फेरि गम्भीर भनेर प्रमाणित गर्नुपर्ने हास्यास्पद प्रावधान राखिएको छ। हत्यालाई 'निर्ममतापूर्वक ज्यान मारेको' हुनुपर्ने तथा यातनालाई 'क्रुर र अमानवीय' तवरमा यातना दिइएको हुनुपर्ने भनेर राखिएको छ। निशस्त्र सर्वसाधारण व्यक्तिलाई गरिएको बलात्कारलाई क्षमादान दिन नमिल्ने मानव अधिकारको गम्भीर उल्लङ्घन अन्तर्गत राखिएको छ। अन्य प्रकृतिका यौनजन्य हिंसालाई अन्य उल्लङ्घन अन्तर्गत राखेर क्षमादान दिन मिल्ने बनाउन खोजिएको छ। यातनलाई गम्भीर उल्लङ्घनका रूपमा समावेश गरिएको छ तर कुटपिट र शरीर अङ्गभङ्ग पार्ने कार्यलाई अन्य मानव अधिकार उल्लङ्घनका रूपमा राखिएको छ। आयोगको कार्य अवधि एक वर्ष राखिएको छ र एक वर्ष थप गर्न सकिने भनिएको छ। हालसम्म कुनै उजुरीउपर कुनै ठोस काम कारबाही नभएको सन्दर्भमा एक वर्षको कार्यावधि राखिनु हास्यास्पद छ। पटकपटक म्याद थप्ने कार्यले आयोगलाई अस्थिर र सरकार नियन्त्रित बनाउँछ।

आयोगले उजुरीको अनुसन्धानपछि अभियोजनका लागि महान्यायाधिवक्तालाई सिफारिस गर्न सक्ने व्यवस्था राखिएको छ। आयोगले गर्ने अनुसन्धानले के कति प्रमाण सङ्कन गर्न सक्छ र उक्त अनुसन्धान नै अभियोजनका लागि पर्याप्त हुन्छ भन्ने प्रश्न उब्जिएको छ। न त आयोगमा विशिष्ट अनुसान्धान इकाई राखिएको छ न त महान्यायाधिवक्ताले थप आवश्यक अनुसान्धान गर्ने व्यवस्था गरिएको छ। महान्यायाधिवक्ता वा सरकारी वकिलले सिफारिस भएको ६ महिनाभित्र मुद्दा चल्ने वा नचल्ने निर्णय गर्न सक्नेछन्। ६ महिना भित्र मुद्दा चलाउने निर्णय नगरे मुद्दा चल्न नसक्ने अनि आयोगको कमजोर अनुसन्धान र कमजोर प्रमाणकै आधारमा मुद्दा चलाउँदा पीडकको फौजदारी जबाफदेहिता बहन गराउने सम्भावना निकै कमजोर रहन्छ। विधेयकमा पीडकलाई प्रचलित कानुन बमोजिम दण्डसजाय गर्ने कुरा लेखिएको छ। तर, द्वन्द्वकालमा भएका यातना र बलपूर्वक बेपत्ता पार्ने कार्यसम्बन्धी अपराधहरू अपराधको रूपमा परिभाषित थिएनन्। प्रचलित कानुन भनेको विद्यामान मुलुकी संहिता हो। २०७४ मा कार्यान्वयनमा आएको कानुन भूतलक्षी प्रभाव नहुने व्यवस्था रहेकाले द्वान्द्वकालीन घटनामा अभियोजन हुनसक्ने नै देखिन्न।

आयोगले सिफारिस गरेको मुद्दाको सुनुवाइ गर्न न्यायपरिषद्सँगको 'परामर्श'मा नियुक्त गरिएका तीन जना न्यायाधीश रहने गरी विशेष अदालत गठन गर्ने उल्लेख छ। विशेष अदालतको निर्णय अन्तिम हुने र त्यस निर्णय उपर पुनरावेदन नलाग्ने व्यवस्था राखिएको छ। साथै द्वन्द्वसँग सम्बन्धित अन्य अदालतमा विचाराधीन मुद्दा विशेष अदालतमा ल्याउने उक्त मुद्दाहरू सर्वोच्च अदालतको परमादेश विपरीत फेरि विशेष अदालतबाट आयोगमा पठाउने प्रावधान समेत राखिएको छ। अभियुक्तले सत्यतथ्य खुलाएको, क्षतिपूर्ति तिर्न राजी भएको, उल्लङ्घन हुँदाको सन्दर्भ, सङ्क्रमणकालीन न्यायको सिद्धान्त लागयतका आधारमा अभियोजन गर्दा नै घटी सजाय गर्नुपर्ने भनी स्वतन्त्र विशेष अदालतलाई नै निर्देश र हस्तक्षेप गर्न खोजिएको छ।

विधेयकमा द्वन्द्वको मूलकारण पहिल्याई पुनः दोहोरिन नदिने, उल्लङ्घनमा संलग्न भएकाहरूको भेटिङ गरिने, अभियोजनका लागि विशेष अदालत गठन गरिने, परिपूरणलाई पीडितको अधिकारको रूपमा परिभाषित गर्ने, पीडितको स्वतन्त्र सहमतिमा मात्र मेलमिलाप गर्ने, आयोगहरूको पुनर्गठन गर्ने सकारात्मक प्रावधान रहेका छन्। सरकारले संसदमा दर्ता गरेको बेपत्ता पारिएका व्यक्तिको छानबिन, सत्य निरूपण तथा मेलमिलाप आयोग ऐन, २०७१ लाई संशोधन विधेयकका अपराधको वर्गीकरण, सत्य अन्वेषण, कार्यवधि, विशेष अदालत, दण्डसजाय लगायतका सवालहरूमा द्वन्द्वपीडित समुदायको गम्भीर असहमति रहेको छ। सातै प्रदेश र काठमाडौँमा आयोजना गरिएको परामर्शका सुझाव, सर्वोच्च अदालतको फैसला र अन्तर्राष्ट्रिय कानुन बमोजिम हुनेगरी ऐन संशोधन प्रस्ताव प्रस्तुत गरिएन।

निष्कर्ष

प्रस्तावित विधेयकका त्रुटीपूर्ण, पीडकलाई उन्मुक्ति दिने, सर्वोच्च अदालतको परमादेश विपरित र परामर्शबाट आएका सुझावहरू समेत नसमेटिने गरी दलीय सहमतिमा राखिएका प्रावधानहरू तत्काल संशोधन गर्नुपर्दछ। उक्त त्रुटिहरूलाई तत्काल सच्याउनका लागि कानुन मन्त्रालय एवम् सत्ता गठबन्धनले तत्काल जबाफदेही र इमान्दार पहल गरिहाल्नु पर्दछ। हाल संसदको क्षेत्राधिकारमा पुगेको विधेयकका आपत्तिजनक र न्याय विरोधि प्रावधानहरू तत्काल संशोधन गरी पारित गर्नका लागि सम्पूर्ण सांसद, मानव अधिकार तथा विधायन समितिले पहलकदमी लिनुपर्दछ। सांसदहरूले दशकौँदेखि पीडा र अन्यायमा पिल्सिरहेका आमा पीडितहरूको पीडामा मलम लगाउने र न्यायको अनुभूति गराउने दशकौँदेखिको दायित्व इमान्दारिपुर्वक अनुभूत र बहन गर्नुपर्दछ।

संसद विघटन र संसदीय निर्वाचनको सङ्घारमा रहेको छ। विधेयक फिर्ता गर्नु जोखिमपूर्ण समेत हुन सक्छ। ऐन कानुन नै नआउने अनि आयोग पनि नबन्ने खतरा समेत उत्तिकै रहेको छ। त्यसैले अपराधको वर्गीकरण, सत्य अन्वेषण, कार्यवधि, विशेष अदालत, दण्डसजाय लगायतका सवालहरू तत्काल संशोधन गरेर ऐन संशोधन गरिहाल्नुपर्दछ। त्यसपछि विश्वसनीय र पारदर्शी प्रक्रियाद्वारा उक्त समस्या समाधान गर्न सक्ने, योग्यता, क्षमता र स्पष्ट कार्ययोजना भएका, न्यायिक मन भएका, दबाब सामु नझुक्ने, सही र गलत खुट्याउन सक्ने विशिष्ट व्यक्तिहरू छनौट गरी आयोग गठन गर्नुपर्दछ। त्यस्ता व्यक्तिहरूलाई उक्त जिम्मेवारी बहन गरिदिनका लागि सरकार र सरोकारवालाहरूले पहलकदमी समेत गर्नुपर्ने हुन्छ। द्वन्द्वपीडितको पीडाप्रति सरकार र राजनीतिक दलहरूको रमिते अवस्था बन्द हुनुपर्दछ।

(अधिकारी द्वन्द्वपीडित हुनुहुन्छ)

विश्लेषण

नारायणी देवकोटा*

२०४६ सालपछि नेपालमा महिला आन्दोलनका आयाम

नेपालमा महिला आन्दोलको सवाल आउँदा हामी कि त भोजपुरकी योगमाया सम्झन्छौँ (जो मुलुकमा राजनीतिक–सामाजिक परिवर्तनको माग राख्दा उचित सुनुवाइ नभएपछि आफ्ना ६७ जना अनुयायीसहित आत्मदाह गरेकी थिइन्), कि त कृष्णप्रसाद कोइरालाकी पत्नी दिव्या कोइरालाको अध्यक्षतामा गठन भएको महिला समिति सम्झन्छौँ। उक्त आधारमा हेर्दा नेपालको महिला आन्दोलनले १ सय वर्षभन्दा बढी समय काटिसकेको छ। तर, यी १ सय वर्षका घटनाक्रमलाई फर्केर हेर्दा महिला आन्दोलनका कैयौँ मुद्दा सुनुवाइ नै भएका छैनन् भने कैयौँ मुद्दामा महिला आन्दोलन भित्रै प्रशस्त आरोप प्रत्यारोप चलिरहेको छ। उदाहरणको लागि कुन मूलधार र कुन सीमान्तकृत धार, कुन महिला आन्दोलन भुईं तहबाट र कुन महिला आन्दोलन विकासे एजेण्डाको कार्यान्वयन जस्ता सवालमा अझै स्पष्ट हुन सकेको छैन।

स्थापनाको १ सय वर्ष पुगेपछि पछि फर्केर विश्लेषण गर्दा महिला आन्दोलन भित्रका कैयौँ कार्यक्रम र आन्दोलन महिला आन्दोलन थिए कि राजनीतिक आन्दोलन वा विकास एजेण्डाकै एक हिस्सा वा पाटो थिए भनेर छलफल गर्नका लागि प्रशस्त ठाउँहरू छन्। योगमायाको विद्रोह र २००४ सालमा साहना प्रधान, साधना प्रधान र उहाँहरूका साथीहरूले महिलालाई मताधिकारको माग राखेर प्रधानमन्त्री निवासमा गएको 'डेलिगेशन'लाई छोड्ने हो भने २०४६ सालभन्दा अगाडिको र त्यसपछिका कथित 'मुलधार'को महिला आन्दोलन कि राजनीतिक दलको आडमा, कि सरकारको आडमा, कि सहयोग निगमहरूको आडमा थिए भनेर हामी भन्न सक्छौँ। र, यसका लागि मीना आचार्य, सेरा तमाङ, रेणु अधिकारीले फरकफरक तर गहिरो गरी विश्लेषण गरिसक्नु भएको छ। यो लेखमा उहाँहरूका तर्क तथ्य पनि जोडिन्छन् तर २०४६ सालपछि महिला आन्दोलन र उक्त वैचारिकीमा आएको परिवर्तन र सैद्धान्तिक आधारमा महिला आन्दोलनको वर्तमानको अवस्थामा केन्द्रित रहेर विश्लेषण गर्ने प्रयास गरिएको छ।

महिला आन्दोलनका धारहरू

हुन त २०४६ सालको राजनीतिक परिवर्तनपछि पनि महिलाका सवाललाई सरकारी आडमा, राजनीतिक दलको आडमा वा वैदेशिक सहयोगको आडमा आफ्नो अनुकुल हुँदा अगाडि बढाउने क्रम अहिले पनि निकै बल्लियो गरी जारी छ। साथसाथै आआफ्नो ठाउँबाट वा क्षेत्रबाट महिलाको आआफ्ना समस्या र समाधानका प्रस्तावसहित अगाडि बढे। अर्थात्, वर्तमानमा महिलाहरू आआफ्ना वर्ग, जात, क्षेत्रका आधारमा आआफ्ना कथासहित अगाडि बढिरहेका छन्। जसलाई स्वतन्त्र महिला आन्दोलन पनि भन्न सकिन्छ। वैचारिक बिनाको कुनै आन्दोलन नहुने हुँदा "स्वतन्त्र" भनिने महिला आन्दोलन पनि पूर्णरूपमा स्वतन्त्र छ भन्ने दावी चाहिँ गर्न सकिँदैन। तर, केही हदसम्म राजनीतिक पार्टी, वैदेशिक सहायता र सरकारको आडबाट स्वतन्त्र भन्न भने सकन्छि। यसको एक उदाहरणको रूपमा हामी काठमाडौँका सडकमा, विशेषगरी माइतीघर मण्डलामा हरेक साता जस्तो महिला अधिकारका कुनै न कुनै पक्षका नाराहरू लगाइरहेका मानिसहरूलाई देख्न सकिन्छ। झट्ट हेर्दा महिलाहरूको समूहले निरन्तर खबरदारी गरिरहेको जस्तो देखिए पनि भित्र पसेर हेर्दा हरेक दिन फरकफरक समूहले फरकफरक विषयमा वा एउटै विषयमा पनि फरकफरक कोणबाट विश्लेषण सहित व्याख्या गरिरहेको पाइन्छ। जसले गर्दा आआफ्नो क्षेत्रबाट आन्दोलनहरू गर्दै आफ्ना मुद्दा बाहेक अरुका मुद्दामा नबोल्नेदेखि आफ्नो अधिकारको आवाज उठाउँदै गर्दा अरुको अधिकार कुण्ठित भएको छ कि छैन भन्ने बारेमा कतिपय हदसम्म चासो र सरोकार नराख्ने गरिएको पाइन्छ। जसले गर्दा २०४६ सालको परिवर्तन पछिको महिला आन्दोलन तुलनात्मक रूपमा सङ्गठित हुनुभन्दा छरपष्ट भएको देखिन्छ।

कुन धार मूलधार ?

विक्रम सम्वत् २०४६ सालपछि महिला आन्दोलन भित्रैबाट 'महिला आन्दोलन भनेकै के हो ?', 'महिला आन्दोलनले कुन समुदाय, अवस्था, वर्ग, यौनिकता, क्षेत्रका वा स्थानका महिलाको आवाज-आन्दोलन हो' भन्ने प्रश्नहरूलाई अगाडि बढाए। एकातर्फ आफ्नो जीवन अनुभव र मुलधारमा भन्ने गरिएको महिला आन्दोलन, महिला मुक्ति, महिला सशक्तिकरणसँग आफ्ना जीवनका सत्यताहरू मिल्छन् कि मिल्दैनन् भन्ने प्रश्न निक्कै पेचिलो भएर आयो।

सिमान्तकृत महिलाहरूका आन्दोलनमा नेपालका मुलधारे महिला आन्दोलनले आफ्ना मुद्दामा नबोलेको भन्ने सवाललाई बारम्बार उठाइएको आवाज हो। यसरी सवाल उठाउनेमा जनजाति, दलित, तराई मधेसका, अपाङ्गता भएका र अनौपचारिक क्षेत्रमा काम गरिरहेका महिलाहरूले बारम्बार 'हाम्रा मुद्दा महिला आन्दोलनका मुद्दा हुन् कि होइनन् ? हुन् भने यी मुद्दामा किन सवाल उठाउँदैनौ ? हाम्रा मुद्दा तिमीहरूका मुद्दा हैनन् भने हाम्रो प्रतिनिधित्व तिमीहरूले किन र कसरी गर्न सक्छौ ?' भन्ने प्रश्न उठाइरहन्छन्। अर्कोतर्फ महिलाहरूले आफूले भोगिरहेका समस्यालाई सार्वजानिक बहसमा राख्ने, समाधानको उपायहरू केलाउने कुरामा केन्द्रीत त भए तर छरिएको रूपमा।

सिमान्तीकरणमा परेका सवालमा नै रहेर भन्दा, त्यसो भए नेपालको महिला आन्दोलनको मुलधार के हो त ? उनीहरूलाई केका आधारमा हेर्ने ? सङ्गठित शक्ति, मुद्दामा स्पष्टता, वा सैद्धान्तिक आलोकमा ? २०४६ सालपछि पनि महिला आन्दोलन वा नारीवादी आन्दोलन वा महिलावादी आन्दोलन वा नारीमुक्ति आन्दोलनको बलियो वा मूलधार अझै पनि राज्यसत्ता वरिपरि रहेका महिलाहरूको समूह, जो जातीय आधारमा पनि उच्च जातका, काठमाडौँको राजनीतिमा

*देवकोटा सरस्वती बहुमुखी क्याम्पस ठमेलमा अध्यापनरत हुनुहुन्छ।

बलियो पहुँच भएका र सत्ताका वरिपरि रहेर दातृ निकायका माथिल्ला तहमा रहेका नेपाली महिलाको समूहलाई मान्ने गरिन्छ।

यो धारमा आफ्नो पार्टीको वा जागिरे जीवनको वा आफ्ना दातृ निकायहरूको स्वार्थ नबाझिने मुद्दामा वा महिलाका अधिकारमा आफूले पनि काम गरिरहेका छौँ भन्ने देखाउनको लागि वा कुनै मुद्दामा प्रतिबद्ध भएर वा कुनै मुद्दा आफ्नो वैचारिक वा कार्यक्षेत्र क्षेत्रबाहिरको भनेर चुपचाप लागेर अगाडि बढिरहेको पाइन्छ। तर, आर्थिक स्रोतमा पहुँच नीति निर्माणदेखि कार्यान्वयनसम्म प्रत्यक्ष प्रभाव पार्ने यो समूहलाई छुटाएर हेर्न भने सकिँदैन। साथसाथै यो एउटा धारसँग धेरै हदसम्म स्वयम्सेवामा आधारित भएर सङ्गठनसहित भएको हुँदा महत्वपूर्ण छ। महिलाका सवाललाई हेर्ने सन्दर्भमा यो धार अस्पष्ट हुँदा महिलामुखी हुनुभन्दा नेता, दातृ निकाय वा सरकारी कार्यक्रमहरूलाई अगाडि सारिरहेको पाइन्छ। आमरूपमा पहाडिया, उच्च जातका, पढेलेखेका, मध्यम वर्गका महिलाहरूको नेतृत्व यो धारमा रहेको छ। दिनरात मेहनत गर्नुपर्ने, जागिर गुमेको अवस्थामा के खाउँला ? बाढी पहिरो आए कहाँ गएर बाँचौँला ? भन्ने समस्या नभएका महिलाहरूकै नेतृत्व रहेको हुँदा सिमान्तीकरणमा परेका महिलाहरूले अपेक्षा राखेर गुहार मागेको खण्डमा पनि सहयोग नपाएको प्रशस्त गुनासाहरू सुन्न, पढ्न र देख्न सकिन्छ।

यी दुईधारका साथसाथै २०४६ सालपछिका दिनमा महिलाहरूले आआफ्ना ठाउँबाट महिलाका सवाललाई अगाडि बढाएका छन्। जसको कारण एकातर्फ कैयौँ सामाजिक आन्दोलन भित्रैबाट महिला आन्दोलनको धार निस्कियो भने कतै आफ्नै समस्यालाई बताउँदै सुनाउँदै गर्दै छुट्टै खालको सामाजिक आन्दोलनको जन्म भयो। यसरी सामाजिक आन्दोलनभित्रै महिलाका सवाललाई अगाडि बढाउँदा 'आन्दोलनलाई कमजोर पार्ने उग्रवादी महिलाहरू'को ट्याग वा 'आन्दोलन कमजोर बनाउने षड्यन्त्र'को रूपमा लिने गरेको पाइन्छ। उदाहरणको लागि मानव अधिकार आन्दोलनभित्र, महिला मानव अधिकार रक्षकहरूले मानव अधिकारको क्षेत्रमा काम गरिरहेका महिलाहरू पुरुष अधिकारकर्मीभन्दा बढी जोखिममा भएको निष्कर्ष निकाले आफ्नो छुट्टै सञ्जाललाई अगाडि बढाए (रेणु अधिकारी)। दलित आन्दोलनभित्रै दलित महिलाहरूले दलित महिला हुनु महिला मात्रै हुनु वा दलित मात्रै हुनु होइन भनेर आफ्ना अधिकारका आन्दोलनलाई फरक तरिकाले अगाडि बढाए (दुर्गा सोव)। त्यसैगरी जनजाति आन्दोलन जनजाति महिलाले भोगेको जीवनका समस्या महिला वा जनजाति मात्रैको आन्दोलनले समाधान गर्दैन भनेर आफ्नो फरक आन्दोलन अगाडि बढाए (कान्ति भट्टचन)। अपाङ्गता भएका मानिसहरूको अधिकारको आन्दोलनभित्र महिलाका सवाललाई विशेष रूपमा अगाडि बढाउन अपाङ्गता भएका महिलाहरू अगाडि सरे (टिका दहाल)।

सामाजिक आन्दोलनभन्दा बाहिर पनि आफ्नै जीवन अनुभवबाट सिकेर, भोगेर पनि नेपाली महिला आन्दोलनको धार अगाडि आयो। त्योमध्ये एक हो विधवा हुनु भनेको जीवनका रङ्गहरूबाट बिमुख हुनु होइन भन्दै रातो टिका अभियानले पनि नेपाली समाजको वैचारिक र महिलाका अधिकारलाई फरक ढङ्गले अगाडि बढाएको पनि पाइन्छ। तर, 'रातो टिका अभियानले हिन्दु उच्च जातिका महिलाको मात्रै सवालमा काम गर्ने हुँदा जनजाति महिलाहरूको सत्यतालाई खारेज गर्छ' भन्ने कोणबाट यसको आलोचना गर्ने गरिन्छ (कैलाश राई, बन्दना ढकाल)। तर, यो एउटा समुदायका महिलाको मात्रै आन्दोलन थियो भनेर बुझ्ने बुझाउने काम भने भएको पाइँदैन।

महिलाका सवाल यसरी उठाउनको लागि मुलुकमा लोकतन्त्रको स्थापना, लोकतन्त्रको आगमनसँग प्राप्त भएका अभिव्यक्ति स्वतन्त्रता, सङ्गठित हुन पाउने अधिकारले पनि मुख्य भूमिका खेल्यो भन्न सकिन्छ। त्यसमाथि २०४७ सालमा कृष्णप्रसाद भट्टराई प्रधानमन्त्री महिलामाथि हुने भेदभाव उन्मूलनसम्बन्धी महासन्धि (सिड)मा हस्ताक्षर गरेपछि महिलाको अधिकारको सावाल अझै स्पष्ट हुँदै आयो। जसले गर्दा महिलावादी आन्दोलन बढी विषयगत हुँदै गयो।

सङ्गठित शक्तिको आलोकमा हेर्दा नेपालको महिला आन्दोलनको मुलधार राजनीतिक दलका भगिनी सङ्गठन, सरकारका महिला अधिकारका निकाय (महिला मन्त्रालय, विभाग, आयोग) र दातृनिकाय र त्यहाँका कमचारी देखिए पनि सैद्धान्तिक रूपमा भन्नु पर्दा सामाजिक आन्दोलन जसभित्र महिला आन्दोलन पनि पर्दछ, यो कनै राजनीतिक क्रान्तिको योजना होइन। बरु यो भइरहेको राजनीतिक संरचना भित्रको सुधारको परिकल्पना हो। र, जुनसुकै सामाजिक आन्दोलन मुद्दामा आधारित भएर उठ्ने र उक्त मुद्दाको समाधान भएपछि सकिने प्रकृतिको हुन्छ। लोकतन्त्र (प्रजातन्त्र पनि भन्न सकिने भयो) सामाजिक आन्दोलनको अनिवार्य शर्त हो। जुनसुकै सामाजिक आन्दोलनको लागि पनि लोकतन्त्रले स्थान उपलब्ध गराउँछ। लोकतन्त्रमा सामाजिक आन्दोलन हुनुको मुख्य कुरा मानव अधिकारको प्रत्याभूति हो। जसमा मानिसलाई विचार राख्न स्वतन्त्रता, भेला गर्ने स्वतन्त्रता हुन्छ। जसले गर्दा लोकतन्त्रको अनुपस्थितिमा शान्त लागेको समाज पनि लोकतन्त्रको उपस्थितिले कोलाहलमय बनाइदिएको हुन्छ। जसलाई हामी सामाजिक आन्दोलन भन्छौँ। सामाजिक आन्दोलनको सैद्धान्तिक आलोकमा हेर्दा नेपालको मुलधारे महिला आन्दोलन जेलाई भनिरहेका छौँ। त्यो आन्दोलन नै नभएर राजनीतिक एजेण्डा, सरकारी कार्यक्रम वा दातृनिकायको योजना हो भन्न सकिन्छ।

महिला आन्दोलनमा पुरुषको भूमिका

त्यसो त नेपालको महिला आन्दोलन कहिल्यै पनि महिलाको मात्रै आन्दोलन थिएन। संस्था वा आन्दोलनको व्यानर बोकेर अगाडि हिँड्ने महिलाहरू पक्कै थिए होलान्। तर, उनीहरूलाई साथ सहयोग दिने पुरुष पनि थिए। महिला आन्दोलनको सुरुआतमा नै महिला समिति गठन गर्दा दिव्या कोइराहरूलाई अगाडि बढाउनमा कृष्णप्रसाद कोइरालाको हात थियो, त्यसैगरी योगमायाले अगाडि सारेका आन्दोलनका कार्यक्रम अगाडि बढाउनमा पनि भोजपुरका थुप्रै स्थानीय पुरुषहरूको हात थियो। नेपालमा महिला आन्दोलनको सुरुआत नितान्त स्थानीय समस्या र आदर्शमा टेकेर उठेको थियो। त्यसपछिका पुस्ताले चलाएका महिला आन्दोलनहरूमा पनि पुरुषहरूको साथ र सहयोग थियो र छ। त्यसैले त्यो महिलाले मात्रै अगाडि सारेको आन्दोलन थिएन र होइन।

अहिलेको महिला आन्दोलनको सीमा

वर्तमान नेपालको महिला आन्दोलनमा सहभागी भएका आन्दोलनकर्मीहरूको बिचमा धेरै मुद्दालाई हेर्ने दृष्टिकोण र आधारभूत मान्यतामा एकरूपता स्थापित हुन सकेको छैन। यसको कारण नेपाली समाजको सामाजिक, सांस्कृतिक, भौगालिक विविधतालाई पनि लिन सकिन्छ। विभेदलाई नै हेर्ने हो भने पनि वर्तमान नेपालमा जातको आधारमा, वर्गको आधारमा र लैङ्गिकताको आधारमा विभेदहरू संरचित छन्। यसरी संरचित विभेद विस्तारै लामो समय लगाएर मात्रै परिवर्तन हुन्छ भन्ने मान्यता समाजशास्त्रमा राखिन्छ। तर, यी विभेदलाई हेर्न पनि अहिलेसम्मको नेपालको महिला आन्दोलनले आफ्नो विचारलाई आफ्नो परिवेशबाट उठेर स्पष्ट रूपमा समग्रतामा हेर्न सकिरहेको छैन। कोसिस नै नभएको भने होइन। पछिल्लो समयमा यसैको पहलको रूपमा महिला आन्दोलनलाई समग्रतामा हेर्नको लागि इन्टरसेक्सनल देष्टिकोण अपनाउनु पर्छ भन्ने मान्यता बढिरहेको छ। तर, बिर्सन नहुने कुरा के हो भने, संसारभर नै इन्टरसेक्सनल दृष्टिकोण फेरि समग्रतामा नगई व्यक्तिव्यक्तिमा जान्छ कि भन्ने चिन्ता पनि यथावत नै छ (Anthiay, 2012, McCall 2005)। त्यसैले कुनै पनि सामाजिक आन्दोलन ठ्याक्कै यस्तै वा त्यस्तै हुँदैन भन्ने कुरालाई भुल्नु हुन्न।

महिलावादी दृष्टिकोणको कुरा आउँदा महिलावादी ज्ञानशास्त्रले विचार वा विश्लेषण विषयगत हुन्छ भन्ने कुरालाई जोड दिन्छ। तर, त्यसको अर्थ यो होइन कि आफ्नो मुद्दा मात्रै मुद्दा अरु मुद्दा चाहिँ केही होइन भन्ने र वर्तमानसम्म आइपुग्दा नेपालको महिला आन्दोलन 'स्टोरी टेलिङ्' सम्म आइपुगेको छ भन्न सकिन्छ। अर्थात्, हाम्रा यस्तायस्ता समस्या छन्, यी समस्यालाई यसरी समाधान गर्न सकिन्छ, अर्को प्रकारको महिला आन्दोलनसँग हाम्रा यीयी मुद्दाहरू मिल्छन्, यीयी मुद्दाहरू हाम्रा फरक छन् र यीयी मुद्दा समूह, वर्ग, समुदाय विशेषमा फरकफरक छन् भनेर विश्लेषण गर्ने अवस्थासम्म अझै नेपालको महिला आन्दोलन आइपुगेको छैन। जसले गर्दा कुनै एउटा विषयमा विचार फरक पर्ने बित्तिकै एउटा समूहले अर्काको समूहको विरुद्धमा हिलो छ्यापाछ्याप गर्ने अवस्थामा महिला आन्दोलन आइपुगेको छ। जसको पछिल्लो उदाहरण नेपालमा महिला अधिकारका क्षेत्रमा काम गरिरहेका महिलाहरूको समूहले "बाकट दिज्जु फेमिनिष्ट" भनेर सञ्चालन गरेको अभियानलाई लिन सकिन्छ।

२०४६ सालपछिका दिनमा महिलाहरूले आआफ्ना ठाउँबाट महिलाका सवाललाई अगाडि बढाएका छन्। जसको कारण एकातर्फ कैयौँ सामाजिक आन्दोलन भित्रैबाट महिला आन्दोलनको धार निस्कियो भने कतै आफ्नै समस्यालाई बताउँदै सुनाउँदै गर्दै छुट्टै खालको सामाजिक आन्दोलनको जन्म भयो। यसरी सामाजिक आन्दोलनभित्रै महिलाका सवाललाई अगाडि बढाउँदा 'आन्दोलनलाई कमजोर पार्ने उग्रवादी महिलाहरू'को ट्याग वा 'आन्दोलन कमजोर बनाउने षड्यन्त्र'को रुपमा लिने गरेको पाइन्छ। उदाहरणको लागि मानव अधिकार आन्दोलनभित्र, महिला मानव अधिकार रक्षकहरूले मानव अधिकारको क्षेत्रमा काम गरिरहेका महिलाहरू पुरुष अधिकारकर्मीभन्दा बढी जोखिममा भएको निष्कर्ष निकाले आफ्नो छुट्टै सञ्जाललाई अगाडि बढाए (रेणु अधिकारी)। दलित आन्दोलनभित्रै दलित महिलाहरूले दलित महिला हुनु महिला मात्रै हुनु वा दलित मात्रै हुनु होइन भनेर आफ्ना अधिकारका आन्दोलनलाई फरक तरिकाले अगाडि बढाए

थप अध्ययन सामग्री

- अधिकारी, रेणु। २०७५। भईंतहबाट परिदृश्यमा : नेपालको महिला आन्दोलनको गति र दिशा। समाज अध्ययन १३ : १४१–१६६
- तामाङ, सेरा। सन् २००४। नेपालमा विकासे नारीवाद। नेपालको सन्दर्भमा समाजशास्त्रीय चिन्तन। मेरी डेशेन र प्रत्युष वन्त, सं., ललितपुर: सोसल साइन्स बहा:।
- भट्टचन, यशो कान्ति। सन् २००९। आदिवासी जनजातीमहिलाका लैङ्गिक तथा जातिय सवाल तथा अधिकारहरू। ललितपुर: आदिवासी जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान र नेपाल आदिवासी जनजाती महासङ्घ।
- राई, कैलाश। सन् २००८। आदिवासी जनजाति महिला आन्दोलन र जनजाति महिला महासङ्घ। स्टडिज इन नेपाली हिस्ट्री एण्ड सोसाईटी १३ (१): १४७–१९९।
- राई, कैलाश। २०७३। पहिचानको खोजी: आदिवासी जनजाती महिलाका सामाजिक, सांस्कृतिक र राजनीतिक सन्दर्भ। काठमाडौं: इण्डिजिनियस मिडिया फाउन्डेसन।
- सोव, दुर्गा। २०७८। "कथित मुलधारे महिला आन्दोलन मुलत: असमावेशी चरित्रको छ"। समानताको रिले दौड। गौतम सावित्री, राई कैलास र वन्त प्रत्युष, सं., काठमाडौ : मार्टिन चौतारी।
- Anthias, Floya (2012) "intersectionality what? social divisions, intersectionality and level of analysis" Ethnicities Vol. 13(1) pp.3-19.
- MaCall, Leslie (2005) "The complexity of intersectionality", Signs, Vol 30(3), pp 1771-1800.

विश्लेषण

गीता तिमल्सिना

स्थानीय तह निर्वाचनमा महिला सहभागिता

विषय प्रवेश

लोकतन्त्र प्राप्तिको आन्दोलनपछि महिला सहभागिताको विषयले निकै प्राथमिकता पायो। समावेशी लोकतन्त्र, महिला शसक्तिकरण तथा समतामुलक सहभागिता जस्ता विषय कार्यान्वयन हुँदै आएको पनि छ। एकैपटक सबै कुरा कार्यान्वयनमा आउन सक्दैन। महिलाको सहभागितालाई क्रमश: संवैधानिक सुनिश्चितता र ऐनमा नै व्यवस्था गरिएको छ। संविधानसभाबाट निर्माण गरी कार्यान्वयनमा आइसकेको संविधानमा हरेक तहमा महिलाको सहभागिता ३३ प्रतिशत सुनिश्चित गरिएको छ। स्थानीय तह निर्वाचन ऐन २०७३ ले स्थानीय तहमा ३६.७१ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेको छ। यस आधारमा संविधानमा उल्लेख भए बमोजिम ३३ प्रतिशत महिला सहभागितामा कुनै सन्देह छैन। संविधान र स्थानीय तहको निर्वाचन ऐनले स्थानीय सरकारमा महिला, दलित र अल्पसङ्ख्यक सहितको समावेशी प्रतिनिधित्वको सुनिश्चितता गरेको छ।

निर्वाचन आयोगका अनुसार २०७९ साल वैशाख ३० गते भएको निर्वाचनमा बालिग मतदाताको सङ्ख्या १ करोड ७७ लाख ३३ हजार ७ सय ३२ रहेको छ। जसमा ८७ लाख ४१ हजार ५ सय ३० जना महिला छन्। यो भनेको कुल मतदाताको ४९.२९ प्रतिशत हो। ७ सय ५३ स्थानीय तहमा ३६ हजार ७ सय २८ जना जनप्रतिनिधि निर्वाचित हुने व्यवस्था छ। आयोगकाअनुसार निर्वाचनबाट ३९.३९ प्रतिशत महिला प्रतिनिधि निर्वाचित भएका छन्। कुल निर्वाचित प्रतिनिधिमा १३ हजार ४ सय ८६ स्थान महिलाका लागि सुरक्षित छ। यो निर्वाचनबाट १४ हजार ४ सय ६६ जना महिला निर्वाचित भएका छन्।

स्थानीय तह निर्वाचन २०७९ का मतदाता

क्र.सं.	प्रदेश	जम्मा	महिला
१.	१	३३,४७,३८४	१६,४७,५६१
२.	मधेस	३३,३१,१७०	१५,३३,१५८
३.	बागमती	३४,१२,८६९	१७,०७,९४२
४.	गण्डकी	१७,८९,४११	९,२४,९४८
५.	लुम्बिनी	३२,१९,४५७	१६,०१,३५२
६.	कर्णाली	१०,०१,२८२	४,९५,०९९
७.	सुदूरपश्चिम	१६,३२,१५०	८,३१,४७०
८.	जम्मा	१,७७,३३,७२३	८७,४१,५३०

स्थानीय तहम्बन्धी विवरण

प्रदेश	मनपा	उमनपा	नपा	गापा	वडा सङ्ख्या	जम्मा स्थानीय तह
१	१	२	४६	८८	११५७	१३७
मधेस	१	३	७३	५९	१२७१	१३६
बागमती	३	१	४१	७४	११२१	११९
गण्डकी	१	-	२६	५८	७५९	८५
लुम्बिनी	-	४	३२	७३	९८३	१०९
कर्णाली	-	-	२५	५४	७१८	७९
सुदूरपश्चिम	-	१	३३	५४	७३४	८८
जम्मा	**६**	**११**	**२७६**	**४६०**	**६७४३**	**७५३**

वडाबाट छानिने चार जना सदस्यमा कम्तीमा दुई जना महिलालाई निर्वाचित गर्नु पर्ने स्थानीय तह निर्वाचन ऐन २०७३ मा व्यवस्था छ। गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुख दुवै पदमा उम्मेदवारी दिने राजनीतिक दलले दुईमध्ये एक पदमा महिला उम्मेदवार बनाउनुपर्ने बाध्यात्मक व्यवस्था पनि छ। खुला तर्फबाट पनि महिला प्रतिनिधित्व आउनसक्ने बाटो भएपनि सम्भावना भने कमै रहन्छ।

उम्मेदवार मनोनयनको अवस्था

क्र.सं.	पद	जम्मा	महिला
१	प्रमुख	३,४९४	२६६
२	अध्यक्ष	३,३८७	१९८
३	उपप्रमुख	२,१५६	१,५४९
४	उपाध्यक्ष	२,४०१	१,७८८
५	वडाध्यक्ष	३५,२५५	१,०५०
६	महिला सदस्य	२६,४४८	२६,४४८
७	दलित महिला सदस्य	२३,८४३	२३,८४३
८	सदस्य	५५,४७१	२,५६३
९	**जम्मा**	**१,५२,४५५**	**५७,७०५**

संविधानको धारा ३८ को उपधारा ४ मा भनिएको छ- 'राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ।' मौलिक हक खण्डमा महिलाका लागि यस्तो व्यवस्था लेखिएको हो। स्थानीय तह निर्वाचन ऐन २०७३ को दफा ६ (२) मा 'गाउँपालिका वा नगरपालिकाको वडा समितिका एकजना दलित महिला सहित दुई महिला वडा सदस्य र दुई वडा सदस्यको निर्वाचनमा गोप्य मतदानको प्रकृयाद्वारा प्रत्येक सदस्यको लागि दिइने एक एक मतको आधारमा सबै भन्दा बढी मत ल्याउने दुई दुई जना निर्वाचित हुने निर्वाचन प्रणाली अपनाइनेछ।' भनिएको छ। यसै दफाका आधारमा ६ हजार ७ सय ४३ ओटा वडामा १३ हजार ४ सय ८६ जना महिला वडा सदस्य निर्वाचित गर्नै पर्छ। यसमा अर्को कुनै विकल्प र बाटो बाँकी रहँदैन। कतिपय वडामा दलित महिलाको प्रतिनिधित्व नहुँदा खाली नै रहेका उदाहरण भने छन्। निर्वाचन आयोगका अनुसार यो निर्वाचनमा ६ हजार ६ सय २० जना दलित महिला सदस्य निर्वाचित भएका छन्। दलित महिलाका लागि छुट्याइएको १ सय २३ सिट खाली नै रहेको छ। त्यसैगरी महिला सदस्यका लागि छुट्याइएको ६ हजार ७ सय ४३ सिटमा एक

स्थानीय तह निर्वाचन २०७९ मा स्थानीय तहको नेतृत्व दलगत आधारमा सङ्ख्या					
क्र.सं.	राजनीतिक दल	महानगरपालिका	उपमहानगरपालिका	नगरपालिका	गाउँपालिका
१	माओवादी केन्द्र	१	-	-	३
२	नेकपा (एकीकृत समाजवादी)	-	१	-	-
३	नेकपा एमाले	-	-	६	४
४	नेपाली कांग्रेस	-	-	४	५
५	लोपा	-	-	१	-

सिट खाली रहेको छ।

स्थानीय तह निर्वाचनमा महिला उम्मेदवार

स्थानीय तह निर्वाचनमा सबै पदमा गरी १ लाख ५२ हजार ४ सय ५५ जनाले उम्मेदवारी दर्ता गराएकामा ५७ हजार ७ सय ५ जना महिला थिए। यो भनेको कुल उम्मेदवारको ३७.८५ प्रतिशत हो।

स्थानीय तह निर्वाचनमा निर्वाचित महिलाको अवस्था

७ सय ५३ स्थानीय तह-२५ जना महिला प्रमुख

यो स्थानीय तह निर्वाचनमा देशभरबाट २५ जना महिलाले स्थानीय तहको नेतृत्व गर्ने जिम्मेवारी पाएका छन्। यो भनेको ३.३२ प्रतिशत मात्रै हो। अघिल्लो निर्वाचनमा १८ जनाले यस्तो अवसर पाएका थिए। यो निर्वाचनबाट एमालेका १० जना, कांग्रेसका नौ जना, माओवादीका चार जना, नेकपा एस र लोसपाका एक/एक जना गरी २५ जना महिलाले स्थानीय तहको नेतृत्व सम्हाल्ने जनमत पाएका छन्। उपप्रमुखमा २ सय ३३ र उपाध्यक्षमा ३ सय ३५ गरी ५ सय ६८ जना महिला निर्वाचित भएका छन्। यो सङ्ख्या कूल उपप्रमुख र उपाध्यक्षको ७५.४३ प्रतिशत हो। उनीहरू उपको

स्थानीय तह निर्वाचन २०७९ मा स्थानीय तहको नेतृत्व गर्ने महिलाहरूको सूची					
क्र.सं.	प्रदेश	जिल्ला	स्थानीय तह	प्रमुखको नाम	राजनीतिक दल
१	१	खोटाङ	हलेसी तुवाचुङ नगरपालिका	विमला राई	नेपाली कांग्रेस
२	१	झापा	विर्तामोड नगरपालिका	पवित्रादेवी महतरा	नकपा एमाले
३	१	झापा	गौरीगञ्ज गाउँपालिका	फूलवती राजवंशी	नेपाली कांग्रेस
४	१	खोटाङ	जन्तेढुङ्गा गाउँपालिका	अरुणादेवी राई	माओवादी केन्द्र
५	१	मोरङ	कानेपोखरी गाउँपालिका	राजमती इङनाम	एमाले
६	१	सोलुखुम्बु	लिखुपिके गाउँपालिका	मिनादेवी कार्की	नेपाली कांग्रेस
७	मधेस	सप्तरी	सुरूङ्गा नगरपालिका	गीता चौधरी	नेपाली कांग्रेस
८	मधेस	सर्लाही	बरहथवा नगरपालिका	कल्पनाकुमारी कटुवाल	नेकपा एमाले
९	मधेस	रौतहट	मालापुर नगरपालिका	रीनाकुमारी साह	नेकपा एमाले
१०	मधेस	रौतहट	इशनाथ नगरपालिका	कौशल्या देवी	लोपा
११	बागमती	चितवन	भरतपुर महानगरपालिका	रेणु दाहाल	माओवादी केन्द्र
१२	बागमती	मकवानपुर	हेटौँडा उपमहानगरपालिका	मीनाकुमारी लामा	नेकपा (ए. समाजवादी)
१३	बागमती	चितवन	माडी नगरपालिका	ताराकुमारी काजी महतो	नेकपा एमाले
१४	बागमती	सिन्धुली	फिक्कल गाउँपालिका	पार्वती सुनुवार	नेकपा एमाले
१५	बागमती	सिन्धुली	सुनकोशी गाउँपालिका	दिपा बोहोरा दाहाल	माओवादी केन्द्र
१६	बागमती	काभ्रेपलाञ्चोक	चौरी देउराली गाउँपालिका	रेणुका चालागाइँ	माओवादी केन्द्र
१७	गण्डकी	नवलपरासी पूर्व	हुप्सेकोट गाउँपालिका	लक्ष्मीदेवी पाण्डे	नेपाली कांग्रेस
१८	गण्डकी	बागलुङ	बडिगाड गाउँपालिका	गण्डकी थापा अधिकारी	नेपाली कांग्रेस
१९	गण्डकी	पर्वत	मोदी गाउँपालिका	हिरादेवी शमा	नेकपा एमाले
२०	लुम्बिनी	नवलपरासी पश्चिम	सुनुवल नगरपालिका	विमला अयाल	नेकपा एमाले
२१	लुम्बिनी	पाल्पा	बगनाकाली गाउँपालिका	सरस्वती दलामी (चिदी)	नेकपा एमाले
२२	कर्णाली	सुर्खेत	वीरेन्दनगर नगरपालिका	मोहनमाया ढकाल	नेकपा एमाले
२३	कर्णाली	दैलेख	भरवी गाउँपालिका	रीताकुमारी शाही	नेपाली कांग्रेस
२४	सुदूरपश्चिम	अछाम	पञ्चदेवल विनायक नगरपालिका	अम्बिकाकुमारी चलाउने	नेपाली कांग्रेस

जिम्मेवारीमा रहेपनि स्थानीय न्यायिक समितको प्रमुखको भूमिकामा संविधानले तोकोका न्यायिक कार्य सम्पादनको प्रमुख जिम्मेवारीमा हुनेछन्।

७ सय ५३ स्थानीय तहमा ५ सय ६८ जना उपप्रमुख र उपाध्यक्षमा निर्वाचित, ६९ जना वडाध्यक्ष निर्वाचित

मुलुकभरमा रहेका ७ सय ५३ स्थानीय तहमध्ये ५ सय ६८ स्थानीय तहमा उपप्रमुख तथा उपाध्यक्षमा महिला निर्वाचित भएका छन्। प्रदेश १ मा ४२ जना उपप्रमुख, ५९ जना उपाध्यक्ष र पाँच जना वडाध्यक्ष महिला निर्वाचित भएका छन्। त्यसैगरी मधेस प्रदेशमा ६८ जना उपप्रमुख, ५९ जना उपाध्यक्ष र १२ जना वडाध्यक्ष महिला निर्वाचित भएका छन्। बागमती प्रदेशमा २९ नगरपालिकामा उपप्रमुख, ४० गाउँपालिकामा उपाध्यक्ष र १२ जना वडाध्यक्ष महिला निर्वाचित भएका छन्। त्यसैगरी गण्डकी प्रदेशमा २१ जना उपप्रमुख, ४१ जना उपाध्यक्ष र १४ जना वडाध्यक्ष महिला निर्वाचित भएका छन्। लुम्बिनी प्रदेशमा ३० जना उपप्रमुख, ५९ जना उपाध्यक्ष र १४ जना वडाध्यक्ष महिला निर्वाचित भएका छन्। कर्णाली प्रदेशमा भने १८ जना उपप्रमुख, ३५ जना उपाध्यक्ष र ६ जना वडाध्यक्ष महिला निर्वाचित भएका छन्। त्यसैगरी सुदूरपश्चिममा २५ जना उपप्रमुख, ४२ जना उपाध्यक्ष र ६ जना वडाध्यक्ष महिला निर्वाचित भएका छन्। खुल्ला वडा सदस्यमा १३ हजार ४ सय ८६ सिटमा ४ सय ४२ जना महिलाले निर्वाचन जितेका छन्। निर्वाचन आयोगले राखेको तथ्याङ्क अनुसार प्रदेश १ मा ५८, मधेस प्रदेशमा ९१, बागमती प्रदेशमा ६४, गण्डकी प्रदेशमा ५४, लुम्बिनी प्रदेशमा ६०, कर्णाली प्रदेशमा ६७ र सुदूरपश्चिम प्रदेशमा ४८ जना महिलाले खुल्ला सदस्य पदमा जित हात पारेका छन्।

निष्कर्ष

यो निर्वाचनको परिणामलाई सरसर्ती हेर्दा संविधानमा नै सुनिश्चित गरिएको राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ भनी लेखिएको विषयलाई कार्यान्वयन गर्न कठिन भएको देखिन्छ। राजनीतिक नेतृत्वले कागजी रूपमा सबैलाई अधिकार सम्पन्न बनाउन प्रतिबद्धता जनाएको संवैधानिक व्यवस्थाबाट बुझ्न सकिन्छ। तर, लामो समयदेखि केन्द्रीकृत अधिकारबाट शासन सञ्चालनमा लिप्त 'समाज'ले संवैधानिक व्यवस्थालाई कार्यान्वयन गर्न गाह्रो भएको हुन सक्छ। त्यसो भन्दैमा संविधानमा भएका व्यवस्थालाई कार्यान्वयन नगरी सुखै छैन। त्यही भएर ऐनले ३६ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेकामा ३९ प्रतिशत महिला सहभागिता रहेको छ। संविधान बनाउने बेलामा सुरू गरिएको समानुपातिक, समावेशी सहभागितासम्बन्धी व्यवस्थाको औचित्य समाजमा पछाडि पारिएका वर्ग मुलधारमा आएसँग सकिन्छ। यही बाटोमा मुलुकलाई अगाडि बढाउन महिलालाई सक्षम बनाउन राज्यका सबै निकाय लाग्नु आवश्यक छ।

सन्दर्भ सूचीः

१) नेपालको संविधान/नेपाल कानुन आयोग
२) निर्वाचन आयोगको वेभसाइट
३) इन्सेक अनलाइन/स्थानीय तह निर्वाचनको वेभसाइट

(तिमल्सिना ग्रामीण सामुदायिक संस्था विकास (रिकोड)मा कार्यरत हुनुहुन्छ)

सरकार र नेकपा माओवादीले २०६३ मङ्सिर ५ गते विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर गरेपछि सशस्त्र द्वन्द्वको औपचारिक रूपमा अन्त्य त भयो। तर, सम्झौतामा उल्लेख भएबमोजिम बलपूर्वक बेपत्ता पारिएका मानिसहरूको अवस्था ६० दिनभित्र सार्वजनिक गरिने प्रतिबद्धताको कार्यान्वयनको प्रतीक्षामा पीडितका परिवार छन्। यस पुस्तकमा राज्यपक्षबाट र तत्कालीन विद्रोही पक्षबाट गरी बलपूर्वक बेपत्ता पारिएका ५ सय ३५ जनाको अद्यावधिक विवरण समाविष्ट छ। शान्ति सम्झौता भएको चार वर्ष पुग्दा पनि उनीहरूको अवस्थाका पत्ता लगाउने कार्यमा राज्य तथा राजनीतिक दलले उल्लेख्य काम गर्न सकेका छैनन्। त्यसैले हामी सबैले सोधौँ– उनीहरू कहाँ छन् ?



विश्लेषण

यज्ञप्रसाद अधिकारी*

स्थानीय तहको निर्वाचन र मानव अधिकार

पृष्ठभूमिः

जनताद्वारा निर्वाचित प्रतिनिधिहरू मार्फत शासन सञ्चालन गर्ने प्रणालीलाई लोकतन्त्र मानिन्छ। आवधिक रूपमा हुने निर्वाचनबाट नै जनताको इच्छा बमोजिम प्रतिनिधि छनौट हुन्छन्। जनप्रतिनिधिहरूले आफूले मतदाता समक्ष गरेका प्रतिवद्धता पूरा गर्न सके कि सकेनन् भनेर जाँच्ने कसी नै निर्वाचन हो। निर्वाचनलाई प्रजातन्त्रको प्रमुख स्तम्भको रूपमा लिइन्छ। शासन वैधताको मापन गर्ने आधार नै निर्वाचन हो।

नागरिकले आफ्ना प्रतिनिधि मार्फत शासनमा सहभागिता जनाउने, आफै निर्वाचित हुन उम्मेदवारी दिन पाउने र शासन व्यवस्थामा सहभागी हुन पाउने अधिकारलाई मानव अधिकारको रूपमा लिइन्छ।[१] नेपालको संविधान २०७२ ले सार्वभौमसत्ता नेपाली जनतामा रहने, जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्रीक शासन प्रणाली, आवधिक निर्वाचनलाई[२] संवैधानिक ग्यारेन्टी गरेको छ भने राजनीतिक दल खोल्ने स्वतन्त्रता[३] विचार र अभिव्यक्ति स्वतन्त्रता, समानुपातिक समावेशी सिन्द्धातको आधारमा राज्यमा निकायमा सहभागिताको हक[४] जस्ता विषयलाई मौलिक हकको रूपमा समावेश गरेको छ। त्यसैगरी राज्यका तीन तहअन्तर्गत संघ, प्रदेश र स्थानीय तहसहितको व्यवस्था गरेको छ।[५]

स्थानीय निर्वाचन र मानव अधिकार :

जनताको सार्वभौम सत्ताको प्रयोग घरदैलोमा निर्वाचित जनप्रतिनिधिद्वारा शासित हुने निर्वाचन नै स्थानीय निर्वाचन हो। निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित र भयमुक्त एवं समावेशी चरित्रको हुन आवश्यक हुन्छ। आवधिक रूपमा हुने निर्वाचन प्रजातान्त्रिक विधि, पद्धतिको व्यापक अवलम्बन गरी जनताको सहभागितामा हुनु अनिवार्य आवश्यकता हो। आम जनताले व्यापक रूपमा सहभागी भई आफ्नो अभिमत मार्फत जनप्रतिनिधिहरू छनौट भई कार्यभार शुरु गरिसकेका छन्। मूलतः निर्वाचन स्वतन्त्र, निष्पक्ष भए नभएको, निर्वाचनको सिलसिलामा उम्मेदवार र राजनीतिक दलका प्रतिनिधिले समेत प्रचार प्रसार गर्न नपाएको, अभिव्यक्तिको स्वतन्त्रता, सभा सम्मेलन गर्ने स्वतन्त्रता आमसभा तथा शान्तिपूर्ण जुलुस सञ्चालन गर्न पाए नपाएको, उम्मेदवारले निर्वाचनको सिलसिलामा बालबालिकाको प्रयोग गरे नगरेको जस्ता विषयहरू मानव अधिकारसँग अन्योन्याश्रित रहेका हुन्छन्। त्यसका अतिरिक्त मतदान केन्द्र आममतदातालाई पायक पर्ने, अपाङ्गमैत्री स्थान छनौट भए नभएको, मतदाताहरूको मतदान केन्द्रको सुरक्षा बन्दोबस्ती र वातावरणको कारण मतदाताले गोप्य रूपमा मतदान गर्न पाए नपाएको विषय समेत मानव अधिकारका विषय हुन्। सिमान्तकृत नागरिकको खासगरी जेष्ठ नागरिक, गर्भवती र सुत्केरी महिला, अपाङ्गता भएका व्यक्ति लगायतका मतदातालाई विशेष व्यवस्था खानेपानी र शौचालयको व्यवस्था र स्वतन्त्र पर्यवेक्षकको अनुगमनमा पहुँचको विषय समेत निर्वाचन र मानव अधिकार संरक्षणका लागि महत्वपूर्ण पक्षहरू रहेका हुन्छन्।

मानव अधिकारको विश्वव्यापी घोषणापत्र १९४८[६] को प्रत्येक व्यक्तिलाई आफ्नो देशको सरकारमा प्रत्यक्ष वा स्वतन्त्र रूपले चुनिएका प्रतिनिधि मार्फत भाग लिने अधिकार हुनेछ र जनताको इच्छा, सरकारको शासन सञ्चालनको आधार हुनेछ। गोप्य मतदानद्वारा जनताले आफ्नो मत अभिव्यक्त गर्ने छ[७] भने व्यवस्था रहेको छ। नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रले[८] स्वतन्त्रपूर्वक छानिएका प्रतिनिधि मार्फत सार्वजनिक जीवन सञ्चालनमा सहभागी हुने, गोप्य मतदानद्वारा स्वतन्त्र अभिव्यक्तिको सुनिश्चितता गरिएको आवधिक निर्वाचनमा मतदान गर्ने तथा निर्वाचित हुने अधिकारलाई संरक्षण गरेको छ।

महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलनसम्बन्धी महासन्धीले सबै निर्वाचनमा मत दिने अधिकार तथा सार्वजनिक रूपमा निर्वाचित हुने संस्थाहरूमा योग्य हुने जस्ता अधिकारमा महिला र पुरुषमा भेदभाव गर्न नहुने कुराको सुनिश्चितता गरेको छ।

राजनीतिक अधिकारहरू विशेषता सर्वव्यापी र समान मतदानका आधारमा निर्वाचनमा भाग लिने, मतदान गर्ने तथा उम्मेदवार बन्ने, सरकार तथा कुनै पनि तहमा सार्वजनिक कार्य सञ्चालनमा भाग लिने अधिकारलाई जातीय विभेद उन्मूलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिले अधिकार स्थापित गरेको छ।[९] यसका अतिरिक्त अपाङ्गता भएका व्यक्तिलाई

---

* सहसचिव, राष्ट्रिय मानव अधिकार आयोग

१ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को दफा २१

२ नेपाल संविधान (२०७२) को प्रस्तावना

३ ऐ.ऐ. धारा १७

४ ऐ.ऐ. धारा ४२

५ ऐ.ऐ. धारा १२४

६ मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८ को दफा २१

७ ऐ.ऐ. उपधारा ३

८ नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी प्रतिज्ञापत्र १९६६ को धारा २५

९ सबै प्रकारका जातीय विभेद उन्मुलनसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी १९६५ को धारा ५

मतदान गर्न र निर्वाचित हुने अधिकारको व्यवस्था गर्दै मतदानका प्रकृया, सुविधा र सामग्रीहरू पहुँच योग्य र प्रयोग गर्न सहज भएको हुनुपर्ने अपाङ्गता भएका व्यक्तिले भयमुक्त वातावरणमा निर्वाचनमा गोप्य मतदान प्रकृयाद्वारा मतदान गर्ने तथा निर्वाचनमा उम्मेदवार हुने, सरकारका सबै तहमा सहभागीताको लागि स्वतन्त्र रूपमा आफ्नो मत अभिव्यक्त गर्ने उद्देश्यका लागि उनीहरूको अनुरोधमा मतदान गर्न रोजेको व्यक्तिको सहयोग प्राप्त गर्न अनुमति दिने जस्ता विषयलाई अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रूपमा संरक्षण गरेको छ।[१०]

नेपालमा स्थानीय तहको निर्वाचन २०७९ : एक चर्चा

नेपालको संविधानले स्थानीय कार्यपालिका र व्यवस्थापिकाको गठन निर्वाचित जनप्रतिनिधिद्वारा हुने व्यवस्था गरेको छ। गाउँपालिका र नगरपालिकाका पदाधिकारीहरूको निर्वाचनसम्बन्धी गाउँपालिका/ नगरपालिका क्षेत्रभित्रका मतदाताले एक व्यक्ति एक मतको आधारमा गोप्य मतदानद्वारा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम गर्ने संवैधानिक व्यवस्था रहेको छ।[११] अध्यक्ष/प्रमुखको पदमा दुई कार्यकाल निर्वाचन भएको व्यक्ति निर्वाचनमा पुन: प्रमुखको उम्मेदवार हुन नपाउने व्यवस्था गरेको छ।[१२] गाउँसभा र नगरसभाको कार्यकाल निर्वाचन भएको मितिले ५ वर्षको हुने र त्यसतो कार्यकाल समाप्त भएको ६ महिना भित्र अर्को गाउँसभा र नगरसभाको निर्वाचन गर्नुपर्ने व्यवस्था रहेको छ।[१३] त्यस्तै राजनीतिक दलले स्थानीय तहको निर्वाचनमा प्रमुख/उपप्रमुख, अध्यक्ष/उपाध्यक्ष मध्ये एउटामा महिला/पुरुषलाई उम्मेदवार बनाउनु पर्ने व्यवस्था रहेको छ। लैङ्गिक दृष्टिकोणबाट समेत उपरोक्त संवैधानिक व्यवस्थाको कारण फरकफरक लिङ्ग प्रतिनिधित्वको प्रवल सम्भावना रहन्छ। २०७४ को स्थानीय तहको निर्वाचनको परिमाण हेर्दासमेत प्रमुख उपप्रमुख मध्ये अधिकांश ठाउँमा उपप्रमुखमा महिलाको प्रतिनिधित्व रहन गएको थियो।

स्थानीय तहको निर्वाचन अनुगमन

सङ्घ प्रदेश र स्थानीय तहका सदस्यको निर्वाचनको सञ्चालन रेखदेख, निर्देशन र नियन्त्रण, निर्वाचन आयोगले गर्नेछ। निर्वाचन आयोगलाई आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य आफ्नो काम पूरा गर्न आवश्यक पर्ने कर्मचारी र अन्य सहयोग नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले उपलब्ध गराउने व्यवस्था रहेको छ।[१४] मुलत: निर्वाचनको क्रममा मतदाता नामावली तयार गर्ने कार्यदेखि निर्वाचनको अन्तिम परिणाम घोषणा गर्ने लगायतका कार्य गर्ने संवैधानिक दायित्व र जिम्मेवारी निर्वाचन आयोगकै रहेको हुन्छ। जनताको घर-दैलोको सरकारको रूपमा चिनिने स्थानीय सरकार गठनको लागी आम मतदाताको चासो र थप उत्साह रहेको हुन्छ। मानव अधिकारको दृष्ट्रिले हेर्दा निर्वाचन पूर्व, निर्वाचनको अवधि र मतदान पश्चातको अवस्था समेतलाई दृष्टिगत गरी मानव अधिकारको दृष्टिकोणबाट मानव अधिकार सम्बन्धि राष्ट्रिय संस्थाको रूपमा रहेको राष्ट्रिय मानव अधिकार आयोग, अन्य विषयगत आयोगहरू तथा निर्वाचन आयोगबाट अनुमति प्राप्त स्वतन्त्र पर्यवेक्षकद्वारा, निर्वाचनको पर्यवेक्षण र अनुगमन भएको थियो। स्थानीय तह सदस्यको निर्वाचनको सन्दर्भमा नेपालका प्रमुख राजनीतिम दलहरू बाटनै स्थानीय तह निर्वाचन २०७४ जेठ ५ बाट कार्यशुरु भएको र तीन चरणमा निर्वाचन सम्पन्न भई २०७४ असोज २ मा अन्तिम चरणको निर्वाचन भएको मितिलाई आधार मानी तत्कालीन ६ महिना भित्र निर्वाचन घोषणा हुन सक्ने जस्ता आफू अनुकुलका संविधानको व्याख्या आम संचारका माध्यमद्वारा जानकारी हुन आए। सोही विषयमा २०७४ सालको तेस्रो चरणमा निर्वाचित भएका जनप्रतिनिधिले आफ्नो कार्यकाल नै समाप्त नभई निर्वाचन घोषणा भएको हुनाले त्यसलाई रोकी पाउन सर्वोच्च अदालतमा रीट दर्ता हुन पुग्यो। राजनीतिक दलका नेतृत्वबाट फरकफरक धारणा र अदालतमा विवादित विषय भएपश्चात निर्वाचन हुनेमा आशंका पैदा हुन गयो। अन्तत: सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी नभएको र उम्मेदवार मनोनयन पत्र दर्ता भए पश्चात मात्र प्रचारप्रसारको लागि छोटो समयमै निर्वाचन सम्पन्न हुन गयो।

निर्वाचन पूर्वको अनुगमनको समग्र अवस्था हेर्दा निर्वाचनको शान्ति सुरक्षाको प्रबन्ध राम्रो रहेको, राजनीतिक दलका प्रतिनिधि र स्वतन्त्र उम्मेदवारले उत्साह वर्धक रूपमा उम्मेदवारी दर्ता प्रकृयामा सहभागी भएको पाइएको थियो। विगतको स्थानीय तहको चुनावमा जस्तै यस पटक पनि राजनीतिक दलहरूबिच गठबन्धन गरेको कारण स्थानीय तहको प्रमुख वा उपप्रमुख मध्ये राजनीतिक दलले फरक लिङ्गको उम्मेदवार छनौट गर्नुपर्ने व्यवस्थाको शाब्दिक अर्थ लगाई गठबन्धनको एउटा दलको प्रमुख पुरुष र उपप्रमुख फरक राजनीतिक दलको समेत पुरुष नै उम्मेदवार बनाउने कार्य भए। उक्त व्यवस्थाबाट संविधानको मर्म र भावना प्रतिकूल भएको र लैङ्गिक भेदभाव हुन गई महिलालाई उम्मेदवार बन्नबाट बञ्चित गरेको भनी राष्ट्रिय मानव अधिकार आयोगले उम्मेदवारको मनोनयन पूर्व नै आफ्नो गम्भीर चासो व्यक्त गर्दै स्थानीय तह निर्वाचनमा महिलालाई समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न सरोकारवालालाई आग्रह गर्दै विज्ञप्ति नै जारी गऱ्यो।[१५]

निर्वाचनको अवधिको अनुगमनका क्रममा मतदान केन्द्र अपाङ्गतामैत्री नभएको, खुला र पायक पर्ने ठाउँमा मतदान केन्द्र हुन नसकेको, केही मतदान केन्द्रबाट मतपेटिका

---

[१०] अपाङ्गता भएका व्यक्तिहरुको अधिकार सम्बन्धी महासन्धी २००६ को धारा २९

[११] नेपालको संविधानको धारा २१५ को उपधारा ३

[१२] ऐ.ऐ. धारा २१५ को उपधारा ७ र धारा २१६ को उपधारा ७

[१३] ऐ.ऐ. धारा २२५

[१४] ऐ.ऐ. धारा २४७

[१५] राष्ट्रिय मानव अधिकार आयोगको २०७९ वैशाख ७ गतेको प्रेश विज्ञप्ती

बोकी लुटेर हिँडेको, मतपत्र वितरण गर्दा एकै जनालाई दुई भन्दा बढी मतपत्र दिएको भनी आक्रोसित व्यक्तिले मतपेटिका तोडफोड गरेका, मतदाता परिचयपत्र नै लुटेर हिँडेका जस्ता कारण अपेक्षाकृत निर्वाचन शान्तिपूर्ण रहन नसकेको भनी[१६] मानव अधिकार आयोगले प्रेश विज्ञप्ति जारी गऱ्यो। विगत स्थानीय तह सदस्य निर्वाचन २०७४ को तुलना गरेर हेर्ने हो भने एकैपल्ट देशभरी निर्वाचन हुन सक्नु, पूर्व तयारी आदिलाई हेर्दा निर्वाचन प्रणाली र प्रकृयामा सुधार हुदै आएको छ। निर्वाचन आयोगको प्रारम्भीक प्रतिवेदन अनुसार समेत छिटफुट घटना बाहेक निर्वाचन शान्तीपूर्ण रूपमा सम्पन्न भएको जनायो। सरकारले निर्वाचन शान्तीपूर्ण सम्पन्न गराएकोमा निर्वाचन आयोगलाई धन्यवाद दिएको थियो।

स्थानीय तह सदस्यको निर्वाचन अनुगमनबाट प्राप्त तथ्यलाई नियाल्दा विगतको चुनाव भन्दा कम प्रतिशत मत खसे तापनि मतदाताका उत्साहपूर्ण सहभागिता रहेको देखिन्थ्यो। एकै चरणमा देशभर निर्वाचन गराउन सफल हुनुले शान्तिसुरक्षाको राम्रो बन्दोबस्ती र निर्वाचन आयोगको तयारीलाई प्रशंसा गर्नै पर्ने हुन्छ। विगतका चुनाव भन्दा निर्वाचनमा निरन्तर सुधार हुँदै गएको छ। निर्वाचनसम्बन्धी संरचनागत र कानुनी प्रबन्धकै कारण प्रमुख/उपप्रमुख मध्ये एक पदमा महिलालाई उम्मेदवार बनाउनुपर्ने अनिवार्य कानुनी व्यवस्थाले सबै दलले महिला उम्मेदवार छान्नु पर्ने बाध्यता रह्यो। तथापि गठबन्धनको कारण दुवै पदमा पुरुषको छनौट गरेको पाइयो। उम्मेदवार बनाउने अवस्थामा पनि प्रमुख पदमा पुरुष र उपप्रमुखमा महिलालाई नै अधिकांश ठाउँमा उम्मेदवार बनाएको पाइयो। तथापि २०७४ सालको तुलनामा प्रमुख पदमा निर्वाचित महिलाको संख्यामा थोरै भएपनि वृद्धि हुन जानु सकारत्मक पक्ष हो।

निर्वाचनको प्रकृयामा कसैलाई पनि विभेद नभएको विचार र अभिव्यक्तिको स्वतन्त्रता र निर्वाचनमा सहभागितामा कुनै पनि उम्मेदवार वा राजनीतिक दललाई अवरोध गरेको भने पाइएन। मतदान स्थलमा मतदाताको गोपनीयताको अधिकार हनन् हुने जस्ता कार्य पनि भएको पाइएन।

निष्कर्ष

निर्वाचन नै प्रजातन्त्रको मेरुदण्ड हो। राजनीतिक दललाई शासन गर्ने वैधानिक आधार नै निर्वाचन हो। आवधिक निर्वाचनले नै शासन सञ्चालन गर्ने वैधानिक शक्ति प्राप्त हुनेमा द्विविधा रहनु हुदैन। त्यसैले निर्वाचनको अन्य कुनै विकल्प छैन। नेपालकै निर्वाचनको इतिहासदेखि हालसम्मको अवस्था हेर्दा निर्वाचनसम्बन्धी ऐन, कानून, नीति, निर्देशिका समय सापेक्ष परिमार्जन हुँदै आएका छन्। निर्वाचन स्वच्छ, निष्पक्ष, धाँधलीरहित रूपमा सम्पन्न हुन सकेमा नै वास्तविक जनप्रतिनिधिले जनताको इच्छा, आकाक्षाको प्रतिनिधित्व गर्दछन्। शासन गर्ने बैधानिक, आधार प्राप्त गर्दै लोकतन्त्रको सृढदीकरणमा निर्वाचनको अहम भूमिका रहेको छ।

स्थानीय तहको निर्वाचनको मानव अधिकारको दृष्टिले अनुगमनबाट प्राप्त तथ्य हेर्दा समेत विद्युतीय मतदान प्रणालीमा जानुपर्ने, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिमैत्री मतदान केन्द्र रहनु पर्ने देखिन्छ। निर्वाचन नै लोकतन्त्रको मेरुदण्ड भएकोले स्वच्छ, पारदर्शी, निष्पक्ष निर्वाचनका लागि सरोकारवाला सबै पक्षको भूमिका रहनु पर्ने हुँदा निर्वाचन आयोगले तोकेका मापदण्डको पालना, कानुनी शासन, निर्वाचनको व्यवस्थापकीय पक्षमा क्रमिक सुधार गर्दै जानु अहिलेको आवश्यकता हो।

[१६] राष्ट्रिय मानव अधिकार आयोगको २०७९ वैशाख ३० गतेको प्रेश विज्ञप्ती

मुलुकको मानवअधिकार स्थितिबारे वास्तविक जानकारी लिन इन्सेकद्वारा प्रकाशित

- **मानवअधिकार वर्षपुस्तक (नेपाली र अंग्रेजी)**
- **मानवअधिकार सङ्गालो**
- **मानवअधिकारको ऐतिहासिक अवधारणा**
- **मानवअधिकार-प्रहरी-कानुन**
- **मानवअधिकार घोषणापत्र (सचित्र)**
- **नेपालमा जातीय छुवाछूत**
- **राजनीतिक महिला परिचय**
- **प्राची द्वैमासिक**
- **इन्फर्मल**
- **मानवअधिकार स्थितिसूचक (त्रैमासिक)**
- **इन्सेक अभियान (त्रैमासिक)**
- **अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम विधान**
- **सुरक्षासम्बन्धी कानुनी प्रावधान**
- **इन्सेक अनलाईन** (www.inseconline.org)
- **मानवअधिकार : ठूला नौ महासन्धि**
- **इन्सेकको दुई दशक**
- **विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षा**
- **मध्यमाञ्चल : जनआन्दोलन र मानवअधिकार**
- **उनीहरू कहाँ छन् ? (अङ्ग्रेजी, नेपाली)**
- Reflections : FK Exchange Programme

लगायत् अन्य सामयिक प्रकाशनहरू खोजी-खोजी पढौं।

विश्लेषण

कमलराज लम्साल*

कर्णाली प्रदेशमा महिला मानव अधिकारको अवस्था

१. पृष्ठभूमि

भूगोलका हिसाबले सबैभन्दा ठूलो कर्णाली प्रदेशले १९ प्रतिशत क्षेत्र ओगटेको छ। भौगोलिक कठिनाइकै कारण यहाँ बस्ने जनसङ्ख्या भने सबैभन्दा कम छ। कर्णाली प्रदेशमा देशको कुल जनसंख्याको ६ प्रतिशत मानिस बसोबास गर्छन्। प्राचीन खस राज्यको केन्द्र रहेता पनि राज्य वि/निर्माणको क्रममा कर्णालीमा धेरै उथलपुथल भएको पाइन्छ। कालान्तरमा नेपाल राज्यको एकीकरण भइ काठमाडौँ केन्द्र बनेपश्चात् कर्णाली धेरै समयसम्म केन्द्रबाटै उपेक्षित भयो।

विभिन्न समयमा सम्पन्न शान्तिपूर्ण जनआन्दोलन र १० बर्षे सशस्त्र द्वन्द्वमार्फत् अभिव्यक्त जनभावना अनुसार नेपालको नयाँ संविधान (२०७२) ले राज्यको व्यापक पुनर्संरचना गऱ्यो। जसअनुसार साविकको कर्णाली अञ्चलमा रहेका कालिकोट, डोल्पा, जुम्ला, मुगु र हुम्ला जिल्ला, भेरी अञ्चलका जाजरकोट, दैलेख र सुर्खेत तथा राप्ती अञ्चलका रुकुम पश्चिम र सल्यान गरी १० जिल्ला समेटेर कर्णाली प्रदेश बन्यो।

संघीय सिद्धान्त बमोजिम गठित कर्णाली प्रदेश सभाले नेपालको संविधानमा व्यवस्था भएबमोजिम मुलुककै पहिलो प्रदेश 'कर्णाली' नामाकरण गऱ्यो। भित्री मधेश, पहाड र हिमालका जिल्ला समेटिएको कर्णाली प्रदेशमा भौगोलिक, सामाजिक र साँस्कृतिक तथा पर्यावरणीय विविधता पाइन्छ। यद्यपि कर्णालीको कमजोर आर्थिक अवस्थाका कारण यहाँ उपलब्ध स्रोत साधनको पर्याप्त दोहन हुन सकेको छैन। फलस्वरुप यहाँका जनता धेरैजसो आर्थिक विकासका सूचकमा पछि परेका छन्। यति विविधता बोकेको देशकै ठूलो प्रदेशका जनता आजपर्यन्त अति सामान्य जीवन जीउन बाध्य छन्। अर्को अर्थमा भन्दा यहाँका जनतालाई प्राप्त मानव तथा मौलिक अधिकारको प्रयोगको अवस्था अत्यन्त न्यून छ।

मानव अधिकारको दृष्टिमा कर्णालीका जनताको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक र विकाससम्वन्धी अधिकारमा पहुँचको अवस्था नाजुक छ। यहाँ व्याप्त विभेद, अभाव र सामाजिक चेतना एवं अभ्यास नै यहाँका मानिसको हक खोस्ने मूल कारक तत्व हुन्। विभिन्न जातजाति, लिङ्ग तथा वर्गका आधारमा गरिने विभेद कर्णाली प्रदेशका धेरैजसो जिल्लाका मुख्य समस्या हुन्। यसका अलावा बालविवाह, बहुविवाह, घरेलु तथा महिला हिंसा, छाउपडी प्रथा र अन्य कुरीति पनि मानव अधिकार उपभोगका बाधक हुन्।

यस आलेखमा कर्णाली प्रदेशमा कायम रहेको लैङ्गिक विभेद तथा महिला हिँसा र महिलाको मानव अधिकारको अवस्थाबारे सामान्य विश्लेषण गरिएको छ। जसका लागि द्वितीय माध्यमबाट प्राप्त विभिन्न सूचना तथा तथ्याङ्कको समीक्षा गरिएको छ। लेखकको अनुभव र विभिन्न समयमा गरिएको जिल्लागत अवलोकनबाट प्राप्त सूचनालाई समेत विश्लेषणको आधार बनाइएको छ।

२. महिला मानव अधिकार के हो ?

मानव अधिकारको चरणवद्ध सैद्धान्तिक विकाससँगै यसको व्यवहारिक प्रयोग शुरु भएको बुझ्न सकिन्छ। यद्यपि सामाजिक संरचना र चेतनाका आधारमा मानव अधिकारको कार्यान्वयनमा विविधता पाइन्छ। मानव अधिकार मानव समूदायका सबै सदस्यहरूलाई बराबर रुपमा प्राप्त हुने हक भएता पनि सामाजिक अभ्यास र परम्पराका आधारमा यसमा भिन्नता रहेको छ। जातिभेद, रङ्गभेद तथा लिङ्गभेद आजपर्यन्त मानव अधिकार कार्यान्वयनका प्रमुख समस्या हुन्। धर्म, परम्परा वा सम्प्रदाय विशेषले जातजातिको निर्माण, तिनको श्रेणी निर्धारण र त्यसैमा आधारित विभेदको अभ्यासलाई निरन्तरता दिएको देखिन्छ। यस्तै दासप्रथाको अभ्यासले रंगभेदको परम्परालाई प्रश्रय दिएको पाइन्छ भने पितृसत्ताको अभ्याससँगै लिङ्गका आधारमा हुने भेदभाव बढ्दै गएको भेटिन्छ।

मानव अधिकारको अवधारणाले असमानता भोग्नुपरेका वा भोगिरहेका सबैलाई समान व्यवहार गर्ने कुरामा विशेष ध्यान पुर्याएको छ। यसै सन्दर्भमा विश्वव्यापी रुपमा पुरुषको तुलनामा महिलाले भोग्नुपरेको अपमान, असमानता र विभेदलाई निमिट्यान्न पार्न तथा लैङ्गिक समानता ल्याउन महिलाका विशेष अधिकारमा जोड दिइएको हो। फल:स्वरुप संयुक्त राष्ट्रसंघको वडापत्र, १९४५ मा महिला र पुरुषलाई समान अधिकार रहेको कुरा स्वीकार गरिएतापनि महिलाका अधिकार स्थापित गर्न विशेष व्यवस्था गर्न वाञ्छनीय भएकोले महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलनसम्बन्धी महासन्धी, (सिइडिएडब्लु) १९७९ जारी गरिएको छ। जसले महिलाको मानव अधिकारलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिएको छ।

महिला अधिकार समग्रमा मानव अधिकार भएतापनि महिलाविरुद्ध हुने हिंसा, दासता र विभेदबाट मुक्ति तथा शिक्षा, सम्पत्ति र मताधिकार एवम् समान काम गरेवापत समान ज्यालाको अधिकार जस्ता विषयमा महिलाको अधिकार स्थापित गर्न थप प्रयत्नको खाँचो छ। संयुक्त राष्ट्रसंघीय मानव अधिकार उच्चायुक्तको कार्यालयका अनुसार आजपर्यन्त धेरै महिलाहरू (अन्तरलिङ्गी समेत) ले उनीहरूको उमेर, जातजाति, शारीरिक तथा सामाजिक साँस्कृतिक अवस्थाका बाबजुद पनि महिला भएकै कारण थप विभेदको सामना गरिरहेका छन्। जसका कारण महिलाको स्वाभाविक विकास र प्रगतिमा बाधा उत्पन्न भएको छ भने यसको सुधारका लागि लैङ्गिकतासम्बन्धी सामाजिक दृष्टिकोण तथा आर्थिक एवम् अन्य आयाममा बदलाव ल्याउनु जरुरी छ (OHCHR.)।

३. नेपालमा महिला मानव अधिकारको सवाल

नेपालमा लामो समयदेखि पितृसत्ता

* उप-प्राध्यापक (द्वन्द्व र शान्ति अध्ययन विभाग), मध्यपश्चिम विश्वविद्यालय, सुर्खेत

कायम रहेको हुँदा उक्त अभ्यासले महिलाको स्वतन्त्रता, समानता र सहभागिताका सम्बन्धमा सङ्कुचन ल्याएको कुरा साँचो हो। यद्यपि समय, स्थान र वर्ग विशेष यसको मात्रामा केही भिन्नता भने पक्कै पाइन्छ। प्राचीन नेपालमा लामो समयसम्म धर्मशास्त्रमा आधारित न्याय तथा शासन प्रणाली अवलम्वन गरिएको विभिन्न अनुसन्धानले देखाएका छन्। तर धर्मको आडमा अमानवीय गतिविधि गर्ने वा धर्मलाई देखाएर अवाञ्छित फाइदा लिनेहरूले समाजमा गलत नजिरहरू स्थापित गरेको पनि भेटिन्छ।

मनुस्मृतिको ३/५६ मा उल्लिखित यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता:। यत्रैतास्तु न पूज्यन्ते सर्वास्तत्राफला: क्रिया:।। भन्ने श्लोकले 'नारीको पूजा हुने स्थानमा मात्रै देवताको उपस्थिति हुन्छ अर्थात् नारीको सम्मान नहुने ठाउँमा गरिएका सबै कर्म निष्फल हुन्छन्' भनिएको छ। यस्तै मनुस्मृतिको ३/५७ मा रहेको श्लोक शोचन्ति जामयो यत्र विनश्यत्याशु तत्कुलम्। न शोचन्ति तु यत्रैता वर्धते तद्धि सर्वदा।। ले 'जुन घरमा आमा, श्रीमती, दिदिबहिनी र छोरी-बुहारी अर्थात् समस्त स्त्री सुखी छन् त्यस परिवारको सर्वथा उन्नति हुनेछ र जहाँ महिलाले कष्ट भोग्नुपरेको छ त्यो कुलको छिट्टै नै समूल नष्ट हुनेछ' भनेको छ। यी श्लोक सुनेरै सनातन वैदिक समाजमा महिलाको अवस्था आजको भन्दा निकै राम्रो रहेको अनुमान गर्न सकिन्छ।

पूर्वीय दर्शन तथा वर्णनहरूमा महिलालाई निकै शक्तिसम्पन्न देवीका रुपमा स्वीकार गरिएको पाइन्छ। यद्यपि पितृसत्ताको अभ्याससँगै कालान्तरमा पुरुष शासकहरूले महिलालाई विस्तारै आफ्नो अधीनमा पारी धेरैजसो हक अधिकारबाट बञ्चित बनाएको हुनसक्छ। र, आजसम्म आइपुग्दा महिलाले पुन: आफ्ना हक अधिकारका लागि संघर्ष जारी राख्नुपरेको छ।

आधुनिक नेपाल निर्माणका सन्दर्भमा महिला वीरताको प्रशस्ती पढ्न र सुन्न पाइन्छ। हाम्रै पालामा हामीले भोगेको सशस्त्र द्वन्द्वमा पनि महिला सहभागिताको सवाल टड्कारो देखिन्छ। नेपालको सन्दर्भमा हालसम्म भएका महिला अधिकार केन्द्रित आन्दोलन र प्राप्त सफलतालाई यहाँ छोटकरीमा प्रस्तुत गरिएको छ।

वि.सं. १९७४ मा योगमायादेवी न्यौपाने र दिव्या कोइरालाले नारी जागृति संघको स्थापना गरी महिलाहरूमा राजनीतिक चेतना जगाउने प्रयास गरे। सोही वर्ष काठमाडौँमा लक्ष्मी तुलाधर लगायतका महिलाहरूले राणा शासनको विरोध गरे। यस्तै वि.सं. १९९३ मा चन्द्रकान्ता मल्लले नारी शिक्षाको आवाज उठाइन् भने कामाक्षादेवी र दिलहरि श्रेष्ठले बनेपामा महिलालाई पढाउन शुरु गरे। वि.सं. १९९८ मा योगमाया र उनका ६५ जना अनुयायीसमेतले सरकारलाई चेतावनी दिन अरुण नदीमा जलसमाधी लिइ आत्महत्या गरे।

यस्तै २००३ सालमा बिराटनगरका महिला मजदुरले समान कामको समान ज्याला, सुत्केरीका लागि विशेष सुविधा लगायत शिक्षा, स्वास्थ्य, सुरक्षा आदिको माग राखी आन्दोलन गरे। सोही साल काठमाडौँमा रेवन्तदेवी आचार्य र कमला मिलेर आदर्श महिला संघ स्थापना गरे। जसको उद्धेश्य बालविवाह तथा बहुविवाह अन्त्य गर्ने रहेको थियो (ओझा, २०१०)।

वि.सं. २००४ सालमा काठमाडौँमा मंगलादेवी, साधना प्रधान, स्नेहलता आदि महिलाले नेपाल महिला संघ गठन गरे। नेपाली महिला आन्दोलनको परिणामस्वरुप नेपाल सरकार बैधानिक कानून, २००४ ले महिलालाई मत दिने र निर्वाचनमा उम्मेदवारका रुपमा भाग लिन पाउने हक प्रदान गर्यो। नेपालमा निर्वाचन प्रणाली प्रकृयाको शुरुवात २००४ सालको स्थानीय निर्वाचनबाट भएपनि २०१० भाद्र १७ मा सम्पन्न काठमाडौँ नगरपालिकाको निर्वाचनमा नेपाली महिलाले पहिलोपटक मतदान गर्ने र उमेदवार हुने हकको उपभोग गरे (निर्वाचन आयोग, २०७७)। त्यसपछि पनि विभिन्न खाले क्रान्ति तथा जनआन्दोलनमा महिलाको भूमिका थप सशक्त बन्दै गयो। महिलाहरू राजनीतिक अधिकारका साथै सामाजिक तथा आर्थिक अधिकारका सवालमा आफ्ना माग अघि सार्दै गए।

वि.सं. २०४६ मा प्रजातन्त्रको प्रादुर्भाव भएसंगै महिला अधिकारको विषयले थप व्यापकता पायो। नेपाल अधिराज्यको संविधान, २०४७ ले संसदीय निर्वाचनमा कम्तीमा ५ प्रतिशत महिला उमेदवार हुनुपर्ने साथै राष्ट्रिय सभामा कम्तीमा ३ जना महिला सदस्य हुनुपर्ने व्यवस्था गर्यो र यही संविधान अन्तर्गत ३ वटा आमनिर्वाचन सम्पन्न भए। जसमध्ये २०४८ सालमा दलगत ७३ र स्वतन्त्र ८ उमेदवारमध्ये ८ जना, २०५१ सालमा दलगत ७४ र स्वतन्त्र १२ मध्ये ७ जना र २०५६ मा दलगत ११७ र स्वतन्त्र २६ मध्ये १२ जना महिला निर्वाचित भएका थिए। यस्तै वि.सं. २०४८ देखि २०५८ सम्म निर्वाचित र मनोनित गरी १६ जना महिला राष्ट्रिय सभा सदस्य बने।

नीति निर्माणको सर्वोच्च तह मानिने संसदमा महिला सहभागिताको उल्लेखनीय प्रगति भने २०६२/०६३ को जनक्रान्तिपछि भएको देखिन्छ। आन्दोलनको उभारले वि.सं. २०५९ सालमा विघटित प्रतिनिधि सभा २०६३ वैशाख ११ गते शाही घोषणामार्फत् पुन:स्थापना भयो। यसैबीच २०६३ मंसीर ५ गते द्वन्द्वरत पक्षहरू नेपाल सरकार र नेपाल कम्युनिष्ट पार्टी (माओवादी) बीच विस्तृत शान्ति सम्झौतामा हस्ताक्षर भयो। जसले केन्द्रीकृत एकात्मक राज्यको व्यापक पुन:संरचना गर्ने बाचा गऱ्यो। शान्ति प्रकृयामा प्रवेश गरेसँगै २०६३ माघ १ गते जारी नेपालको अन्तरिम संविधानले तत्कालीन संसदलाई ३३० सदस्यीय व्यवस्थापिका-संसदमा रुपान्तरण गर्यो। जसमा विभिन्न पार्टीबाट ५७ जना अर्थात् १७ प्रतिशत महिला सदस्यको प्रतिनिधित्व पुर्याइयो।

नयाँ संविधान निर्माण गर्न गठित २०६४-०६९ कार्यकालको ६०१ सदस्यीय पहिलो संविधान सभामा समानुपातिक निर्वाचनका कारण महिला प्रतिनिधित्व १९७ जना अर्थात् ३२.७८ प्रतिशत पुग्यो। यस्तै २०७०-०७४ कार्यकाल रहेको दोस्रो संविधान सभामा महिलाको सं्या १७६ अर्थात् २९.२८ प्रतिशत रहेको पाइन्छ।

मुलुकमा भएको दश वर्ष लामो आन्तरिक सशस्त्र द्वन्द्वले अन्य कुराको अलावा राजनीतिमा महिलाको सहभागितालाई पनि बढावा दियो। परिणामस्वरुप २०७२ असोज ३ मा संविधानसभाद्वारा जारी नेपालको संविधानले देशलाई संघीय संरचनामा लैजानुका साथै राज्यको व्यापक पुनर्संरचना गर्यो। जसले महिलाका विशिष्ट हकलाई मौलिक हकमा राख्नुका साथै राष्ट्रिय

महिला आयोगलाई संवैधानिक मान्यता प्रदान गर्यो। यसका अतिरिक्त संविधानको प्रस्तावनामै समानता, समृद्धि, सामाजिक न्याय र समानुपातिक समावेशी सिद्धान्तलाई स्वीकार गरिनु तथा राज्यका हरेक निकायमा महिलाको एक तिहाइ सहभागिता सुनिश्चित गरिनुलाई सकारात्मक उपलब्धीका रुपमा लिन सकिन्छ।

नेपालको संविधानले आमा वा बाबुको नामबाट नागरिकता दिन सकिने, महिलालाई लैङ्गिक भेदभावविना समान वंशीय हक हुने तथा सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यको हक सुनिश्चित गर्नुका साथै महिलाविरुद्ध हुने धार्मिक, सामाजिक, साँस्कृतिक, परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण नगरिने प्रतिवद्धता जनाएको छ।

नेपालको संविधानले राष्ट्रपति र उपराष्ट्रपति फरक फरक लिङ्ग वा समुदायको हुने तथा प्रतिनिधि सभाको सभामुख र उपसभामुख एवं राष्ट्रिय सभाको अध्यक्ष र उपाध्यक्ष तथा प्रदेश सभाको सभामुख र उपसभामुख चयन गर्दा कुनै एक पदमा महिला अनिवार्य हुने व्यवस्था गरेको छ। यससँगै प्रतिनिधि सभा, राष्ट्रिय सभा तथा प्रदेश सभामा कम्तीमा एक तिहाइ सदस्य महिला हुनुपर्ने व्यवस्था पनि गरिएको छ। यस्तै स्थानीय तह अन्तर्गत गाउँ तथा नगर सभा तथा जिल्ला सभा र वडास्तरीय संरचना समेतले महिलाको सहभागिता सुनिश्चित गरेको छ। महिलामैत्री यी र यस्ता कानूनी प्राबधानले व्यवहारिक रुपमा समेत महिलाको सम्मान अभिवृद्धि गर्नुका साथै महिला नेतृत्वलाई समाजमा सर्वस्वीकार्य बनाउँदै गएको छ (लामिछाने, २०७८)।

५. कर्णाली प्रदेशमा महिला मानव अधिकारको अवस्था

कर्णाली प्रदेश नामकरणका हिसाबले संघीय नेपालको पहिलो प्रदेश हो। भूगोलका आधारमा मुलुककै ठूलो यस प्रदेश जनसंख्याका हिबासले सबैभन्दा सानो छ। तत्कालीन सिञ्जा सभ्यताको केन्‍ रहेको कर्णाली नेपाली भाषाको उद्‌गम थलोका रुपमा पनि परिचित छ। भित्री मधेश, पहाड र हिमालका १० जिल्ला मिलेर बनेको कर्णाली क्षेत्र लामो समयदेखि विभेदको चपेटामा परेको छ। अभाव, गरिबी र दुर्गमको पर्याय बनेको कर्णालीका बहुसङ्ख्यक व्यक्ति आधारभूत अधिकारबाटै बञ्चित छन्। त्यसमाथि पितृसत्ताको अभ्यास, जातीय जडता, धार्मिक अन्धविश्वास तथा विभेदकारी चिन्तनका कारण अरुको दाँजोमा महिलाले धेरै सास्ती खेप्नुपरेको छ। जसमा तालिका १ मा कर्णाली प्रदेशको जनसाङ्ख्यिक विवरणलाई देखाइएको छ।

तालिका १ : कर्णाली प्रदेशको जनसाङ्ख्यिक विवरण

लिङ्ग	जनसङ्ख्या	प्रतिशत
महिला	८,०२,४९५	५१.१
पुरुष	७,६७,९२३	४८.९
अन्य	०	०
जम्मा	१५७०४१८	१००

स्रोत: राष्ट्रिय जनगणना २०६८

५.१ कर्णाली प्रदेशका राजनीतिक संरचनामा महिला सहभागिता

कर्णाली प्रदेशमा महिलाको राजनीतिक अधिकारमा क्रमश: सुधार भएको पाइन्छ। विशेषत: कर्णाली प्रदेश सभा र यहाँका सबै ७९ वटै स्थानीय तहको निर्वाचनमा मतदाता र उमेदवारका रुपमा महिला सहभागिता उल्लेख्य छ। यद्यपि कार्यकारी भूमिकामा रहेका महिलाको संख्या भने नगण्य छ। यस्तै तालिका २ मा कर्णाली प्रदेश सभामा महिला प्रतिनिधित्वको अवस्थालाई देखाएको छ।

कर्णाली प्रदेश सभामा प्रत्यक्षतर्फ कुनै महिला निर्वाचित भएको पाईंदैन। समानुपातिक सदस्यको सिमित अधिकारका कारण सदनभित्रै र समुदायमा समेत उनीहरूलाई विभेदकारी व्यवहार हुन्छ। परिवर्तनका संवाहक राजनीतिक दलहरूले समेत महिलालाई प्रत्यक्ष निर्वाचन लड्ने वातावरण बनाउन सकेका छैनन्। र, समानुपातिक निर्वाचन प्रणालीकै कारण मात्र प्रदेश सभामा महिला सहभागिता सुनिश्चित भएको छ।

संघीयता लागू भएपछि गठित पहिलो कर्णाली प्रदेश सभामा निर्वाचित कुल ४० सदस्यमध्ये हाल कायम रहेको संख्या ३४ मात्र छ। जसमा तालिका ३ मा दलगत प्रतिनिधित्व कर्णाली प्रदेश सभामा र तालिका ४ मा कर्णाली प्रदेश सरकारमा महिला प्रतिनिधित्व देखाइएको छ।

कर्णाली प्रदेश मन्त्रिपरिषद्‌मा यसअघि महिला सदस्य रहेको भएतापनि हाल कुनै पनि महिला मन्त्री पदमा रहेका छैनन्। संविधानमा प्रष्ट र बाध्यात्मक व्यवस्था नहुँदा कार्यकारी भूमिकामा महिला आउने सम्भावना कमै हुन्छ। जसलाई तालिका ५ मा देखाइएको छ।

कर्णाली प्रदेश योजना आयोगको निवर्तमान समितमा एक जना पनि महिला प्रतिनिधित्व नहुनु र हाल लामो समयदेखि योजना आयोग गठन नै नहुनुले प्रदेशको योजना निर्माण र समावेशी सवालमा प्रदेश

तालिका २ : कर्णाली प्रदेश सभामा महिला प्रतिनिधित्वको अवस्था

निर्वाचनको किसिम	महिला	पुरुष	अन्य	जम्मा
पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली (प्रत्यक्ष)	०	२४	०	२४
दललाई मत दिने निर्वाचन प्रणाली (समानुपातिक)	१३	३	०	१६
जम्मा	१३	२७	०	४०

स्रोत: कर्णाली प्रदेश सभा सचिवालाय २०७९

तालिका ३ : कर्णाली प्रदेश सभामा दलगत प्रतिनिधित्व

राजनीतिक दलको नाम	महिला	पुरुष	अन्य	जम्मा
नेपाल कम्युनिष्ट पार्टी एमाले	५	८	०	१३
नेकपा माओवादी केन्द्र	४	७	०	११
नेपाली काँग्रेस	२	४	०	६
नेकपा एकीकृत समाजवादी	१	२	०	३
राष्ट्रिय प्रजातन्त्र पार्टी	१	०	०	१
जम्मा	१३	२१	०	३४

स्रोत: कर्णाली प्रदेश सभा सचिवालय २०७९

तालिका ४ : कर्णाली प्रदेश सरकारमा महिला प्रतिनिधित्व

कर्णाली प्रदेश सरकार	महिला	पुरुष	अन्य	जम्मा
कर्णाली प्रदेश मन्त्रिपरिषद्	०	८	०	८
जम्मा	०	८	०	८

स्रोत: कर्णाली प्रदेश सरकार २०७९

तालिका ५ : कर्णाली प्रदेशका विभिन्न आयोगमा महिला प्रतिनिधित्व

कर्णाली प्रदेश सरकार	महिला	पुरुष	अन्य	जम्मा
कर्णाली प्रदेश योजना आयोग	०	०	०	०
कर्णाली प्रदेश लोकसेवा आयोग	१	२	०	३
जम्मा	१	२	०	३

स्रोत: कर्णाली प्रदेश सरकार

तालिका ७ : कर्णाली प्रदेशको जनसंख्या र ५ वर्ष माथिको साक्षरताको अवस्था

लिङ्ग	जनसङ्ख्या	प्रतिशत	साक्षर	प्रतिशत
महिला	८,०२,४९५	५१.१	७,०२,४००	५३.२१
पुरुष	७,६७,९२३	४८.९	६,६४,६०२	७२.८८
अन्य	०	०	०	
जम्मा	१५,७०,४१८	१००	१३,६७,००२	६२.७७

स्रोत: तथ्याङ्कमा कर्णाली प्रदेश

तालिका ६ : स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिको लैङ्गिक विवरण

पद	महिला	प्रतिशत	पुरुष	प्रतिशत	अन्य	प्रतिशत	जम्मा
नगर प्रमुख वा गाउँपालिका अध्यक्ष	२	२.५३	७७	९७.४७	०	०	७९
नगर उप-प्रमुख वा गाउँपालिका उपाध्यक्ष	५३	६७.०९	२६	३२.९१	०	०	७९
वडा अध्यक्ष	७१२	९९.१७	६	०.८३	०	०	७१८
महिला सदस्य	७१६	१००	०	०	०	०	७१६
दलित महिला सदस्य	६८०	१००	०	०	०	०	६८०
खुला सदस्य	६७	४.६८	१,३६६	९५.३२	०	०	१४३३
कुल निर्वाचित	२२३०	६०.१९	१४७५	३९.८१	०	०	३७०५

स्रोत: निर्वाचन आयोग नेपाल २०७९

तालिका ८ : उच्च शिक्षाको अवस्था

तह	महिला	प्रतिशत	पुरुष	प्रतिशत
उच्च शिक्षा	२,७४३	३३.७०	५,३९७	६६.३०

स्रोत: तथ्याङ्कमा कर्णाली प्रदेश

तालिका ९ : मानव विकास सूचकाङ्क, औषत आयु र गरिबीको दर

क्षेत्र	मानव विकास सूचकाङ्क	औषत आयु (वर्ष)	बहुआयामिक गरिबीको दर (प्रतिशत)
कर्णाली प्रदेश	०.४२७	६६.८	५१.२
नेपाल	०.४९	६८.८	२८.६

स्रोत: तथ्याङ्कमा कर्णाली प्रदेश

सरकार संवेदनशील नभएको बुझ्न सकिन्छ। कर्णाली प्रदेश लोकसेवा आयोगमा भने एक तिहाइ महिला प्रतिनिधित्व सुनिश्चित गरिएको छ।

वि.सं. २०७९ मा सम्पन्न स्थानीय तहको निर्वाचनमा कर्णाली प्रदेशका ७९ मध्ये २ वटा स्थानीय तहमा मात्रै महिला प्रमुख वा अध्यक्ष निर्वाचित भएका छन्। जसलाई तालिका ६ मा देखाइएको छ।

स्थानीय तहको निर्वाचनमा प्रत्येक वडामा महिला सदस्य र दलित महिला सदस्यको कोटा निर्धारण गरिएका कारण कर्णाली प्रदेशका स्थानीय तहमा कुल निर्वाचित मध्ये ६० प्रतिशत महिला छन्। यद्यपि नगरपालिका प्रमुख तथा गाउँपालिका अध्यक्ष र वडा अध्यक्ष जस्ता कार्यकारी पदमा निर्वाचित महिलाको संख्या न्यून छ।

५.२ कर्णाली प्रदेशमा महिलाको आर्थिक सामाजिक तथा सांस्कृतिक अवस्था

कर्णाली प्रदेशका महिलाको आर्थिक सामाजिक तथा साँस्कृतिक अवस्था निकै कमजोर रहेको विभिन्न तथ्याङ्कले देखाउँछन्। सम्पत्तिमाथि महिलाको स्वामित्व नहुनु, छोरीलाई पैतृक सम्पत्तिमा हक नहुनु तथा महिलाले गर्ने घरायसी कामको आर्थिक गणना नहुनु आदिले महिला अझै पनि पुरुषमाथि निर्भर रहनुपरेको छ। महिला साक्षर नहुँदा रोजगारीको अवसर पनि नहुने तथा उमेर नपुग्दै विवाह गर्दा स्वास्थ्य समस्या तथा घरेलु हिँसाको शिकार बन्नुपरेको उदाहरण कर्णालीमा प्रशस्त पाइन्छ। यस्तै तालिका ७ मा कर्णाली प्रदेशको जनसङ्ख्या र ५ वर्ष माथिको साक्षरताको अवस्था देखाएको छ।

कर्णालीमा पुरुषको अनुपातमा महिलाको सङ्ख्या बढी भएतापनि साक्षर महिलाको अनुपात निकै कम छ। छोरीलाई विद्यालय नपठाउने, घरायसी तथा घाँस दाउराको काममा लगाउने र पठाएपनि रजस्वलापछि र विशेष गरी बालविवाहका कारण शिक्षा नियमित गर्न नसक्ने आदि कारणले महिला साक्षरता दर कम भएको हुनसक्छ। यस्तै तालिका ८ ले कर्णालीमा उच्च शिक्षाको लैङ्गिक अवस्था देखाएको छ।

कर्णाली प्रदेशमा उच्च शिक्षा हासिल गर्ने महिला पुरुषको तुलनामा आधा मात्रै छन्। उच्च शिक्षा हासिल नगर्दा धेरैजसो महिला रोजगारीको अवसरबाट समेत बञ्चित हुनुपरेको अवस्था छ। जसले महिलाको रोजगारीको हक समेत कुण्ठित हुन पुगेको देखिन्छ। यस्तै तालिका ९ ले कर्णालीमा मानव विकास सूचकाङ्क, औषत आयु र गरिबीको दरको अवस्था देखाएको छ।

मानव विकास सूचकाङ्कका आधारमा

तालिका १० : मानव अधिकार उल्लङ्घनका घटनाको प्रकार र पीडितको सङ्ख्या

घटनाको प्रकार	राज्यपक्षबाट			अन्यपक्षबाट		
	महिला	पुरुष	जम्मा	महिला	पुरुष	जम्मा
घाइते	१	१	२	१	१	२
बाल अधिकार				८३	१	८४
अमानवीय व्यवहार				१	३	४
कारागारमा मृत्यु		२	२			
महिला अधिकार	१		१	२०४		२०४
अपहरण				१		१
सबै प्रकारका जातीय विभेद				२	८	१०
गिरफ्तारी		७	७			
धम्की		२	२	१	११	१२
कुटपिट	२	६	८	७	३८	४५
अभिव्यक्ति, भेला तथा सङ्गठित हुने अधिकार		११	११			
हत्या		१	१	२०	१४	३४
जम्मा	४	३०	३४	३२०	७६	३९६

स्रोत: नेपाल मानव अधिकार वर्ष पुस्तक २०२२

कर्णाली मुलुकमै सबैभन्दा पछि रहेको तथ्याङ्कले देखाउँछ। यसका साथै कर्णालीका जनता बहुआयामिक गरिबीको मारमा परेका छन्। नेपालको औसत गरिबी करीब २९ प्रतिशत हुँदा कर्णालीको गरिबी झण्डै दोब्बर ५१ प्रतिशत रहेको छ।

यसका अलावा सामाजिक तथा साँस्कृतिक रुपमा कर्णालीका महिलाले पुरुषको तुलनामा चर्को विभेद सहनुपरेको छ। महिलाहरू एकातिर बालविवाह, बहुविवाह, छाउपडी, बोक्सी लगायतका कुप्रथाको शिकार बनेका छन् भने अर्कोतिर उनीहरूको शिक्षा, स्वास्थ्य तथा सम्मानित जीवन बाँच्न पाउने हक कुण्ठित भएको छ। कर्णाली प्रदेशका विभिन्न जिल्लामा व्याप्त घरेलु तथा यौन हिंसाको केन्द्रमा पनि महिला नै रहेका छन्। गत बर्षभरी कर्णाली प्रदेशमा भएका मानव अधिकार उल्लङ्घनका घटनामा महिला अधिकार, बाल अधिकार र हत्याका मुद्दामा महिलाको उल्लेख्य सङ्ख्या रहेबाट पनि महिलाहरूले अझै असुरक्षा, असमानता र विभेद भोग्नुपरेको कुरा बुझ्न सकिन्छ। यसलाई तालिका १० मा देखाइएको छ।

६ अवसर र चुनौती

सङ्घीय अभ्याससँगै अब तीनै तहका सरकार मानव अधिकारको विषयमा बढी संवेदनशील बन्ने भएकोले आगामी दिनमा मानव अधिकारको अवस्थामा सुधार आउन सक्छ। यसका साथै यही आर्थिक वर्षदेखि राष्ट्रिय मानव अधिकार आयोगले कर्णाली प्रदेश कार्यालय स्थापना गरी सेवा शुरु गर्नु सराहनीय छ। कर्णाली प्रदेशमा इन्सेक लगायत मानव अधिकारको क्षेत्रमा काम गर्ने विभिन्न संघसंस्थाहरूको उपस्थिति हुनु आफैमा सकारात्मक कुरा हो। यसका अतिरिक्त बढ्दो साक्षरता र घट्दो विभेदले पनि हामीलाई सकारात्मक दिशातर्फ डोर्याएको छ। राजनीति अर्थात् नीति निर्माणमा महिलाको बढ्दो सहभागिताले आगामी दिनमा महिला अधिकार मैत्री नीति नियम निर्माण गर्ने अपेक्षा गर्न सकिन्छ। यद्यपि संविधान कार्यान्वयनका सन्दर्भमा राज्यलाई झक्झक्याउन भने छोड्नुहुँदैन।

प्रदेश तथा स्थानीय तहमा लैङ्गिक विभेदलाई प्रश्रय दिने कानूनको खारेजी तथा संशोधन गर्नु, विभेदकारी सामाजिक मूल्य तथा खराब लैङ्गिक मान्यतालाई समान सामाजिक संरचना तथा शक्ति सम्बन्धमा रुपान्तरण गर्नु, लैङ्गिक हिंसाको समूल अन्त्य गर्नु तथा सबैको यौन र प्रजनन् स्वास्थ्यसम्बन्धी अधिकार सुनिश्चित गर्नु मुख्य चुनौती रहेका छन्। यसका साथै महिला मानव अधिकार रक्षकको संरक्षण तथा नारीवादी आन्दोलनको आयतन विस्तार गर्ने काममा पनि हामीले विशेष ध्यान दिनु जरुरी छ। भौगोलिक रुपमा कठिनाइ रहेपनि कर्णाली प्रदेशको समविकास आजको आवश्यकता हो। यसका लागि यहाँ उपलब्ध स्रोत साधनको उच्चतम प्रयोग गरी त्यसको समानुपातिक प्रतिफल वितरण गरिनुपर्छ।

राज्यका सबै तहमा समानुपातिक सहभागिता सुनिश्चित गर्नुका साथै व्यक्तिको नागरिक, राजनीतिक, आर्थिक, सामाजिक र साँस्कृतिक जीवनमा महिला, पुरुष र विभिन्न लैङ्गिक पहिचान भएका सबैलाई समान

सहभागिताको अवसर सृजना गर्नु सबै तहका सरकारको दायित्व हो। यसका अलावा अरुको मानव अधिकार तथा मौलिक हक स्थापनाका लागि सबै नागरिक उत्तिकै जिम्मेवार र कर्वव्यनिष्ठ बन्नु प्रारम्भिक शर्त हो।

७ निष्कर्ष तथा सुझाव

कर्णाली प्रदेशका महिला अन्यत्रको तुलनामा अधिकारबाट बञ्चित छन्। एकातिर उनीहरू कष्टकर जीवन बाँचिरहेका छन् भने अर्कोतिर उनीहरूको औसत आयु समेत कम छ। उमेर नै कम भएकाले कर्णालीका महिलालाई दिइने सुविधा र गरिने व्यवहारमा सहुलियत हुनुपर्छ। महिला आफैमा अन्तर सम्बन्धित विषय भएकाले दलित तथा विपन्न महिलाको सशक्तिकरणमा विशेष ध्यान दिनु जरुरी छ। समावेशी सिद्धान्तको आधारमा हुने जुनसुकै नियुक्तिमा महिलालाई छुटाउनु हुँदैन। साथै सरकारले सबै खाले नियुक्तिमा महिला सहभागिता सुनिश्चित गर्नुपर्छ।

अन्त्यमा कर्णाली प्रदेशका महिलाको मानव अधिकार रक्षाको विषयलाई राष्ट्रिय महिला आयोगले गम्भीरतापूर्वक मनन् गरी आवश्यकता अनुसार प्रदेशमा आफ्नो कार्यालय स्थापना गर्न सक्ने संवैधानिक प्रावधान अनुरुप कर्णालीमा आयोगको कार्यालय खोली कामको थालनी गर्नुपर्छ।

सन्दर्भ सामग्री

- Amnesty International -n=d=_= WomenÚs Rights= httpsM÷÷www=amnesty=org÷en÷what–we–do÷discrimination÷womens–rights÷
- Cornescu, A=V= -2009_= The Generations of HumanÚs Rights= In D= Prava -Ed=_ Days of LawM the Conference Proceedings, 1= edition= Masaryk University=
- Domaradzki, S=, Khvostova, M= & Pupovac, D= -2019, September 6_= Karel VasakÚs Generations of Rights and the Contemporary Human Rights Discourse= In Human Rights Review 20, 423–443= httpsM÷÷doi=org÷10=1007÷s12142–019–00565–x
- Global Fund for Women= -n=d=_= What are womenÚs human rights<= httpsM÷÷www=globalfundforwomen=org÷womens–human–rights÷
- OHCHR= -n=d=_= OHCHR and womenÚs human rights and gender equality= httpsM÷÷www=ohchr=org÷en÷women
- OHCHR= -n=d=_= Vienna Declaration and Programme of Action, 1993= httpsM÷÷www=ohchr=org÷sites÷default÷files÷vienna=pdf
- Twinkle, Moses= -2022, April 29_= ExplainedM Tracing the Three Generations of Human Rights_= httpsM÷÷www=indiatimes=com÷explainers÷news÷human–rights–tracing–the–three–generations–568239=html
- United Nations= -n=d=_= Universal Declaration of Human Rights, 1948= httpsM÷÷www=un=org÷sites÷un2=un=org÷files÷2021÷03÷udhr=pdf
- ओझा, मीना। (२०१०)। नेपालको महिला आन्दोलनको इतिहास र वर्तमान अवस्था। त्रिभुवन विश्वविद्यालय जर्नल, वर्ष २७, अङ्क १-२, पृष्ठ २०३-२०८।
- इन्सेक। (२०२२)। नेपाल मानव अधिकार वर्ष पुस्तक। httpsM÷÷inseconline=org÷np÷human–rights–year–book–2022÷
- कर्णाली प्रदेश सरकार। (-)। तथ्याङ्कमा कर्णाली प्रदेश। मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय।
- निर्वाचन आयोग नेपाल। (२०७७)। लैङ्गिक तथा समावेशी नीति।
- निर्वाचन आयोग नेपाल। (२०७९, जेठ १२)। स्थानीय तह निर्वाचन इ-बुलेटिन, वर्ष १, अङ्क ४३।
- नेपाल कानून आयोग। (-)। महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धी १९७९। httpsM÷÷www=lawcommission=gov=np÷en÷wp–content÷uploads÷2021÷03÷Convention–on–the–Elimination–of–All–Forms–of–Discrimination–against–Women–1979=pdf
- लामिछाने, रघुनाथ (सं.)। (२०७८, फागुन २३)। नेपालमा महिलाको अवस्था। राष्ट्रिय महिला आयोग।
- संघीय संसद सचिवालय। (२०७५, मङ्सिर)। संसदमा महिला सहभागिता: वि.सं. २०१५-वि.सं. २०७४। संसदीय अध्ययन तथा अनुसन्धान शाखा, संघीय संसद सचिवालय।
- संविधान सभा सचिवालय। (२०७३, असोज ३)। नेपालको संविधान। कानून किताब व्यवस्था समिति।

विश्लेषण

गोपाल सञ्जेल*

स्थानीय सरकार : सुशासन र मानव अधिकारका दृष्टिमा

स्थानीय निकाय र स्थानीय तहका बिचमा बुझाइमै समस्य देखियो। २०४७ सालको संविधानमा स्थानीय निकाय उल्लेख थियो। त्यसैअनुसार २०४९ र २०५४ मा स्थानीय निकायको निर्वाचन भयो। निर्वाचनबाट जनप्रतिनिधिमार्फत अभ्यास गरियो। २०५९ साल असार मसान्तमा सकिएको जनप्रतिनिधिको कार्यकालपछि विभिन्न बहानामा निर्वाचन गरिएन र १५ वर्षसम्म जनप्रतिनिधिहरुको अख्तियारी कर्मचारीलाई दिइयो। यसको परिणाम र प्रभाव के भयो होला ? अहिले यसको चर्चा यहाँ नगरौँ।

२०७३ सालमा जारी संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकारको किटानी गऱ्यो। यही प्रावधानअनुसार संघ र प्रदेशको एक पटक, स्थानीय तहको दुई पटक निर्वाचन सम्पन्न भएको छ। आआफ्नो तहको सरकार सञ्चालन गरिएका अभ्यास र अनुभव हाम्रा सामु छन्। संघीय सरकार त पहिलेदेखिकै उस्तैउस्तै नै भन्न सकिएला तर सातै वटा प्रदेश सरकारले आफ्नो अस्तित्व र औचित्य साबित गर्न सकेको भान हुन्न। यो सन्दर्भ पनि यहाँ चर्चा गर्न लागिएको होइन।

स्थानीय तहलाई राजनीतिक र प्रशासनिक दुवै क्षेत्रले स्थानीय निकायकै रूपमा बुझे र त्यस्तै व्यवहार गरे। तीन तहको सरकारको अलग अस्तित्व र आपसी समाञ्जस्यताका बारेमा संविधानले गरेको व्याख्यालाई बुझ्न गहिराइमा पुगेको देखिएन। स्थानीय सरकालाई संघ र प्रदेश सरकारले आदेश र निर्देशन गरेका दृष्टान्तले यही कुरो पुष्टि गर्छन्। स्थानीय तहमा जो निर्वाचित भए उनीहरुको बुझाइ र व्यवहार पनि प्रस्ट देखिएन। निकाय र तहका बिचमा भिन्नता किटानी हुँदाहुँदै पनि यसको मर्म बुझ्नतिर भन्दा कुम्लो बोकी ठिमीतिर लागेको पाइयो। भालुको मन खन्युमाथि भनेझैँ बजेटभन्दा अन्य क्षेत्रमा चिन्तन र मनन् गरेको पाइएन। सरकार भनेको नागरिकले मेरो हो भन्ने अनुभूत गर्न पाउनु हो। स्थानीय रुपमा यो अनुभूत गर्न पाइएन।

संवैधानिक रूपमा स्थानीय सरकारको प्रावधान हुनु र सरकारको पूरा अङ्गसहित व्याख्या गरिनु झनै महत्वपूर्ण विषय हो। स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था हुनु र अभ्यास गरिनु सामान्य होइन। उपप्रमुखको संयोजकत्वको अर्धन्यायिक व्यवस्था हुनु, वर्षको दुई पटक व्यवस्थापिकाको अधिवेशन गर्नु, व्यवस्थापिकाले स्थानीय कानुन बनाउन पाउनु, राजश्वका दर निर्धारण गर्न र असुल गर्न पाउनुले सरकारको हैसियत प्रस्ट हुन्छ। ६ ओटा विषयगत समितिको व्यवस्था हुनु र विभागीय जिम्मेवारी हुनुले मन्त्रालयको व्यवस्था गरेको प्रस्ट हुन्छ। तर यी ६ ओटा विषयगत समितिको प्रभावकारी अभ्यास भएको पाउन मुस्किल पर्छ। मन्त्रिपरिषद् (क्याबिनेट) पद्धति हो नि यो विषयगत समिति। तर यसको ख्याल गरेको पाइएन।

अर्को महत्वको विषय चाहिँ के भने स्थानीय सरकारमा प्रतिपक्षको कल्पना गरिएको छैन। जुन जुन पार्टीका तर्फबाट निर्वाचित भए पनि त्यहाँ पक्ष/प्रतिपक्षको हैसियत हुँदैन। बिचैमा सरकार हटाउने र नयाँ बनाउने खेल हुन्न। स्थानीय सरकार आफ्नो कार्यकाल पूरा अवधि सुरक्षित छ। यो ज्यादै महत्वपूर्ण पक्ष हो।

पाँच वर्षको एक अवधि पूरा व्यतीत हुँदा संवैधानिक र कानुनी प्रावधान, अधिकार र यसका अन्तर्निहित भावना र मर्म बुझ्ने र परिणाममुखी काम गर्ने स्थानीय सरकार कमै पाइए। सरकारको अङ्गको अभ्यास ज्यादै कम गरियो। गरिहाले पनि झारा टार्ने गरियो। काम, परिणम र सेवामुखीभन्दा आआफ्ना सुविधा र हैसियत खोज्नेतिर बढी ध्यान दिइयो। गाउँ गाउँमा सिंहदरवारचाहिँ चर्कै स्वरले भनिरहियो, स्थानीय सरकार पनि ठूलै स्वरमा भनियो तर सोचाइ र बुझाइ भने दरबारमा राजकाज गर्ने राजै पो हुँ त भन्ने भान पालियो। छोटे राजको व्यवहार देखाइयो। एक खालको जडवत प्रवृत्ति विकास भयो। दोस्रो निर्वाचनका लागि जसरी नि त्यही पदका लागि पार्टीको टिकट हात पार्ने निकृष्ट हर्कत पनि देखियो। इमान, जमान,

स्थानीय तहलाई राजनीतिक र प्रशासनिक दुवै क्षेत्रले स्थानीय निकायकै रूपमा बुझे र त्यस्तै व्यवहार गरे। तीन तहको सरकारको अलग अस्तित्व र आपसी समाञ्जस्यताका बारेमा संविधानले गरेको व्याख्यालाई बुझ्न गहिराइमा पुगेको देखिएन। स्थानीय सरकालाई संघ र प्रदेश सरकारले आदेश र निर्देशन गरेका दृष्टान्तले यही कुरो पुष्टि गर्छन्। स्थानीय तहमा जो निर्वाचित भए उनीहरुको बुझाइ र व्यवहार पनि प्रस्ट देखिएन। निकाय र तहका बिचमा भिन्नता किटानी हुँदाहुँदै पनि यसको मर्म बुझ्नतिर भन्दा कुम्लो बोकी ठिमीतिर लागेको पाइयो। भालुको मन खन्युमाथि भनेझैँ बजेटभन्दा अन्य क्षेत्रमा चिन्तन र मनन् गरेको पाइएन। सरकार भनेको नागरिकले मेरो हो भन्ने अनुभूत गर्न पाउनु हो। स्थानीय रुपमा यो अनुभूत गर्न पाइएन।

* सञ्जेल, सामाजिक अध्येता हुनुहुन्छ ।

सवैधानिक रूपमा स्थानीय सरकारको प्रावधान हुनु र सरकारको पूरा अङ्गसहित व्याख्या गरिनु झनै महत्वपूर्ण विषय हो। स्थानीय तहमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको व्यवस्था हुनु र अभ्यास गरिनु सामान्य होइन। उपप्रमुखको संयोजकत्वको अर्धन्यायिक व्यवस्था हुनु, वर्षाको दुई पटक व्यवस्थापिकाको अधिवेशन गर्नु, व्यवस्थापिकाले स्थानीय कानुन बनाउन पाउनु, राजश्वका दर निर्धारण गर्न र असुल गर्न पाउनुले सरकारको हैसियत प्रस्ट हुन्छ। ६ ओटा विषयगत समितिको व्यवस्था हुनु र विभागीय जिम्मेवारी हुनुले मन्त्रालयको व्यवस्था गरेको प्रस्ट हुन्छ। तर यी ६ ओटा विषयगत समितिको प्रभावकारी अभ्यास भएको पाउन मुस्किल पर्छ। मन्त्रिपरिषद् (क्याबिनेट) पद्धति हो नि यो विषयगत समिति। तर यसको ख्याल गरेको पाइएन।

राजनीतिक धर्म केही पनि वास्ता गरेको पाइएन। उम्मेदवारी दर्ताको अघिल्लो दिन जब आफ्नो पार्टीले टिकट नदिने पत्तो भो अनि तत्क्षण अर्को पार्टी प्रवेश गरेर उम्मेदवारीका लागि टिकट हात पारेका उदाहरण धेरै छन्। यस्ता अराजनीतिक र आपराधिक प्रवृत्तिले गर्दा सिङ्गो राजनीतिक पद्धतिमाथि नै प्रश्न उठ्यो। वडा अध्यक्ष, पालिका प्रमुख/उपप्रमुख हुन मरिहत्ते गरेको देखियो। यसभित्रको दुरासय बुझ्न कठिन छैन। यही तहको खबरदारीको खाँचो टड्कारो देखियो। यो प्रवृत्तिलाई सच्याउन सकिएन भने राजनीतिक पद्धतिमाथि नै ठुलो आघात पुग्छ।

विकासका नयाँ नयाँ ढाँचा, कार्यान्वयनका सिकाइ र स्थानीय सरकारको सेवा प्रवाहमा चुस्तताका बारेमा बहस र चर्चा भएको पाइएन। विद्यमान संविधानले गरेका व्याख्या र ऐन कानुनले गरेका प्रावधानमा कहाँ कति सुधार हुन आवश्यक छ यो अभ्यास गर्दा आइपरेका बाधा व्यवधान बारे बोल्ने स्थानीय सरकार प्रमुख/उपप्रमुख पाउन सकिएन। प्रदेश र सङ्घीय सरकारलाई दबाब दिएको कतै सुन्न पाइएन। बरु प्रशासनिक प्रमुख आफ्नै पार्टीको पक्षधर कुनचाहिँ पाइएला भन्दै मन्त्रालयका सचिव र सहसचिवसँग चाकरी गरेका फेहरिस्त पाइन्छन्। यसभित्र पालिएका मनसाय के हुन सक्ला ? बुझ्न कठिनाइ हुन्न।

अधिकारका कुरा गर्ने हो भने १२ कक्षासम्मको शिक्षाको व्यवस्थापकीय अभिभारा स्थानीय तहलाई सुम्पेको छ। तर यसको सिन्को भाँचिएको छैन। कतै कतै स्थानीय शैक्षिक कानुन बनाइयो तर लागू गर्दा दलीय तजबिज खोज्नाले झन् भद्रगोल भएको छ। स्वास्थ्यको ...सÚ पनि बोलिएको र गरिएको छैन। कृषि, वन, वातावरण, पर्यटन, पूर्वाधारका अवधारणा त बनेकै छैनन्। अलिअलि गर्न खोजिएका अधिकांश काम पनि अलपत्रै देखिन्छन्। विषयगत विकास अवधारण तर्जुमा गर्ने आआफ्नो विशेषता अनुसारका कार्यक्रम तय गर्ने र कार्यान्वयन गर्ने तिर हात लाग्यो शून्य। स्थानीय रोजगार सिर्जनाका कुरा त झन् कसले गरिदिने र ? मतदान गऱ्यो, विजय गरायो, विजयी जुलुशमा जय जयकार गऱ्यो अनि खाडी भासियो।

वडा अध्यक्षदेखि प्रमुखसम्मका अधिकांशले डोजर किन्न ध्यान दिए। तर गज्जबको कुरो के भने उपप्रमुखले भने कतै पनि डोजर किनेको पाइएन। किनकि उपप्रमुख प्रायः महिला थिए। महिलालाई राजनीतिक व्यवसाय गर्न विभेद गरिएको देखियो। पूर्वाधारका नाममा बाटो र बाटोको नाममा डोजर। डोजर आफ्नै हुँदा बजेटको निर्णय गर्दा र फछ्र्योट गर्दाका तजबिज सहज नि !

सुशासन कुन चराको नाम हो खोजीको विषय भयो। महालेखा परीक्षकको प्रतिवेदनले स्थानीय तहमा भएका आर्थिक बेथिति, बेरुजु र अनियमितताका बारेमा खराब अवस्था भएको उल्लेख गरेको छ। जसरी संघ र प्रदेशको आर्थिक हविगत खराब छ, त्यो रोग त्यसरी नै स्थानीय सरकारमा सरेको छ।

यति निम्छरो अवस्थामा चलेका हाम्रा स्थानीय सरकारले संविधानले प्रत्याभूत गरेका मौलिक हकमा ध्यान देलान् र नागरिकहरूले भरोसा गरौँला भन्ने सन्दर्भ झन् टाढा भएको तितो यथार्थ हो यो। यसो भनिरहँदा यहाँ पूरै नकारात्मक पक्ष मात्रै ओकलियो भन्न सकिन्छ। वास्तविकता के हो भने कर्मकाण्ड त धानियो तर नागरिकको अपेक्षा कर्मकाण्ड मात्रै धान्ने किमार्थ थिएन, होइन र हुनुहुन्न। जुन गति, यति र लय पक्रिनु पर्ने थियो त्यो हुन सकेन। जुन अनुभूत गर्न पाउनु पर्ने थियो त्यो गर्न पाइएन। जुन गतिमा घोडाको जस्तै बुर्कुसी मार्नुपर्ने थियो त्यो कुछुवाको गति भो। विकासका दुवै पाटा सामाजिक र पूर्वाधारका पक्ष समानान्तर रुपमा जानुपर्ने थियो त्यो त्यसरी जान सकेन।

यस प्रवृत्तिले नागरिक अधिकार झन् कमजोर भएको छ। सुशासन मृगतृष्णा भएको छ। नागरिक अधिकार राजनीतिक रूपले यति कमजोर बनाइनु मुलुककै लागि दुर्भाग्य हो। यसले स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, रोजगारी, पूर्वाधारका विकासमा अर्को कार्यकाल पनि राम्रो संकेत देखिन्न। यो भनेको एक दशक हुन्छ। एक दशक समय भनेको विकासका लागि ज्यादै लामो समय हो। एउटा पुस्ताका लागि आफ्नो भविष्य निर्माण गर्ने महत्वपूर्ण अवधि हो। यतातिर ध्यान पुगेको देखिन्न। खबरदारी गर्ने नागरिकहरू पनि पलायन हुन चाहन्छ। सक्ने युरोप अमेरिका, नसक्ने खाडी। यो मानव अधिकारका दृष्टिलेसमेत मुलुकका लागि खतराको घन्टी बजेको प्रस्ट हुन्छ।

सन्दर्भ सामग्री

- नेपालको अधिराज्यको संविधान २०४७
- नेपालको संविधान २०७२
- स्थानीय तह सञ्चालन तथा व्यवस्थापन गर्न बनेको ऐन २०७४
- महालेखा परीक्षकको वार्षिक प्रतिवेदन २०७८

विश्लेषण

निरा अधिकारी*

अपाङ्गता भएका व्यक्तिको अधिकार संरक्षणमा स्थानीय तहको भूमिका

असहाय, अनाथ अपाङ्गता भएका व्यक्ति एवम् बालबालिकाहरूका लागि सामुदायिक गृह सञ्चालन गर्ने, पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत सम्पत्तिको सुरक्षाको प्रत्याभूति गराउन आवश्यक व्यवस्था मिलाउने, पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै बसोबास स्थानमा फिजियोथेरापि सेवा उपलब्ध गराउने, गरिबीको रेखामुनि रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई नियमित प्रयोग गर्नुपर्ने औषधि एवम् सहायक सामग्री निःशुल्क व्यवस्था गर्ने, आभ्नो क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूलाई अपाङ्गतामैत्री बनाइ सबै बालबालिकाको निम्ति पहुँचयुक्त र समावेशी बनाउन आवश्यक पूर्वाधार तयार गर्ने र गर्न लगाउने आदि जस्ता कृयाकलापहरू सञ्चालनमा पनि स्थानीय तहको अग्रसरता आवश्यक हुन्छ। त्यसैगरी अपाङ्गता भएका व्यक्तिको निम्ति समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्नु जरुरी छ।

अपाङ्गता त्यस्तो परिघटना हो जुन जोसुकैलाई जुनसुकै बेला घटित हुन सक्दछ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी ऐन, २०७४ ले अपाङ्गता भएका व्यक्ति भन्नाले 'शारीरिक, मानसिक, बौद्धिक वा ईन्द्रीयसम्बन्धी दीर्घकालीन अशक्तता, कार्यगत सीमितता (फङ्सनल इम्पेरिमेन्ट) वा विद्यमान अवरोधको कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढङ्गले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति' भनी परिभाषित गरेको छ। यो ऐन जारी हुनु अगावै नेपालको संविधानले अपाङ्गता भएका व्यक्तिहरूको अधिकार प्रवर्धनका लागि मौलिक हक अन्तरगत विशेष व्यवस्थाहरू जस्तै समानताको हक, सामाजिक न्यायको हक शिक्षाको हक र सामाजिक सुरक्षाको हकको सुनिश्चितता गरी अपाङ्गता भएका व्यक्तिहरूको निम्ति विशेष कानुन बनाउन सकिने उच्च तहसम्म निःशुल्क शिक्षा प्रदान गर्ने सार्वजनिक सेवा र सुविधामा पहुँच अभिवृद्धि गरी सम्मानीत र मर्यादित जीवनका लागि अवसर प्रदान गर्ने र सामाजिक सुरक्षा प्रदान गर्ने जस्ता अधिकार प्रदान गरेको छ।

नेपाल अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि, २००६ को पक्षराष्ट्र भएपछि आपङ्गतथाका क्षेत्रमा उल्लेखनीय कार्यहरूको सुरुवात भएको छ। अर्को महत्वपूर्ण पक्ष के हो भने अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षा गर्ने पहिलो जिम्मेवारी स्थानीय सरकारलाई संविधानले एकल अधिकारका रूपमा नै प्रदान गरेको छ। तसर्थ स्थानीय सरकारले अपाङ्गता भएका व्यक्तिहरूको हक तथा अधिकारको संरक्षण र प्रवर्धनका लागि अभिभावकत्व ग्रहण गर्नु जरुरी छ।

कानुनहरू निर्माण गरी आफ्नो काम कारबाहीलाई नियमित, छिटोछरितो, स्वच्छ, पारदर्शी, प्रभावकारी र सुशासनयुक्त बनाउने प्रयास स्थानीय सरकारले गरेका छन्। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८, ११(२) त, १२, २४ र ४३ मा अपाङ्गता भएका व्यक्तिहरूको निम्ति विभिन्न व्यवस्थाहरू गरिएका छन्। दफा ८ मा उपमहानगरपालिकामा अपाङ्गतामैत्री सार्वजनिक स्थल र भवनहरू भौतिक रुपमा पहुँचयुक्त हुनेगरी निर्माण भएको हुनुपर्ने प्रावधान राखिएको छ भने सहरी परिवहन अर्थात यातायातका साधनसमेत अपाङ्गता भएका व्यक्तिका निम्ति पहुँचयुक्त बनाउनुपर्ने उल्लेख छ। यद्यपि हाम्रा उपमहानगर तथा महानगरहरू यस ऐनले राखेको प्रावधानलाई पालना गर्न सक्षम भने छन् वा छैनन् वा भएकाले पनि यसअनुसार कार्य गरेका छन् छैनन् यो हामी सबैलाई थाहै भएकबो विषय हो। सोही ऐनको दफा ११(२) त ले स्थानीय तहको काम कर्तव्य र अधिकारअन्तर्गत अपाङ्गता भएका व्यक्तिलगायत ज्येष्ठ नागरिकका लागि विशेष कामहरू पनि तोकेको छ, जुन विषय संविधानको एकल अधिकारको अनुसूची अनुसार स्थानीय सरकारको अधिकार सूचीमा लिपीवद्ध गरिएको छ। यस अन्तर्गत देहायका विषयहरू पर्दछन् :

१. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन अन्तरगत सङ्घ र प्रदेश कानूनको अधिनमा रहि सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन सञ्चालन र व्यवस्थापन
२. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन र वितरण
३. ज्येष्ठ नागरिक क्लब, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रम केन्द्रको सञ्चालन तथा व्यवस्थापन
४. सङ्घ र प्रदेशसँगको समन्वयमा अपाङ्गता पुर्नस्थापना केन्द्र ज्येष्ठ नागरिक केन्द्र तथा अशक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन
५. सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुर्नस्थापना केन्द्रको सञ्चालन,

* निर्देशक, महिला तथा बालबालिका विभाग, महिला बालकालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय

व्यवस्थापन, अनुगमन र नियमन

६. ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापनसम्बन्धी अन्य कार्य

त्यसैगरी, ऐनको दफा १२ ले सामाजिक सुरक्षा प्रर्वद्धनका लागि सामाजिक सुरक्षाको कार्यान्वयन गर्न सङ्घ प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य गर्ने र अपाङ्गता मैत्री जलवायु परिवर्तन अनुकुलन, विपत् जोखिम संवेदनशीलता, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रयोगजस्ता विषय समावेश छन्।

त्यस्तै १२(ग) अन्तरगत वडाभित्र आर्थिक तथा सामाजिक रूपमा पछि परेका अपाङ्गता भएका व्यक्ति लगायतको अभिलेख राखी सामाजिक र आर्थिक उत्थानसम्बन्धी काम गर्ने भनी जिम्मेवारी तोकेको छ। उक्त ऐनको दफा २४(५) मा गाउँपालिका तथा नगरपालिकाले योजना तर्जुमा तथा कार्यान्वयन गर्दा अपाङ्गता भएका व्यक्ति ज्येष्ठ नागरिक लगायत सरोकारवालाहरूको अधिकतम सहभागिताको प्रावधान राखेको छ। ऐनकै दफा ४३ मा राष्ट्रिय भवन संहिताको पालना गर्नुपर्ने विषयलाई स्थानीय तहको प्रमुख जिम्मेवारीको रूपमा उल्लेख गरी गाउँपालिका तथा नगरपालिकाले दफा २७ बमोजिम भवनको नक्सा पास गर्दा नेपाल सरकारले निर्धारण गरे अनुसारको राष्ट्रिय भवनसंहिताको पालना गर्नु, गराउनु पर्नेछ भनी कानुनलाई बाध्यकारी बनाएको पाइन्छ। यसको अर्थ भवनहरू अपाङ्गताका दृष्टिले पहुँचयुक्त हुनुपर्छ भन्ने नै हो।

माथि उल्लेखित कानुनी प्रावधानले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको संरक्षणका लागि स्थानीय तहको भूमिका महत्वपूर्ण देखिएको छ। अपाङ्गता भएका व्यक्तिहरूको अधिकार सम्बन्धी ऐन, २०७४ ले विभिन्न व्यवस्थाहरू गरेको छ। यस ऐनको दफा ४२ मा स्थानीय समन्वय समिति गठनको व्यवस्था छ। जसमा अपाङ्गता भएका व्यक्तिद्वारा सञ्चालित संस्थाका प्रतिनिधि र अपाङ्गता भएका व्यक्ति स्वयम्को समन्वय समितिमा सहभागितालाई सुनिश्चित गरेको छ। त्यसैगरी दफा ४५ले स्थानीय तहको दायित्वलाई देहायबमोजिम उल्लेख गरेको छ :

(१) अपाङ्गता भएका व्यक्तिको अधिकारको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने,गराउने दायित्व स्थानीय तहको हुनेछ।

(२) राज्यका तर्फबाट अपाङ्गता भएका व्यक्तिलाई उपलब्ध गराइने सहयोग सहजरूपमा उपलब्ध गराउने दायित्व स्थानीय तहको हुनेछ।

(३) अपाङ्गता भएका व्यक्तिलाई स्थानीय तवरबाट उपलब्ध हुनसक्नेसम्मका सेवा, सुविधा तथा अवसर उपलब्ध गराउने दायित्व सम्बन्धित स्थानीय तहको हुनेछ।

(४) बिना भेदभाव अन्य व्यक्ति सरह समान रूपमा मर्यादित र प्रतिष्ठापूर्वक जीवनयापन गर्न पाउने दायित्व स्थानीय तहको हुनेछ।

(५) विकट तथा दुर्गम गाउँहरूमा कम्तीमा वर्षमा एकपटक परिचय पत्र वितरण घुम्ती शिविर सञ्चालन गर्ने दायित्व पनि स्थानीय तहको हुनेछ।

यसरी, जारी भएको ऐनको कार्यन्वयनको कार्यमा प्रभावकारिता कायम गर्न नेपाल सरकारले २०७७ सालमा नियमावलीसमेत जारी गरेको छ।

अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गता परिचयपत्र प्रदान गर्ने कार्य स्थानीय तहबाट भइरहेको छ। तर, यसबारे राम्रो ज्ञान एवम् जानकारी भएका कर्मचारीहरूको उपलब्धता सबै पालिकाहरूमा गराउन नसक्दा कामले ऱूतता प्राप्त गर्न सकेको देखिँदैन। वडाहरूले पनि अपाङ्गता भएका व्यक्तिहरूको सशक्तीकरणका लागि पर्याप्त काम गर्न सकेका छैनन्। केहीले काम गरिरहेका छन् तर ती कार्यहरू कल्याणकारी सोचले ग्रस्त रहेको पाइन्छ। जस्तै ब्लाङ्केट बाँड्ने, ज्याकेट वितरण गर्ने राहत सामग्री दिने। यी कार्यहरूले अपाङ्गता भएका व्यक्तिहरूको दीर्घकालीन भविष्यलाई टेवा पुऱ्याउन सक्दैन। स्थानीय तहहरूले छिटपुट रूपमा सहायक सामग्रीहरू वितरण गर्न थालेका छन्, तर त्यो पनि थोरै सङ्ख्यामा मात्र। अझ सहयोगी सेवा, पुर्नस्थापना कार्यक्रम, दिवा सेवा केन्द्रहरूको सञ्चालन, सीपमा आधारित पुर्नस्थापना, रोजगार तथा स्वरोजगारका क्षेत्रमा सीमितमात्र काम हुन सकेको छ वा पर्याप्त: छैन भन्न सकिन्छ। अपाङ्गतामैत्री भौतिक संरचना निर्माण गर्ने विषयमा ध्यान पनि ज्यादै कम पालिकाहरूको पुगेको छ भन्दा अत्युक्ति नहोला। अपाङ्गतामैत्री भौतिक संरचनालाई ऱ्याम्प र हृवीलचेयरसँग मात्र जोडेर हेर्ने गरिएको छ। १० प्रकारका अपाङ्गता भएका व्यक्तिहरू र तीभित्रका विविधतालाई मनन् गरी सार्वजनिकस्थल अपाङ्गतामैत्री बनाउने कार्य हुन सकेको छैन। त्यसमाथि पनि समाज र परिवारमा रहेको अपाङ्गताप्रतिको नकारात्मक दृष्टिकोणमा परिवर्तन ल्याउन अभिभावक तथा समाजलाई सचेतीकरण गर्ने कार्य गर्न सकिएको छैन। यसले गर्दा अपाङ्गता भएका व्यक्तिहरूको अधिकारको रक्षाका सन्दर्भमा स्थानीय सरकार अलि बेखबर हो कि भन्न सकिन्छ।

असहाय, अनाथ अपाङ्गता भएका व्यक्ति एवम् बालबालिकाहरूका लागि सामुदायिक गृह सञ्चालन गर्ने, पूर्ण र अति अशक्त अपाङ्गता भएका व्यक्तिहरूको व्यक्तिगत सम्पत्तिको सुरक्षाको प्रत्याभूति गराउन आवश्यक व्यवस्था मिलाउने, पूर्ण अपाङ्गता भएका व्यक्तिहरूलाई उनीहरूकै बसोबास स्थानमा फिजियोथेरापि सेवा उपलब्ध गराउने, गरिबीको रेखामुनि रहेका अपाङ्गता भएका व्यक्तिहरूलाई नियमित प्रयोग गर्नुपर्ने औषधि एवम् सहायक सामग्री निशुल्क व्यवस्था गर्ने, आफ्नो क्षेत्रमा रहेका सामुदायिक विद्यालयहरूलाई अपाङ्गतामैत्री बनाइ सबै बालबालिकाको निम्ति पहुँचयुक्त र समावेशी बनाउन आवश्यक पूर्वाधार तयार गर्ने र गर्न लगाउने आदि जस्ता कृयाकलापहरू सञ्चालनमा पनि स्थानीय तहको अग्रसरता आवश्यक हुन्छ। त्यसैगरी अपाङ्गता भएका व्यक्तिको निम्ति समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालन गर्नु जरुरी छ। यी कार्यहरू सञ्चालन, व्यवस्थापन र सम्पादन गर्ने कार्य त्यति सजिलो छैन। तर, स्थानीय तहले समाजका सिमान्तकृत वर्ग जस्तै जोखिममा रहेका अपाङ्गता भएका व्यक्तिहरूको मानवअधिकारको रक्षा गर्न आवश्यक पर्ने नीतिनियम यथाशीघ्र बनाउने र अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण गर्ने कार्यलाई साथसाथै लैजान सकेमा समतामुलक समाज निर्माण गर्ने मुलुकको सपनामा एक पाइला थपिनेछ।

विश्लेषण

मिना बुढाथोकी

बालविवाहको असर : विवाह गर्ने उमेरमा भएका सम्बन्धविच्छेदले परिवारमा विखण्डन, बालबालिकाको बिचल्ली

१४ वर्षको मै खाउँ मै लाउँ भन्ने उमेरमा विवाह गरेकी उनलाई ऊ बेला विवाह गर्दाको सुन्दर सपना अहिले झल्झली याद आउँछ। त्यो बेला उनका पति १६ वर्षका थिए। पढेर ठुलो मान्छे बन्ने सपना देख्ने उमेरमा उनीहरूले भागेर विवाह गरे। तर समय सधैँ एकै नासको कहाँ हुन्छ र ? बागचौर नपा-१ निवासी सपना बस्नेत (नाम परिवर्तन) अहिले २२ वर्षकी भइन्। २२ वर्षकै उमेरमा उनका आठ वर्ष र पाँच वर्षका गरी दुई जना छोरा छन्।

आँखाबाट तप्प आँशु चुहाउँदै बस्नेतले भनिन् २२ वर्षकै उमेरमा पतिबाट छुट्टिएर बस्ने दिन पनि आउला भनेर मैले कहिले सोचे हुँला र ? सानै उमेरमा बालविवाह गरेकी उनलाई अहिले पछुतो भएको छ। पतिबाट अलग भएर बस्नको लागि उनी अहिले अदालतको सहारा लिन पुगेकी छन्। अरु साथीहरूले सुन्दर जिवनको सपना देखेर पढिरहेको देख्दा उनको मन धुरुक्कै हुन्छ। आफ्नो त भविष्य डामाडोल भयो नै अहिले कलिला सन्तानको समेत डरलाग्दो भविश्य देखेर कहिले आफैलाई सराप्छीन। बनगाड कुपिण्डे नपा-१ निवासी सम्झना बुढा (नाम परिवर्तन) ले ०७५ सालमा प्रेम गरी बालविवाह गर्नु भयो। उहाँ अहिले २१ वर्षकी हुनुहुन्छ। तर, सोचे अनुसार परिवार चल्न नसकेपछि उहाँ अहिले जिल्ला अदालतमा सम्बन्ध विच्छेद मुद्दाको फैसला कुरेर दुई वर्षीया छोरीसँग अलग्गै बसिरहनु भएको छ।

बालविवाह गर्नु भएकी सम्झनालाई पतिले मदिरा सेवन गरी कुटपिट गर्ने, मानसिक तथा शारीरिक यातना दिएका कारण उहाँले अंशसहित सम्बन्ध विच्छेदको मुद्दा दिनुभयो। पतिले ...न त बाहिर काम गर्न जान दिन्छ, बिनाकारण ममाथि कुटपिट गर्न थाल्छ। पीडा सहन नसकेपछि छोरी लिएर बस्दैछु, सम्झनाले भन्नुभयो। उहाँले थप्नुभयो ...सानैमा नजानेर विवाह गरियो, अब दुःख पाएपछि उ सँग बस्न सक्ने अवस्था छैन, सम्बन्ध विच्छेद गर्ने प्रक्रियामा छु।'

१७ वर्षको उमेरमा ०७२ सालमा वैवाहिक जीवन सुरूआत गर्नु भएकी शारदा नपा-६ निवासी २३ वर्षीया सर्मिला बुढाथोकी (नाम परिवर्तन) ले ०७८ पुस २५ गते सम्बन्ध बिच्छेदको लागि जिल्ला अदालतमा मुद्दा दर्ता गराउनु भयो। जिल्ला अदालत परिसरमा भेटिनु भएकी सर्मिलाले पतिले दिनहुँ जसो शारीरिक यातना दिने, कुटपिट गर्ने भएकाले पतिबाट अलग भएर माइती घरमा बस्दै आएको बताउनु भयो। शर्मिलाले भन्नुभयो-रात दिन झगडा हुन्छ, अब म तलाइ पाल्न सक्दिन त आफ्नो बाटो लाग, म मेरो बाटो लाग्छु भन्नुहुन्छ। पतिको व्यवहार र वचन खप्न नसकेपछि सम्बन्ध विच्छेदको निर्णयमा पुगें। पतिको अमानवीय व्यवहार सम्झदै सर्मिलाले भन्नुभयो-एक पटक त घर सल्लाहअनुसार माइतीमा बाबु बिरामी हुनुहुन्थ्यो, बिरामी हेर्न गएको अवस्थामा माइती घरमा आएर मलाई कुटपिट गर्नु भयो, त्यसपछि मलाई घरबाट निकाल्नु भयो।

जिल्ला अदालतमा अधिकांश मुद्दा सम्बन्ध विच्छेदकै

माथि उल्लेखित घटनाहरू सम्बन्ध विच्छेदको अवस्था र त्यसको अवस्था अनि असर झल्काउने प्रतिनिधि घटना मात्रै हुन्। जिल्ला अदालतमा चालू आर्थिक वर्षमा सबै भन्दा धेरै मुद्दा सम्बन्ध विच्छेदका दर्ता भएका छन् । जिल्ला अदालत सल्यानमा अहिले सबैभन्दा बढी मुद्दा सम्बन्ध बिच्छेदको आउने गरेको अदालतका श्रेस्तेदार हेमन्त ज्ञवालीले बताउनुभयो। यहाँका महिलाहरू सम्बन्ध विच्छेद गर्ने भनेर दैनिक जसो नै आउने गरेका छन उहाँले भन्नुभयो -'कहिले काँही त एक दिनमा दुईदेखी तीन वटासम्म सम्बन्ध विच्छेदका मुद्दा दर्ता हुन्छन।' सम्बन्ध विच्छेद गर्ने महिलाहरूको सङ्ख्या अहिले दिनानुदिन बढदै गएको छ।

सम्बन्ध विच्छेद गर्न आउनेहरूको

सम्बन्ध विच्छेदका घटनालाई केलाउने हो भने अधिकांश मुद्दामा महिलाहरू पीडित बनेका हुन्छन्। बालबालिकाको जिम्मेवारी पनि प्राय महिलाहरूमै हुने भएकाले उनीहरूसँग आश्रित बालबालिका पनि पीडित बनिरहेका हुन्छन्। तर पीडित र पीडितका आश्रितहरूको लागि पुर्नस्थापनामा निकै समस्या छ। तत्कालिन रुपमा पीडितले न्याय पाएपनि दिर्घकालिन रुपमा उनीहरूलाई पुर्नस्थापनामा समस्या रहेको देखिएको छ। पीडितहरूको तत्कालिन समस्या समाधानको लागि इन्सेक लगायतका केही अधिकारकर्मी संस्थाहरूले सहयोग गर्दै आएका छन्।

सामान्यतया विवाहपछि पति र पत्नी बीच कुनै कारणले कुरा मिलेन भने सम्बन्ध विच्छेद हुन्छ। बालविवाह न्युनीकरण अभियान सञ्जाल सल्यानका संयोजक निमबहादुर नेपालीका अनुसार बालविवाह, विपन्नता, मोबाईल फोनको दुरुपयोग, वैदेशिक रोजगारी, अशिक्षा जस्ता कारणले सम्बन्ध विच्छेद बढ्दै गएको देखिन्छ। यस्तै सम्बन्ध विच्छेदका अन्य कारणहरूमा कुटपिट, खान लगाउन नदिनु, कम उमेरमा विवाह हुँदा उत्पन्न पारिवारिक असमझदारी, वैदेशिक रोजगारमा गएका पति वा पत्नीबीच बढ्दो बेमेल, महिलाहरू डिपेन्डेन्ट भिसामा उच्च शिक्षा हासिल गर्न विदेश जानु, बच्चा जन्माउने विषयमा कुरा नमिल्नु र सम्पत्ति प्राप्तिमा लोभ हुनुरहेका छन्।। यस्तो खालको दुर्घटनाबाट विकृति मौलाउन नदिन हामी सबैको उत्तिकै भुमिका हुनुपर्छ ।

उमेर देख्दा दया लागेर आउछ उहाँले भन्नुभयो-'बल्ल बिहे गर्ने उमेर भएकाहरू सम्बन्ध विच्छेद गर्न आएका हुन्छन, तर विवाह गरेको वर्षौं भइसकेको हुन्छ।' सम्बन्ध विच्छेद गर्नेहरूको दर यही आधारमा बढ्दै गयो भने हाम्रो समाजको लागि दुर्भाग्यपूर्ण हुने भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो। आर्थिक वर्ष ०७३/०७४ मा ९५ थान सम्बन्ध विच्छेदका मुद्दा दर्ता भएका थिए। तर ६ वर्षको अन्तरालमा यो सङ्ख्या ह्रवात्तै बढ्यो। आर्थिक बर्ष ०७८/०७९ मा मात्रै यो संख्या बढेर २ सय ३५ पुग्यो। आर्थिक वर्ष ०७८/०७९ मा मात्रै २ सय ३५ बढि मुद्दा जिल्ला अदालत, सल्यानमा सम्वन्ध विच्छेदका लागि दर्ता भएको श्रेस्तेदार ज्ञवालीको भनाइ छ।

अभिभावकको सम्बन्ध विच्छेदले बालबालिका मारमा

सम्बन्धविच्छेदपछि आमाबुबा त आफ्नो स्वतन्त्र जीवन बिताउँ छन्। तर त्यसको प्रत्यक्ष असर भने बालबालिकालाई पर्ने देखिएको छ। श्रेस्तेदार ज्ञवालीका अनुसार ... सानै उमेरमा भएको विवाहका कारण, पछि आफु बुझ्ने भएपछि समस्या देखिँदा सम्बन्धविच्छेद गर्न आउने गरेका छन्। वैदेशिक रोजगारीको कारणले पति-पत्नी बीच वेमेल हुँदा पनि सम्बन्ध विच्छेदसम्म मुद्दा पुगेको उहाँको भनाइ छ।

आमा-बाबुको सम्बन्ध विच्छेदले बालबालिकामा मनोवैज्ञानिक असर पारेको उहाँले बताउनुभयो। बच्चाहरू सानो छदा अभिभावकहरू कुनै कारणवश सम्बन्ध विच्छेद गर्छन, त्यसपछि बच्चाको जिम्मेवारी एक्लैले राम्रोसँग पुरा गर्न सकिदैन जसको प्रत्यक्ष असर बच्चालाई पर्छ। जसका कारणले सानै उमेरका बच्चाहरू अपराधिक क्रियाकलापमा संलग्न भएको भेटिन्छन भने कतिपय बालविवाहको सिकार हुने गरेको उहाँले बताउनुभयो।

सामान्यतया विवाहपछि पति र पत्नी बीच कुनै कारणले कुरा मिलेन भने सम्बन्ध विच्छेद हुन्छ। बालविवाह न्युनीकरण अभियान सञ्जाल सल्यानका संयोजक निमबहादुर नेपालीका अनुसार बालविवाह, विपन्नता, मोबाईल फोनको दुरुपयोग, वैदेशिक रोजगारी, अशिक्षा जस्ता कारणले सम्बन्ध विच्छेद बढ्दै गएको देखिन्छ। यस्तै सम्बन्ध विच्छेदका अन्य कारणहरूमा कुटपिट, खान लगाउन नदिनु, कम उमेरमा विवाह हुँदा उत्पन्न पारिवारिक असमझदारी, वैदेशिक रोजगारमा गएका पति वा पत्नीबीच बढ्दो बेमेल, महिलाहरू डिपेन्डेन्ट भिसामा उच्च शिक्षा हासिल गर्न विदेश जानु, बच्चा जन्माउने विषयमा कुरा नमिल्नु र सम्पत्ति प्राप्तिमा लोभ हुनुरहेका छन्।। यस्तो खालको दुर्घटनाबाट विकृति मौलाउन नदिन हामी सबैको उत्तिकै भुमिका हुनुपर्ने उहाँले बताउनुभयो। अभियन्ता नेपालीले यस विषयमा अभिभावक र सरोकारवाला सबैले बेलैमा सोच्नु पर्ने समय आएको बताउनुभयो।

पीडित र पीडितका आश्रितको पुनर्स्थापनामा समस्या, इन्सेकको सहयोग

सम्वन्ध विच्छेदका घटनालाई केलाउने हो भने अधिकांश मुद्दामा महिलाहरू पीडित बनेका हुन्छन्। बालबालिकाको जिम्मेवारी पनि प्राय महिलाहरूमै हुने भएकाले उनीहरूसँग आश्रित बालबालिका पनि पीडित बनिरहेका हुन्छन्। तर पीडित र पीडितका आश्रितहरूको लागि पुर्नस्थापनामा निकै समस्या छ। तत्कालिन रुपमा पीडितले न्याय पाएपनि दिर्घकालिन रुपमा उनीहरूलाई पुर्नस्थापनामा समस्या रहेको देखिएको छ। पीडितहरूको तत्कालिन समस्या समाधानको लागि इन्सेक लगायतका केही अधिकारकर्मी संस्थाहरूले सहयोग गर्दै आएका छन्।

न्यायको खोजीमा रहेका आर्थिक अवस्था कमजोर पीडितलाई इन्सेकले कानुनी सहायता तथा अन्य परामर्श समेत दिदै आएको छ। विगत ६ महिनाको अवधिमा इन्सेकले हिंसा पीडित महिला तथा पुरुष गरी ६ जनालाई सहयोग प्रदान गरेको अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकका कर्णाली प्रदेश संयोजक नारायण सुवेदीले बताउनुभयो। पछिल्लो अवधिमा इन्सेकले जिल्ला स्तरीय सिफारिस संयन्त्र गठन गरी पीडितलाई न्यायिक प्रकृयामा पुऱ्याउन एकद्धार प्रणालीबाट सेवा दिदै आएको छ। पछिल्लो ६ महिनामा इन्सेकको पहलमा सल्यानमा पाँच ओटा घटनाका पीडितले अदालतमा मुद्दा दर्ता गराइ कानुनी प्रकृयामा अगाडी बढेका छन्। तत्कालिन रूपमा इन्सेकले सहयोग गरेको भएपनि स्थानीय तहलगायत अन्य सरोकारवालाहरूले दीर्घकालीन रूपमा पीडितको पुर्नस्थापनाको लागि काम गर्नुपर्ने देखिन्छ।

फेरि पनि प्रकाशकै सम्झनामा

नेपालको मानवअधिकार आन्दोलनका अथक योद्धा प्रकाश काफ्लेको दुःखद् निधन भएको दश वर्ष बितेको छ। भारतको सर्वोच्च अदालतका भूतपूर्व प्रधानन्यायाधीश पी. एन. भगवतीको अध्यक्षतामा गठित साउथ एशियन टास्क फोर्स अन जुडिसियरी फर ह्युम्यान राइट्सको श्रीलंकामा भएको बैठकमा भाग लिएर ०४९ साउन १६ गते स्वदेश फर्किंदा उहाँ चढ्नुभएको थाई एयरलाइन्सको विमान नुवाकोटको घोप्टेभीरमा दुर्घटनाग्रस्त हुन पुगी उहाँको दुःखद् निधन भएको थियो।

'मानवअधिकार रक्षा र विकास जनताको सचेतन, जागरण र सङ्गठित आवाजबाट मात्र सम्भव छ ।'
– अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्ले

इन्सेकका संस्थापक महासचिव अथक मानवअधिकार योद्धा स्व. प्रकाश काफ्लेको स्मृतिलाई चिरस्थायी राख्ने उद्देश्यले इन्सेकले ०५१ सालमा काफ्लेको नाममा प्रकाश मानवअधिकार पुरस्कारको स्थापना गरेको हो । हरेक वर्ष मानवअधिकार र सामाजिक न्यायको क्षेत्रमा कार्यरत एकजना विशिष्ट व्यक्तिलाई प्रदान गरिने यो पुरस्कारमा नगद ५० हजार रूपियाँ, सम्मान-पत्र तथा इन्सेकको प्रतीक चिह्न रहेको छ ।

प्रकाश मानवअधिकार पुरस्कारबाट सम्मानित व्यक्तित्वहरू

- "प्रकाश मानवअधिकार पुरस्कार ०७७" बाट कैलाली जिल्लामा शोषण, विपन्नता र विभेदमुक्त समाजको निर्माण अभियामा समर्पित **फिरुलाल चौधरी**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०७६" बाट बाजुरा जिल्लामा स्वास्थ्य तथा शिक्षा क्षेत्रमा क्रियाशील भई विपन्न वर्गको सेवामा समर्पित **डा. रुपचन्द्र विश्वकर्मा**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०७५" बाट विगत तीन दशकदेखि मानव अधिकार, शिक्षा र सामाजिक न्यनयका विभिन्न क्षेत्रमा सकृय विराटनगर, मोरङका **गुरुप्रसाद बराल**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०७४" बाट मधेसका जिल्लामा व्याप्त दाइजो प्रथाका विरुद्ध संगठित आवाज उठाउने रौतहटका **मोहम्मद मकसुद राँकी**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०७३" बाट लामो समयदेखि चिकित्सा तथा समाज सेवा, मानव अधिकार र पछिल्लो समय ज्येष्ठ नागरिकका अधिकारका बारेमा क्रियाशील, काठमाडौंका **गौरीशंकर लाल दास**,
- "प्रकाश मानवअधिकार पुरस्कार २०७२" बाट धार्मिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्दै शिक्षा तथा सामाजिक सद्भावका लागि क्रियाशील बाँके, नेपालगञ्जका **मौलाना अब्दुल जब्बार साफी**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०७१" पत्रकारिताका माध्यमबाट सामाजिक न्याय र मानव अधिकार तथा पछाडि परेका मानिसहरुका सवालमा निरन्तर कलम चलाउने सप्तरी, राजविराजका **वैधनाथ झा**,
- "प्रकाश मानवअधिकार पुरस्कार २०७०" बाट किशोरावस्थादेखि नै आम मानिसका अधिकारका लागि भएका हरेक आन्दोलनमा सक्रिय प्याङ गाविस इलामका **मोहनसिंह थेवे**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०६९" बाट अन्यायमा परेका द्वन्द्वपीडिलाई न्याय दिलाउन सङ्घर्षरत् व्यक्तित्व **सावित्री श्रेष्ठ**,
- प्रकाश मानवअधिकार पुरस्कार ०६८" बाट विविध सामाजिक कर्मलाई सार्थकता प्रदान गर्ने, मानवअधिकार र शान्ति अभियानमा क्रियाशील नयाँ पुस्ताका लागि प्रेरणादायी व्यक्तित्व कास्कीका **नवदत्त ढुङ्गाना**,
- "प्रकाश मानव अधिकार पुरस्कार ०६७" बाट आफ्नो जन्मस्थल रोल्पामा मानव अधिकार आन्दोलनको नेतृत्व गर्नुको साथै द्वन्द्व व्यवस्थापनमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुहुने **घनश्याम आचार्य**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०६६" बाट आफ्नो जन्मस्थल टीम अस्पताल, डडेल्धुरालाई नै साधनास्थलका रूपमा रोजी सेवारत **डा. अरुण बुढा**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०६५" बाट निम्नवर्गीय परिवारका बालबालिकालाई शिक्षा प्रदान गर्ने अभियानमा अभूतपूर्व योगदान पुऱ्याउनु भएका काठमाडौंका **उत्तम सञ्जेल**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०६४" बाट कमैया मुक्ति आन्दोलनमा तीन दशकदेखि नेतृत्व गर्दै आएका बर्दिया जिल्लाका **दुखुवा थारू**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०६३" बाट समाजमा अपहेलित र बहिष्कृत भएर बस्नुपर्ने दलित महिलाको हक अधिकारको लागि लड्ने सधैँभरी दलितमाथिको भेदभाव, उत्पीडन, महिला हिंसा विरुद्ध सशक्त आवाज उठाउने सिराहकी **रामरतिदेवी राम**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०६२" बाट चार दशकदेखि निरन्तर राजनीतिक आन्दोलन र पत्रकारिताको माध्यमबाट आमनेपाली जनताको हक अधिकारको क्रियाशील **शिवबहादुर कार्की**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०६१" बाट अभिव्यक्ति स्वतन्त्रता सबै अधिकारहरूको कुँजी हो र यही कुँजीद्वारा सामाजिक न्यायको मूलद्वार उघार्न भगीरथ प्रयत्नमा तल्लीन प्रेस स्वतन्त्रता सेनानी बैतडी जिल्लाका **रामबहादुर चन्द**,
- प्रकाश मानवअधिकार पुरस्कार ०६०" बाट अविचलितरूपमा मानवअधिकार र सामाजिक न्यायलाई जीवनको साध्य ठानी विभिन्न संस्थामा सक्रिय रहदै आउनु भएका न्याय, समानता र आममानिसको समृद्धिको अभियानमा संलग्न कास्की निवासी सक्रिय मानवअधिकार कार्यकर्ता **टेकनाथ बराल**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५९" बाट तीन दशकदेखि कठिन र प्रतिकूल पत्रकारिता एवम् सामाजिक सङ्घसंस्थामार्फत् अभिव्यक्ति स्वतन्त्रता, सामाजिक न्याय र समानताका निम्ति उल्लेखनीय योगदान पुऱ्याउँदै आउनुभएका दाङका **नारायणप्रसाद शर्मा**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५८" बाट महिला विरुद्ध हुने विभेद र महिला मताधिकारको पक्षमा अनवरत लडिरहने, महोत्तरी जिल्लामा महिला अधिकार, राजनीतिक चेतना अभिवृद्धि, सामन्त उत्पीडन, सामाजिक रुढी र कुसंस्कार तथा महिला मताधिकारको लागि आफ्नो क्षेत्रमा महिला भएर पनि पुरुषको अवरोधका बाबजुद मतदान गर्ने पहिलो महिला **बसन्तीदेवी झा**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५७" बाट सामाजिक कुरीति, गलत परम्परा र बेथितिका विरुद्ध आवाज उठाउँदै आउनु भएकी मुगुकी **सोनाम छेजुङ लामा**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५६" बाट दलित सङ्घसंस्थामा रहेर कार्यरत छुवाछूत जातीय भेदभाव विरोधी आन्दोलनमा पूर्वाञ्चल क्षेत्रको लहानमा नेतृत्वदायी भूमिका निर्वाह गरेका सिराहका **विश्वेन्द्र पासवान**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५५" बाट विभिन्न मानवअधिकारवादी संस्थाको संस्थापक सदस्य तथा ०४७ को संविधान मस्यौदा निर्माता **रामानन्दप्रसाद सिंह**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५४" बाट नेपालकै पहिलो कल्याणकारी परोपकार संस्थाका संस्थापक र सञ्चालक तथा रेडक्रस सोसाइटीका संस्थापक सदस्य काठमाडौंका **दयावीरसिंह कंसाकार**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५३" बाट लामो समयदेखि कमैया प्रथाविरुद्ध सक्रिय रही कमैया किसान मुक्तिका लागि सङ्घर्ष गरेका दाङका **ऋषिराम थारु**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५२" बाट सामाजिक सेवाको क्षेत्रमध्ये विपन्न वर्गका जनताको स्वास्थ्य उपचारमा निःस्वार्थ सेवा र योगदान पुऱ्याउनु भएका वीरगञ्जका **गजेन्द्रबहादुर बस्नेत**,
- "प्रकाश मानवअधिकार पुरस्कार ०५१" बाट ग्रामीण क्षेत्रमा पत्रकारितामार्फत् मानवअधिकार चेतनाको निर्माणमा उल्लेख्य योगदान पुऱ्याउनु भएका पाल्पा जिल्लाका पत्रकार **विनयकुमार कसजू** ।

कुराकानी

आम नेपालीले जति अधिकार प्रयोग गर्छन् त्यति नै अधिकार मानव अधिकारकर्मीले प्रयोग गर्ने हो

***मनोज दुवाडी** राष्ट्रिय मानव अधिकार आयोगका सदस्य हुनुहुन्छ। २०४३ सालदेखि कानुनी क्षेत्रका माध्यमबाट मानव अधिकारको रक्षाका लागि क्रियाशील दुवाडीसँग प्राचीका लागि **रमेशप्रसाद तिमल्सिना**ले गर्नुभएको कुराकानीको सम्पादित अंश यस अङ्कमा प्रकाशन गरेका छौँ।*

मानव अधिकार रक्षक भनेर ककसलाई चिनिन्छ ?

यो अलिक कठिन प्रश्न गर्नुभयो। संयुक्त राष्ट्रसङ्घले भनेपनि विशिष्ट परिभाषा दिएको पाइँदैन। अहिले सामान्य कानुनले को मानव अधिकार रक्षक हो र को मानव अधिकार रक्षक होइन भनेर छुट्याउने विषयमा स्पष्टता छैन। उसले गर्ने कामका आधारमा मानव अधिकार रक्षक को हो र को होइन छुट्याउने हो। मानव अधिकारको संरक्षण, सम्बर्द्धन र प्रवर्धनका लागि काम गर्ने व्यक्ति मानव अधिकार रक्षक हुन्। यसरी काम गर्न व्यक्ति, सङ्घ सङ्ठनमा आवद्ध भएर जसरी पनि काम गर्न सक्छन्। त्यसरी काम गर्नेलाई हामी मानव अधिकारकर्मी भन्छौँ। मानव अधिकारकर्मीहरू मानव अधिकार रक्षक हुन्। समग्रमा भन्दा उसले गर्ने कर्मका आधारमा मानव अधिकार रक्षकको पहिचान गर्ने भएकाले छुट्याउन भने कठिन नै छ।

त्यसो भए, एउटै व्यक्ति उसको कामका आधारमा कुनैबेला मानव अधिकार रक्षक त कुनै बेला अन्य भूमिकामा हुने भयो ?

हो। उसको कामले उसको भूमिका निर्धारण गर्छ। उ मानव अधिकार रक्षक पनि हुन सक्छ। रक्षक नहुन पनि सक्छ। उदाहरणका लागि शान्तिपूर्ण धर्नामा नेपाल प्रहरीले बल प्रयोग गरेको अवस्थामा उ मानव अधिकार रक्षक हुँदैन। मानव अधिकार रक्षाका निम्ति प्रहरीले थुप्रै काम गरेका छन्। त्यस्तो बेलामा उ मानव अधिकार रक्षक हुन्छ। आपत्विपत्मा हामीले खोज्ने पनि त्यही प्रहरी हो। त्यस्तो बेलामा प्रहरीले मानव अधिकार रक्षाका निम्ति काम गरिरहेको हुन्छ। एउटै व्यक्ति कहिले मानव अधिकार रक्षक त कहिले मानव अधिकार उल्लङ्घनकर्ताका रूपमा रहन सक्छ। यो सबै हेर्ने उसको कर्मका आधारमा हो। यस सनदर्भमा हामीले मानव अधिकार रक्षक छुट्याउन नै विशिष्टिकृत कानुनको आवश्यकता छ। मानव अधिकार आयोगले यो कुराको महसुस गरेको छ। यसै सन्दर्भमा हामीले मस्यौदा पनि तयार गरेका छौँ। प्रदेश स्तरमा र केन्द्रीय स्तरमासमेत हामीले मानव अधिकार रक्षक भेला गरेर मस्यौदामा सुझाव सङ्कलन गरेका छौँ। हुन त कानुन बनाउने काम हाम्रो होइन। सङ्घीय कानुन सङ्घीय विधायिकाबाट बनाउने कुरा हो। तर, कानुन बनाउन अधिकार प्राप्त संस्थालाई सुझाव दिन त सकिन्छ नि !

मानव अधिकार रक्षकको पहिचान गर्न नै कठिन भइरहेको सन्दर्भमा नयाँ कानुनको छलफलले के निकास दिन सक्छ ?

जो मान्छेले तलब लिएर, राजश्वबाट उठेको रकम लिएर काम गरिरहेको छ उसले त कर्तव्य निर्वाह गरेको हो। एउटा प्रहरीले, डक्टरले र शिक्षक तथा पत्रकारले मानव अधिकार रक्षकको काम गरिरहेको छ भने उसले आफ्नो कर्तव्य पनि पूरा गरिरहेको छ। जे कामका लागि उसले रकम बुझेको छ सो काम गर्दा उसलाई थप कानुनले सम्बोधन गरिरहनु पर्दैन। उसले गर्नुपर्ने कामका बारेमा अन्य कानुनले पनि बोलेकै हुन्छ। कुनै पेशागत सङ्गठनबाट संरक्षित पनि हुन नसकेका छरिएर रहेर मानव अधिकार रक्षाका लागि निरन्तर लागिरहेका मानव अधिकारकर्मीहरूलाई एकीकृत गरेर सङ्गठित गरी उनीहरूको रक्षाका निमित्त कानुन बनाउनु पर्छ भन्ने हाम्रो मुख्य उद्देश्य रहेको छ।

यो तरिकाबाट हेर्दा त मानव अधिकार रक्षकहरूको सङ्ख्या त निकै कम हुन्छ जस्तो छ नि !

प्राथमिकतामा हामीले असङ्गठित रूपमा मानव अधिकारको क्षेत्रमा का मगर्नेहरूलाई राखे पनि संयुक्त राष्ट्रसङ्घले परिभाषित गरेकालाई अलग्याउन सकिँदैन। अरूलाई जस्तै मानव अधिकारकर्मीहरूलाई

मानव अधिकारकर्मीका छुट्टै र विशेषाधिकार हामीले कल्पना गरेका छैनौँ। आम नेपालीले जति अधिकार प्रयोग गर्छन् त्यत्ति नै अधिकार प्रयोग गर्ने हो। मानव अधिकारकर्मीले अन्य नागरिकले प्रयोग गर्दै आएका अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने मात्रै हाम्रो चासो हो। उसको सुरक्षा संरक्षण विशेष प्रकृतिको हुनु पर्छ। एउटा नागरिकको सूचना पाउने हक जति हो त्यति नै प्राप्त गर्न पाए भयो। अधिकारकर्मी भएपछि त्यसबाट वञ्चित हुनु नपरोस् भन्ने तर्फ हामीले ध्यान आकृष्ट गर्न खोजेको हो। राज्य वा अन्य सङ्गठित र असङ्गठित क्षेत्रबाट मानव अधिकार रक्षकमाथि बेलाबेलामा खतरा उत्पन्न भएका कारण यसतर्फ हामीले चासो राखेको हो। मानव अधिकारकर्मीले काम गर्दा जसलाई असर पर्छ उबाट खतरा छ।

सङ्गठित हुन पाउने अधिकार रहेको छ। यसरी सङ्गठित भएकाहरूको अधिकार संरक्षणका लागि राज्यले विशेष ध्यान दिनु पर्दछ।

मान्छे सबै बराबर पनि भन्ने अनि मानव अधिकार रक्षकका विशेषाधिकार पनि भन्ने विरोधाभास भएन र ?

मानव अधिकारकर्मीका छुट्टै र विशेषाधिकार हामीले कल्पना गरेका छैनौँ। आम नेपालीले जति अधिकार प्रयोग गर्छन् त्यत्ति नै अधिकार प्रयोग गर्ने हो। मानव अधिकारकर्मीले अन्य नागरिकले प्रयोग गर्दै आएका अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने मात्रै हाम्रो चासो हो। उसको सुरक्षा संरक्षण विशेष प्रकृतिको हुनु पर्छ। एउटा नागरिकको सूचना पाउने हक जति हो त्यति नै प्राप्त गर्न पाए भयो। अधिकारकर्मी भएपछि त्यसबाट वञ्चित हुनु नपरोस् भन्ने तर्फ हामीले ध्यान आकृष्ट गर्न खोजेको हो। राज्य वा अन्य सङ्गठित र असङ्गठित क्षेत्रबाट मानव अधिकार रक्षकमाथि बेलाबेलामा खतरा उत्पन्न भएका कारण यसतर्फ हामीले चासो राखेको हो। मानव अधिकारकर्मीले काम गर्दा जसलाई असर पर्छ उबाट खतरा छ।

समयसमयमा मानव अधिकारकर्मीले एकातर्फी कुरा सुनेर काम गर्ने गरेका उदाहरण पनि पाइन्छ। यस्तो बेलामा उनीहरूको कामको निगरानी र कारबाही कसले गर्ने हो ?

मानव अधिकारकर्मीहरूलाई नियन्त्रण गर्ने गरी हामीले कानुनको मस्यौदा तयार गरेका छैनौँ। मानव अधिकारकर्मीले जहिले पनि कानुनको शासन मान्नै पर्छ। कानुनको शासन नमान्नेलाई मानव अधिकारकर्मी भन्नै मिल्दैन। त्यसो भएको हुनाले कानुनी त्रुटिको सीमा बाहिर उ जान सक्दैन। जानु हुँदैन। केही गरी कानुनले तोकेको सीमा बाहिर गएमा विद्यमान कानुन अनुसार उ कारवाहीको भागिदार हुन्छ। हाम्रो भनाइ चाहिँ कानुनी दायराभित्र बसेर काम गर्दा उसले स्वतन्त्रतापूर्वक काम गर्न पाउनु पर्छ भन्ने हो।

अहिलेको सन्दर्भमा मानव अधिकार रक्षकका मुलभूत सवाल केके हुन् त ?

मानव अधिकारकर्मी भएका नाताले कतिपय अवस्थामा उनीहरूले आम नागरिकले उपभोग गर्दै आएका अधिकार उपभोग गर्न पाएका छैनन्। मानव अधिकारकर्मी भएर काम गरेबापत धम्कीहरू आउँछन्। कुटपिट हुन्छ। यस्ता उजुरीहरू हामीसँग पनि छन्। आम रूपमा भन्दा उनीहरूको पहिचान, संरक्षण र सम्बर्द्धन अहिलेका ज्वलन्त सवाल हुन्।

उजुरी छन् त भन्नु भयो। आयोगमा दिएका उजुरी फर्स्योट हुनै वर्षौं लाग्छ। उजुरीकर्ता निराश छन् वा उजुरी गर्नै आउँदैनन्। यसको निवारण कहिले होला ?

पहिलादेखिका उजुरी सर्दैसर्दै हामीसम्म आइपुगेको सत्य हो। हामी त्यस्ता उजुरी सल्टाउँदै पनि छौँ। प्रक्रियागत विशेषताका कारण पनि केही ढिलो हुनु स्वभाविक पनि हो। उजुरीलाई हामीले त्यत्तिकै फाल्ने गरेका त छैनौँ। उजुरी आएपछि छानबिन गर्ने, अनुसन्धान गर्ने, प्रमाण हेर्नेलगायतका कामले केही समय लाग्छ नै। समय लागेकै आधारमा उजुरी हेरेन भन्न मिल्दैन। आशा गरेको समयभित्र टुङ्ग्याउन नसकेको कुरा यथार्थ हो। यस्तो भएको हाम्रो चाहना नभएर भने होइन। मानव अधिकार रक्षकका विषयमा अझै बढी सम्वेदनशील भएर काम गरिरहेका छौँ।

मानव अधिकार रक्षकसम्बन्धी कानुन निर्माणको काम कति अघि बढेको छ त ?

हामीले हालसालै राष्ट्रियस्तरमा मानव अधिकार रक्षक सम्मेलन गऱ्यौँ। सम्मेलनमा प्रतिनिधि सभाको कानुन, न्याय तथा मानव अधिकार समितिका सभापति कृष्णभक्त पोखरेल स्वयम् उपस्थित भएर मस्यौदा कानुनलाई अन्तिम रूप दिएर संसदमा पेश गर्ने बताउनु भएको छ। उहाँले सरकारले यो विधेयकलाई अघि नबढाएमा 'प्राइभेट बिल'का रूपमा भएपनि संसदमा पेश गर्ने बताउनु भएको छ। यसबाट हामी उत्साही भएका छौँ। प्रक्रियाका लागि केही समय त लाग्ला तर यस्तो खाले कानुन बन्ने कुरामा हामी आशावादी छौँ।

मानव अधिकार रक्षकका अधिकारका लागि राष्ट्रिय मानव अधिकार आयोगले के गरिरहेको छ ?

आयोगले यसअघि नै एउटा निर्देशिका बनाएको छ। सो निर्देशिका अनुसार मानव अधिकार रक्षकका समस्या समाधान गर्नुपर्छ भनेर हामीले आवाज उठाउँदै आएका छौँ। गृह मन्त्रालयले पनि एउटा निर्देशन जारी गरेको छ। यो निर्देशनले मानव अधिकार रक्षकप्रति नेपाल सरकारको सकारात्मक दृष्टिकोण छ भन्ने बुझ्न सकिन्छ। रक्षकका समस्या समाधानका लागि हामी एक्लै वा अन्य सङ्घसंस्थासँगको सहकार्यमा लागिपरेका छौँ।

मानव अधिकारकर्मीका छुट्टै र विशेषाधिकार हामीले कल्पना गरेका छैनौँ। आम नेपालीले जति अधिकार प्रयोग गर्छन् त्यत्ति नै अधिकार प्रयोग गर्ने हो। मानव अधिकारकर्मीले अन्य नागरिकले प्रयोग गर्दै आएका अधिकारबाट वञ्चित हुन नपरोस् भन्ने मात्रै हाम्रो चासो हो। उसको सुरक्षा संरक्षण विशेष प्रकृतिको हुनु पर्छ। एउटा नागरिकको सूचना पाउने हक जति हो त्यति नै प्राप्त गर्न पाए भयो। अधिकारकर्मी भएपछि त्यसबाट वञ्चित हुनु नपरोस् भन्ने तर्फ हामीले ध्यान आकृष्ट गर्न खोजेको हो। राज्य वा अन्य सङ्गठित र असङ्गठित क्षेत्रबाट मानव अधिकार रक्षकमाथि बेलाबेलामा खतरा उत्पन्न भएका कारण यसतर्फ हामीले चासो राखेको हो। मानव अधिकारकर्मीले काम गर्दा जसलाई असर पर्छ उबाट खतरा छ।

इन्सेकका केही प्रकाशनहरू